# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७९

## मनहरी गाउँपालिका

## मकवानपुर




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरूमा सुधार तथा गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**अनामनगर, काठमाडौं, नेपाल**
Anamnagar, Kathmandu, Nepal
**प्रादेशिक लेखापरीक्षण निर्देशनालय, बागमती प्रदेश**
( हेटौंडा )

पत्र संख्याः २०७८।७९
च.नं. ६६२

मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
मनहरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
मकवानपुर ।

**कैफियत सहितको राय**

हामीले तहाँ पालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचाको पूर्ण प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.१६ करोड ३६ लाख ९६ हजार बेरुजू देखिएको छ। पालिकाबाट प्रारम्भीक प्रतिवेदन उप प्रतिक्रिया प्राप्त भएन । लेखापीक्षणबाट असुल गर्नुपर्ने रू.९ करोड ४० लाख ४५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड २९ लाख ३२ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ८१ लाख ५ हजार र म्याद नाघेको पेश्की रु.८६ लाख १५ हजार रहेको छ । पालिकाको गतवर्षसम्म रु.१९ करोड ४२ लाख ८१ हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट फर्छ्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.३० करोड ४२ लाख ९४ हजार रहेको छ । **गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

**(त्रिलोचन आचार्य)**
**नायब महालेखापरीक्षक**

# मनहरी गाउँपालिका, मकवानपुर

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६७ | १७० | १६३६९६ | ० | ० | ० | ६७ | १७० | १६३६९६ | ९४०४५ | ३८१०५ | २२९३२ | ० | ० | ६१०३६ | ८६१५ |

### अद्यावधिक बेरुजू स्थिति
### २०७७/७८

*(रु. हजारमा)*

| जिल्ला | स्थानीय तह | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| मकवानपुर | मनहरी गाउँपालिका | १९४२८१ | ० | ५३६८३ | १४०५९८ | ० | १६३६९६ | ३०४२९४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : मनहरी गाउँपालिका, मकवानपुर , मनहरी गाउँपालिका , मकवानपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
| --- | --- | --- | --- |
| कार्यालय प्रमुख | मोहन कुमार श्रेष्ठ | २०७८-८-१५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | राम प्रसाद शर्मा | २०७८-२-१० | |
| कार्यालय प्रमुख | देवराज चौलागाई | २०७७-४-१ | |
| लेखा प्रमुख | संगिता अधिकारी | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १६३,६९६,३४८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २२,४४,३४,०१३.६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३,९५,३१,२७० | **चालु खर्च** | २७,२३,५७,४०३.७ |
| **प्रदेश सरकारबाट अनुदान** | ६,९४,४९,००० | **पूँजीगत खर्च** | ३२,६६,४५,२१६ |
| **राजश्व बाँडफाँट** | १३,०३,२५,११८.१ | **वित्तीय/अन्य व्यवस्था** | १७,६६,३५,९६३ |
| **आन्तरिक आय** | १५,६२,२७,०१२ | | |
| **अन्य आय** | १२,६१,९०,०३४.८ | | |
| **कुल आय** | ८२,१७,२२,४३४.९ | **कुल खर्च** | ७७,५६,३८,५८२.७ |
| **बाँकी मौज्दात** | | २७,०५,१७,९९०.३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **लेखापरीक्षण**<br>उल्लिखित आर्थिक कारोबारकोलेखापरीक्षण ऐन २०७५ को दफा ४ तथा स्वीकृत वार्षिक लेखापरीक्षण योजना २०७८ अनुसार नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमको अधिनमा रहि कार्यालयबाट पेश गरिएको वार्षिक कार्यक्रम लगायतका कागजात तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन प्रतिनिधित्व पत्र समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरुको सम्बन्धमा कार्यालय प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल सम्पन्न गरि कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन् । | |
| २ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, र न्यायिक अभ्यासलाई सस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने समग्र उद्देश्य हासिल गर्न २०७३।१२।०३ मा यस पालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको वडा संख्या 9, पालिका सभा सदस्य 49, जनसंख्या 47144 जना र क्षेत्रफल १99.52 वर्ग किलोमिटर रहेकोछ । | |
| ३ | | | **वित्तीय विवरण**<br>**स्थानीय सचित** कोष अर्थिक वर्ष २०७७/ ०७8 को स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ । | |

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ७३८२४८३२३ | ८२१७२२५५९.३५ | | ८२१७२२५५९.३५ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ७२१४८०६९०. | ६९५५३२५२४.६ | ० | ६९५५३२५२४.६ |
| ११००० कर | ११ | १२६९३६४२० | १३०३२५११८.१४ | ० | १३०३२५११८.१४ |
| १३००० अनुदान | | ४२७४४४२७०. | ४२६१७८४६२.७९ | ०. | ४२६१७८४६२.७९ |
| संघीय सरकार | १२ | ३४४७४५२७० | ३३९५३१२७०. | ० | ३३९५३१२७०. |
| प्रदेश सरकार | १२ | ७०६९९००० | ६९४४९०००. | ० | ६९४४९०००. |
| अन्तरिक श्रोत | | ५०००००० | १०५०००००. | ० | १०५०००००. |
| जनसहभागिता | | ७०००००० | ६६९८१९२.७९ | ० | ६६९८१९२.७९ |
| १४००० अन्य राजस्व | | १६७१००००० | १३९०२८९४३.६७ | ० | १३९०२८९४३.६७ |
| ख. अन्य प्राप्ति | | १४६००८०३३. | १२६१९००३४.७५ | | १२६१९००३४.७५ |
| वितरण गर्न बाकी राजस्व | | ० | १०००.७५ | ० | १०००.७५ |
| कोषहरु | | १६७६७६३३ | १०५६५३५८. | ० | १०५६५३५८. |
| धरौटी | | ० | ९९०३११६. | ० | ९९०३११६. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | १२९२४०४०० | १०५७२०५६० | ० | १०५७२०५६०. |
| भुक्तानी (ग+घ) | | ९४०४६८३२३. | ७२६२३५६१०.६१ | | ७२६२३५६१०.६१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ९२३७००६९०. | ५९९००२६१९.७१ | | ५९९००२६१९.७१ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १६१६८६२६९ | १४८५७३८४८.७७ | ० | १४८५७३८४८.७७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १३८८१४४२१ | ८६३८५९५०.९४ | ० | ८६३८५९५०.९४ |

| | | | | | |
|---|---|---|---|---|---|
| २५००० सहायता (Subsidy) | १८ | १४३०४००० | ११८८३५४४ | ० | ११८८३५४४. |
| २६००० अनुदान | १८ | ९०६०००० | ५०८४२२५ | ० | ५०८४२२५. |
| २७००० सामाजिक सुरक्षा | १८ | ३०११९००० | १८३९५४९३ | ० | १८३९५४९३. |
| २८००० अन्य खर्च | १८ | ३१००००० | २०३४३४२ | ० | २०३४३४२. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ५६६६१७००० | ३२६६४५२१६ | ० | ३२६६४५२१६. |
| घ. अन्य भूक्तानी | | १६७६७६३३. | १२७२३२९९०.९ | | १२७२३२९९०.९ |
| कोषहरु | | १६७६७६३३ | ६६३३८२५ | ० | ६६३३८२५. |
| धरौटी | | ० | १५०८७६१९.३ | ० | १५०८७६१९.३ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | १०५७२०५६० | ० | १०५७२०५६०. |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -२०९०१३.४ | ० | -२०९०१३.४ |
| ङ. यो वर्षको बचत (न्युन) | | -२०२२२००००. | ९५४८६९४८.७४ | ० | ९५४८६९४८.७४ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २२४४३४०१३.६२ | ० | २२४४३४०१३.६२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -२०२२२००००. | ३१९९२०९६२.३६ | ० | ३१९९२०९६२.३६ |
| आव २०७८।०३।३१ मा खर्च लेखांकन गरी मिति २०७८।०४।०४ मा निकासा फिर्ता गरिएको | | | ४९४०२९७२.०६ | ० | ४९४०२९७२.०६ |
| खुद बैक बाँकी | | | २७०५१७९९०.३ | ० | २७०५१७९९०.३ |
| बैंक तथा नगद बाकी | २४ | | २७१२९४२४२. | ० | २७१२९४२४२. |

४

**वित्तीय विश्लेषण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

| | | | | |
|---|---|---|---|---|
| | | | · सुत्रले तयार गरेको म.ले.प.फा.२७२ को गतवर्षको जिम्मेवारी रु.२१८०६३१३८.५० देखिएकोमा पालिकाको यथार्थ अल्या हुनुपर्ने रकम रु.२२४४३४०१३.६२ रहेको देखिन्छ । पालिकाले सोही अनुसार वित्तीय विवरण संशोधन गरी हिसाब समायोजन गरेको छ ।<br>· पालिकाको म.ले.प.फा.२७२ मा अन्य प्राप्तीतर्फ संघ तथा प्रदेश सरकारका अन्य कार्यक्रममा शुन्य देखिएकोमा पालिकाले पेश गरेको प्रमाण वित्तीय विवरण अनुसार रु.१०५७२०५६०।०० रहेको छ । सोही अनुसार विवरण संशोधन गरि पेश गरिएको छ ।<br>· पालिकाको म.ले.प.फा.२७२ को अनुसार वर्षान्तको बाँकी रु.३१९९२०९६२.३६ रहेकोमा मिति २०७८।०३।३१ मा भौचर तयार गरी मिति २०७८।०४।०४ मा रु.४९४०२९७२.०६ निकासा फिर्ता गरेको देखिन्छ । उक्त रकम समायोजन गर्दा पालिकाको खुद बैक बाँकी रु.२७०५१७९९०.३० हुन आउने देखिन्छ । सोही अनुसार हिसाब समायोजन गरि पेश गरिएको छ ।<br>· पालिकाको पेश गरेको एकीकृत आर्थिक विवरण तथा म.ले.प.फा.२७२ अनुसार बैक बाँकी रु.२७०५१७९९०.३० रहेकोमा पालिकाले पेश गरेको बैक स्टेटमेन्ट अनुसार रु.२७१२९४२४२ रहेको छ । जसअनुसार श्रेस्ता भन्दा बैकमा रु.७७६२५१.७० बढी आम्दानी रहेको देखिन्छ । सोही अनुसार पालिकाले बैक समायोजन तयार गरी हिसाब यकिन हुनुपर्दछ ।<br>· लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचाको पुर्ण प्रयोग गरी प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ५ | | | **लेखापरीक्षणको क्रममा असूली**<br>दाखिला बाँकी कट्टि भएको कर रकम रु.२०९०१३.४०, वडा नम्बर १ बाट दाखिला गर्न बाँकी राजश्व रु १८९३०।००, डा. सरोज खतिवडाले बढि भुक्तानी लिएको सरुवा भ्रमण खर्च रु ४८००।०० र श्री राम प्रसाद शर्माको जिल्ला भित्रको सरुवा भ्रमण खर्च रु ३४८००।०० असूल भएको छ । | |
| ६ | | | **आय ठेक्का** | |
| ६.१ | | | मनहरी गाँउपालिका र शिवशक्ती ईन्फ्रा डेभलपर्स प्रा ली बिच २०७७।११।७ मा भएको सम्झौता बमोजिम २०७७।११।०७ देखि २०७८ आषाढ मसान्त सम्मको ढुंगा गिट्टि बालुवाको कुल आय ठेक्का रु १३ करोड ०१ लाख ७६ हजार मध्ये ६० प्रतिशतले हुने दोस्रो किस्ताको रकम रु ७८१०५६००।०० हाल सम्म पनि पालिकाले प्राप्त गरेको देखिएन । ठेकेदारले सम्झौता बमोजिमको रकम बिभिन्न कारण देखाई तिर्न नसक्ने व्यहोरा सहित सम्झौताको म्याद थप गरीपाउ भन्ने व्यहोराको फिरादपत्र जिल्ला अदालत मकवानपूरमा पेश गरेकोमा जिल्ला अदालत मकवानपूरको २०७८।९।७ को निर्णयले बादिको माग दाबी पूग्न नसक्ने ठहर गरेको देखिन्छ । तत् पश्चात ठेकेदार कम्पनीको तर्फबाट श्री लक्ष्मी प्रसाद पाठकले | ७८,१०५,६०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मकवानपूर जिल्ला अदालतमानै क्षतिपुर्ती लगायतको अर्को फिरादपत्र तयार गरि मुद्धा दर्ता गरेको देखिन्छ । दोस्रो मुद्धामा समेत बादिको माग दाबि पूग्न नसक्ने जिल्ला अदालतले ठहर गरेको अवस्थामा ठेकेदार पुनः उच्च अदालत गएको पालिकाबाट जानकारी प्राप्त भएको छ । यसरी ठेकेदार कम्पनी अदालतबाट पटक पटक मुद्धा हार्दा समेत सम्झौता बमोजिमको रकम नतिर्ने मनासय राखि एक पछि हर्को मुद्धालाई निरन्तरता दिएको को देखिन्छ । जिल्ला अदालतको २ पटकको फैसलाबाट बादिले सम्झौता बमोजिमको रकम तिर्न फैसला गरे पछी पालिकाले बैकलाई ठेकेदार कम्पनीले राखेको जमानत रकम पालिकाको संचित कोष खातामा जम्मा गर्न अनुरोध गरेकोमा बैंकले जम्मा गरेको छैन ।<br>पालिका र ठेकेदार बिच भएको २०७७।११।७ को सम्झौतामा कम्पनीको तर्फबाट श्री लक्ष्मी प्रसाद पाठकले सम्झौताको शर्तहरुमा निजको मनोमानी राजिखुसीले सहमत भई दस्तखत गरेको र सम्झौता तथा कबुलियत उपर कुनै उजुर गर्ने छैन गरेमा यसै सम्झौता बमोजिम बदर गरिदिनु भनि करार गरेको हुदाँ सम्मानित अदालतबाट बादिले सम्झौता बमोजिमको रकम तिर्न नपर्ने ठहर गरेमा सोहि बमोजिम पालिकाको संचित कोषबाट फिर्ता गर्ने गरी हाललाई सम्झौताको शर्त नम्बर १ बमोजिम प्रोपराईटर श्री लक्ष्मि प्रसाद पाठकको घर घरना वा कम्पनीको नाममा रहेको चल अचल सम्पत्तीबाट सोहि सम्झौताको शर्त नम्बर २६ बमोजिम १२ प्रतिशतका दरले व्याज समेत गणना गरी सरकारी बाँकी सरह असूल उपर गर्नु पर्ने देखिन्छ । | |
| ६.२ | | | प्रदेश आर्थिक ऐन, २०७७ को दफा ९ अनुसुची ५ बमोजिम ढुंगा, गिट्टि ,बालुवा, दहत्तर बहत्तर शुल्क प्रति घनफिट मूल्य अभिबृद्धिकर बाहेक न्यूनतम रु ९ को दरले असूल गर्नु पर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले आयठेक्काको लागत अनुमान तयार गरी तत्पश्चात १५ प्रतिशत ओभरहेड घटाई न्यूनतम कबोल अंक कायम गरेको छ । सो बमोजिम पालिकाले आयठेक्का लगाएको १३२२३६५० घन फिट ( ३७४८२० घनमिटर ) नदिजन्य पदार्थको प्रति घनफिट मूल्य अभिबृद्धि कर समेत १०.१७ को दरले रु १३ करोड ४४ लाख ८४ हजार ५२० न्यूनतम कबोल अंक कायम गरी बोलपत्र सूचना प्रकाशन गर्नु पर्नेमा १५ प्रतिशत ओभरहेड रु २ करोड ०१ लाख ७२ हजार ६७८ घटाई न्यूनतम कबोल अंक कायम गरेको देखिन्छ । तसर्थ कानुन बिपरीत होभरहेड प्रदान गरी पालिकालाई हानि नोक्सानी पारेको रकमको सम्बन्धमा लागत अनुमान तयार गर्नेलाई जिम्मेवार बनाउनु पर्दछ। रु | २०,१७२,६७८ |
| ६.३ | | | मनहरी गाउँकार्यपालिका राजश्व परामर्श समितिको २०७७ पौष १ गतेको निर्णय आय संकलन गर्ने ठेकेदारले कार्यालयबाट प्रमाणित गरी उपलब्ध गराएको राजश्व रसिद भन्दा अन्यथा प्रकारको नक्कली रसिद प्रयोग भएको नक्कली रसिदको अर्धकट्टीहरु समेत फिर्ता आएको एकै दिन धेरै फरक सिरियलका रसिद समेत प्रयोग भएकोले राजश्व छली तथा | |

| | | | | |
|---|---|---|---|---|
| | | | हानी नोक्सानी भएको भन्ने उजुरी तथा गुनासोको सम्बन्धमा थप विशेषज्ञताको आवश्यकता औल्याउदै राजश्व परामर्श समितिले तथ्यहरु सहित अभिलम्ब पेश गर्ने भनी निर्णय गरेको छ।<br>राजश्व परामर्श समितिको निर्णयका आधारमा केहि तथ्यहरुको परिक्षण गर्दा आर्थिक बर्ष २०७५।७६ सम्म नदिजन्य पदार्थबाट प्राप्त आम्दानी मध्ये राप्ती खोलाबाट औषत ८० प्रतिशत र मनहरी तथा लोथर खोलाबाट औषत २० प्रतिशत संकलन भएको देखिन्छ । तर यस आर्थिक बर्षमा मनहरी र लोथरखोलाको आम्दनी शून्य देखाईएको छ । जस अनुसार कार्यालयले २०७७।११।६ सम्म अमानतबाट उठाएको २४६ दिनको रु १४ करोड ८० लाख ७६ हजारलाई आधार मान्दा मनहरी र लोथर खोलाबाट ३६५ दिनमा रु ५ करोड ४९ लाख २६ हजार आम्दानी हुनु पर्ने देखिन्छ । तसर्थ उक्त रकम नक्कली रसिद प्रयोग गरी छलि भएको हुन सक्ने देखिदा कार्यपालिकाले छानबिन गर्नु पर्दछ । | |
| ६.४ | | २०७९-१-११ | कार्यालयले २०७७।४।१ देखि २०७७।११।६ सम्म अमानतबाट १४७३०८११ घन फिट ढुंगा गिट्टि बालुवा निकासी गरेको छ । अमानतबाट राजश्व संकलन गर्दा १० चक्के टिपरको प्रति टिपर ४०० घनफिट मात्र परिमाण गणना गरि प्रतिघन फिट मूल्य अभिबृद्धि कर समेत रु १०.१७ का दरले राजश्व संकलन गरेको छ । तर नेपालमा संचालनमा रहेका १० चक्के गाडिमा ५६४ घन फिट (१६ घन मिटर ) सम्म निर्माण सामग्री ढुवानी हुने देखिन्छ । यसै पालिकाले ठेकेदार कम्पनी मार्फत राजश्व संकलन गर्दा १० चक्के टिपरमा ४२४ घन फिटको दरले राजश्व संकलन गरेको देखिन्छ । अन्य सवारी साधनमा समेत औषत क्षमता र ठेकेदार कम्पनीले देखाएको परिमाण भन्दा घटि परीमाण देखाई राजश्व संकलन गरेको देखिन्छ । तसर्थ अमानतबाट उठाएको राजश्वलाई १० चक्के गाडिको आधारमा हिसाब गर्दा औषत क्षमता भन्दा प्रति टिपर १६४ घनफिट र पालिकाकै निर्माण व्यवसायीले देखाएको परिमाण भन्दा प्रति टिपर २४ घनफिट कम देखाई राजश्व संकलन गरेको छ । तसर्थ औषत क्षमतालाई आधार मान्दा रु ६ करोड १४ लाख २३ हजार र ठेकेदार कम्पनीले देखाएको परिमाणलाई आधार मान्दा रु ८९ लाख ८८ हजार घटि राजश्व संकलन भएको छ । तसर्थ नेपालमा प्रयोग हुने टिपर लगायतका माल बाहक सवारी साधनको क्षमताको सम्बन्धमा छानबिन गरी अमानतबाट परिमाण घटि देखाई हानि नोक्सानी पारेको रकमको सम्बन्धमा परिमाण निर्धारण गर्ने र राजश्व संकलनमा संलग्न पदाधिकारीहरुलाई जिम्मेवार बनाउनु पर्दछ । रु | ८,९८८,००० |
| ७ | | | **वडाको राजश्व** | |
| ७.१ | | | आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (२) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय | ७७,२७९ |

प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकि रकम र सो रकमको दश प्रतिशतले जरीवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरीवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। सो बमोजिम २०७६।७७ मा आम्दानी भएको निम्नानुसारको वडाहरुको नमुना छनौट गरि परिक्षण गर्दा रु ७७२७९।०० राजश्व रकम हाल सम्म पनि दाखिला भएको नदेखिएकोले सम्बन्धित वडा सचिवलाई ऐन बमोजिम जिम्मेवार बनाई १० प्रतिशत जरिवाना समेत असूल गर्नु पर्दछ । वडा कार्यालयको आम्दानी सहि र यथार्थ ढंगले पालिकाको सञ्चित कोष खातामा समयमा दाखिला भए नभएको आन्तरीक लेखापरीक्षकले परिक्षण गरी प्रतिबेदन गर्नु पर्दछ ।

| वडा नम्बर | दाखिला भएको | दाखिला गर्नु पर्ने | घटि दाखिला |
|---|---|---|---|
| ३ | १०९९८८५ | ११७५२६५ | ७५३८० |
| ७ | १७२७५१२ | १७२९४११ | १८९९ |
| | **जम्मा** | | **७७२७९** |

| ७.२ | | | राजश्व दाखिला - आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ -२_ मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ढ यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकि रकम र सो रकमको दश प्रतिशतले जरीवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरीवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ।<br>गाउपालिकाले ९ वटा वडा कार्यालय र गाउपालिका आफुले मालपोत र अन्य नगदी रसिद मार्फत गर्ने आन्तरिक आम्दानीको प्राप्ती र अभिलेखीकरण गर्ने कार्य स्वीकृत म.ले.प.फारम नम्बरहरु १०१, १०२, १०५, १०६, १०७, १०८, १०९ लगायतका अभिलेखहरु मार्फत राखेको नदेखिदा पूर्ण रहेको भन्न सकिने अवस्था देखिएन । कार्यालयले गर्ने सबै प्रकारको आम्दानीमा स्वीकृत म ले प फारम नम्बरहरु लगायतका स्वीकृत लेखा ढाँचामा अभिलेख अद्यावधिक गर्ने नगरेबाट कति रसिद छपाई गरियो, कुन रसिदबाट के कति आम्दानी भयो र उक्त आम्दानी मध्ये के कति आम्दानी बाधी कहिले दाखिला भयो आदि सम्बन्धमा यकिन हुन सकेन । जसले गर्दा आन्तरिक नियन्त्रणको व्यवस्था कमजोर रहन जानुको साथै आम्दानीको हिनामिना र मस्यौट भएको छैन भन्न सकिने अवस्था देखिएन । | ९०३,९२८ | |
|---|---|---|---|---|---|

लेखापरीक्षणको क्रममा वडा कार्यालयहरुले निम्नानुसार मालपोत तथा नगदि रसिदबाट आम्दानी गरेको देखाएको छ । स्विकृत म ले प फारम अनुसार अभिलेख नराखेकोले वडा गत आम्दानी यथार्थ हो होईन यकिन गर्न सकिएन । वडा कार्यालयहरुले आम्दानी देखाएको रकम समेत समयमा दाखिला नगरि महिना दिन सम्म ढिला दाखिला गरेको देखियो । तसर्थ राजश्व अभिलेखको स्विकृत म ले प फारम हरु सहित ढिला दाखिला गरे वापत छानबिन गरी १० प्रतिशतको दरले हुने निम्नानुसारको जरिवाना रकम सम्बन्धित वडा सचिवलाई जिम्मेवार वनाई असूल गर्नु पर्दछ । रु

आन्तरीक लेखा परीक्षकले वडागत आम्दानी समयमा दाखिला भए नभएको परिक्षण नगरेकोले राजश्व आम्दानीको तोकिएको ढाँचामा अभिलेख राखे नराखेको र समयमा दाखिला भए नभएको यकिन गरि प्रतिबेदन गर्नु पर्दछ ।

| वडा नम्बर | नगदि तथा मालपोत आम्दानी | १० प्रतिशतले हुने ढिला दाखिला वापतको जरीवाना |
|---|---|---|
| १ | ५२२३०७ | ५२२३० |
| २ | ३३७४६६ | ३३७४६ |
| ३ | १०९९८८५ | १०९९८८ |
| ४ | ३८२५२९ | ३८२५२ |
| ५ | ८२५२४१ | ८२५२४ |
| ६ | ९५३८०९ | ९५३८० |
| ७ | १७२७५१२ | १७२७५१ |
| ८ | १३८१८२९ | १३८१८२ |
| ९ | १८०८७५५ | १८०८७५ |
| जम्मा | | ९०३९२८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | | २०७९-१-१२ | **क्रसर उद्योगहरुको मौज्दात**<br>नदिजन्य तथा खानीजन्य पदार्थको मौज्दात प्रमाणित गर्ने प्रयोजनार्थ गठित उपसमितिको २०७७।५।२१ को सिफारीश बमोजिम जिल्ला अनुगमन समितिले मनहरी गाँउपालिका भित्र रहेका निम्नानुसारका क्रसर उद्योगहरुको आर्थिक बर्ष २०७७।७८ को लागी देहाय बमोजिम शुरु मौज्दात प्रमाणीकरण गरेको देखिन्छ । अनुगमन समितिको प्रतिबेदन अनुसार १३ क्रसर उद्योगहरुले १७२३२५.०८ घनमिटर अर्थात ६०७९६२८ घनफिट नदिजन्य पदार्थ आफ्नो अभिलेखमा घटि मौज्दात कायम गरेको देखिन्छ । मौज्दात घटि देखाएको परिमाणको बिक्रिबाट प्रति घनफिट मूल्य अभिबृद्धिकर समेत १०.१७ को दरले रु ६ करोड १८ लाख ३० हजार आम्दानी हुने देखिन्छ । उद्योगहरुको अनुगमन प्रतिबेदन प्रमाणितको लागि जिल्ला समन्वय समितिमा पेश गरिएकोमा समितिले खरिद स्रोत खुलेको २७२१३७ घनमिटर र खरिद स्रोत नखुलेको १७३८३१.१० घनमिटर समेत कुल ४४५९६८.१० घनमिटर मौज्दात प्रमाणीत गर्दा बिभिन्न स्थानमा सप्लायर्सहरुले थुपारेको परिमाणको मौज्दात प्रमाणित गर्न छुटाएको हो भनि पलिकाले लिखित प्रतिकृया दिएको छ । प्रतिक्रियामा सप्लायर्सहरुले मौज्दात प्रमाणित गर्न छुटाएको परिमाण खुलाएको छैन । तसर्थ प्रमाणित गर्न छुटाएको परिमाण छानबिन गरि छुट राजश्व असूल गर्नु पर्दछ । | | |

| सि नं | क्रसर उद्योगको नाम | अभिलेख अनुसारको मौज्दात घनमिटरमा | अनुगमनबाट देखिएको मौज्दात घनमिटरमा | अभिलेखमा घटि देखाएको मौज्दात घनमिटरमा |
|---|---|---|---|---|
| १ | सन्तोषि बालुवा उद्योग | ५५३३ | ९५९४.३९ | ४०६१.३९ |
| २ | जय मनहरी बालुवा उद्योग | २३१०५ | २४४६०.७ | १३५५.७ |
| ३ | कामना क्रसर उद्योग | - ७५८४ | ११३११.२३ | १८८९५.२३ |
| ४ | चतुर्मुखी क्रसर उद्योग | ५५२२१ | ८३१८१.८४ | २७९६०.८४ |
| ५ | जनसेवा क्रसर उद्योग | ११८११ | ३३६८१.३८ | २१८७०.३८ |
| ६ | ओमशान्ती क्रसर उद्योग | ८७७५ | १२३८१. ३८ | ३६०६.९१ |
| ७ | स्वस्तिक क्रसर उद्योग | ५१७१९ | ९१८०३.७३ | ४००८४.७३ |
| ८ | त्रिमूर्ती क्रसर उद्योग | ५२७०२ | ७०१३७.७५ | १७४३५.७५ |
| ९ | मनकामना क्रसर उद्योग | १६६०५ | २१९३४.९८ | ५३२९.९८ |
| १० | आफ्नै वालुवा उद्योग | १५५२५ | ३००४८.०७ | १४५२३.०७ |
| ११ | सिम्पानी वालुवा उद्योग | २३३० | ८३०७.९७ | ५९७७.९७ |
| १२ | दांगसिंग सेन्डको | १५४४६ | १८००५.३७ | २५५९.३७ |
| १३ | दुर्गा लक्ष्मी एग्रीगेट | २३८० | ११०४३.७७ | ८६६३.७७ |
| | **जम्मा** | | | **१७२३२५.०८** |

| | | | | |
|---|---|---|---|---|
| ९ | | | **घटि आय** | २,४६१,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | गाँउपालिकाको प्राबिधिक टोली सहितले नाँप जाँच गर्दा आर्थिक बर्ष २०७७।७८ को लागि २७६०२०३६ घनफिट नदिजन्य पदार्थ मौज्दात रहेको देखाएको छ । उक्त मौज्दातको निकासीबाट प्रति बर्गफिट मूल्य अभिबृद्धिकर समेत रु १०.१७ को दरले रु २८ करोड ०७ लाख १२ हजार आम्दानी हुनु पर्ने देखिन्छ । तर पालिकाले अमानतबाट प्राप्त गरेको रु १४ करोड ८० लाख ७५ हजार र आय ठेक्काको सम्झौता रकम रु १३ करोड ०१ लाख ७६ हजार समेत रु २७ करोड ८२ लाख ५१ हजार मात्रको आय हुने देखिएको छ । तसर्थ आम्दानी घटि देखिएको रु २४ लाख ६१ हजार छानबिन गरी यकिन गर्नु पर्दछ । रु | |
| १० | | | **आईई प्रतिबेदन**<br>तत्कालिन पर्सा वन्यजन्तु आरक्ष कार्यालयले २०६३ मा गरेको प्रारम्भिक वातावरणिय परिक्षण प्रतिबेदनले ५ बर्षका लागि नदिजन्य पदार्थको परिमाण आंकलन गरि संकलन तथा निकासी कार्य गरेको थियो । जस अनुसार मकवानपूर जिल्लामा रहेका खोलाहरु तथा नदिहरुबाट ३२ लाख ७५ हजार घनमिटर अर्थात ११ करोड ५५ लाख ४२ हजार घन फिट नदिजन्य पदार्थ संकलन तथा निकासी गर्न सकिने उल्लेख छ । सो बमोजिम मकवानपूर जिल्लाबाट मात्र प्रति बर्ग फिट रु १०.१७ को दरले रु १ अर्ब १७ करोड ५० लाख ६२ हजार नदि जन्य पदार्थको निकासीबाट आम्दानी हुनु पर्ने देखिन्छ । यस जिल्लामा मुख्यतया हेटौडा उपमहानगर पालिका, मनहरी गाउपालिका, बकैया गाँउपालिका, राक्सिराङ गाँउपालिका, मकवानपुर गढि गाँउपालिका र भिमफेदि गाँउपालिकाले नदिजन्य पदार्थको निकासी गर्ने देखिएकोले ति स्थानिय तहहरुबाट संकलन गरिएको कुल राजश्व आईई प्रतिबेदन अनुसार भए नभएको छानबिन गर्नु पर्दछ । | |
| ११ | | | **ढिला दाखिला**<br>आर्थिक बर्ष २०७६।७७ को ढुंगा गिट्टि बालुवा बापत अमानतबाट संकलन भएको वातावरण शुल्क रु ४२०६००।०० २०७७ कार्तिक २६ मा मात्र दाखिला भएको छ । आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७५ को दफा २८ बमोजिम ढिला दाखिला भएको रकमको १० प्रतिशतले हुने जरीवाना रु ४२०६०।०० सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई असूल गर्नु पर्दछ । | ४२,०६० |
| १२ | | | **पाईप लेईङ**<br>योजनाको लागि खरिद भएका निर्माण सामग्रीहरु सम्बन्धित योजनामा प्रयोग भए नभएको ईन्जिनियरबाट नाँपजाँच गरी नापी किताब तयार गर्नु पर्दछ । पालिकाले निम्न खानेपानी योजनाहरुको लागि खरिद भएका पाईपहरु जिन्सीबाट घटाई योजनामा लगिएको भनि उल्लेख गरेको छ । निम्न योजनाहरु खानेपानी तथा सरसफाई डिभिजन कार्यालयमा दर्ता भएका तथा साल वसाली रुपमा उक्त कार्यालयबाट योजना सम्झौता गरी भुक्तानी लिने र पाईपहरु समेत बुझेको देखिन्छ । यस सम्बन्धमा पालिकाले खानेपानी तथा सरसफाई डिभिजनसँग समन्वय गरी दोहोरो परे नपरेको यकिन गर्ने तथा पालिकाबाट वितरण भएको देहाय अनुसार पाईपहरु योजनामा लेईङ गरेको नापी किताब पेश गर्नु पर्दछ । | ५,५४०,८०७ |

| एच डि पि पाईपको साईज | योजनाको नाम | परिमाण मिटरमा | रकम |
|---|---|---|---|
| ६३ एम एम पि एन १० | बृहत खानेपानी योजना मनहरी ९ | ३००० | ४९१५५० |
| | बृहत खानेपानी योजना मनहरी ८ | २८८० | ४७९७९८ |
| ५० एम एम पि एन १० | बृहत खानेपानी योजना मनहरी ९ | ६१०० | ६३४१५६ |
| | बृहत खानेपानी योजना मनहरी ८ | ४०९५ | ४२५७१६ |
| ७५ एम एम पि एन १० | बृहत खानेपानी योजना मनहरी ९ | १४२६ | ३३१९४४ |
| | बृहत खानेपानी योजना मनहरी ८ | १९८५ | ४६२०६८ |
| | जैसिङ कृषि समुह | २०० | ७२३२० |
| ९० एम एम पि एन १० | बृहत खानेपानी योजना मनहरी ८ | ३२२० | १०७३३८७ |
| ११० एम एम पि एन १० | बृहत खानेपानी योजना मनहरी ८ | २४० | ११८२४३ |
| १२५ एम एम पि एन ६ | बृहत खानेपानी योजना मनहरी ८ | १००० | ४०७९३० |
| १४० एम एम पि एन ६ | बृहत खानेपानी योजना मनहरी ८ | ३०० | १५३९०६ |
| ११० एम एम पि एन १६ | डोढे सुकौरा तथा देबकोटा खानेपानी योजना | ५६५ | ५७७१५९ |
| ११० एम एम पि एन १२.५ | डोढे सुकौरा तथा देबकोटा खानेपानी योजना | २०० | ११८४२४ |
| ११० एम एम पि एन | डोढे सुकौरा तथा देबकोटा खानेपानी योजना | २०० | ९४२४२ |
| ७५ एम एम पि एन १० | डोढे सुकौरा तथा देबकोटा खानेपानी योजना | ३०४ | ९९९६४ |
| | | | |



https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा \| \| \| ५५४०८०७ | |
| १३ | | | **सुधारीएको चुलो**<br>सुधारिएको चुलो १७ थान रु १९११४०।०० मा खरिद गरि मौज्दात राखेको देखियो । छनौटको स्पस्ट आधार र कार्यबिधी निर्माण गरेर मात्र यस किसिमको सामग्री खरिद गर्नु पर्दछ । | |
| १४ | | | **जस्तापाता बितरण**<br>पालिकाले आर्थिक बर्ष २०७६।७७ को अन्तिम दिन २०७७।३।३१ मा खरिद गरी जिन्सी खातामा आम्दानी देखएको रु ३७९४२७४।०० मूल्यको ४९८ बण्डल जस्तापाता यस आर्थिक बर्षको पहिलो दिन अर्थात खरिद गरेको भोलिपल्ट ३०.५० बण्डल मात्र जिम्मेवारी सारेको देखिन्छ । जिम्मेवारी नसारेको ४६७.५० बण्डल खरिद गरेकै दिन बितरण भएको पालिकाले जनाएको छ । खरिद गरेको एकै दिनमा बितरण गर्न सक्ने आधार पालिकाले पेश गरेको छैन । साथै गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उक्त जस्ता जडान भएको नापी किताब पेश हुनुपर्ने भनी औंल्याएको उक्त कार्य भएको देखिएन । जसअनुसार बितरण गरेको ४६७.५० बण्डल जस्तापाता सेवाग्राहिले प्राप्त गरी प्रयोग गरेको हो भन्न सकिएन । तसर्थ आर्थिक वर्षको अन्तमा खरिद गरेको जस्ता सोही दिन विरतण गरेको भनी आर्थिक वर्षको सूरुमा घटी जिम्मेवारी सारेको सम्बन्धमा पालिकाले छानविन गर्नुपर्दछ । | |
| १५ | ४१३ | २०७८-३-१३ | **मूल्य समायोजन**<br>सम्झौताको शर्त बमोजिम नेपाल राष्ट्र बैंकको मूल्य बृद्धि सूचक अनुसार मूल्य समायोजन भुक्तानी गर्नु पर्दछ । पालिकाले निम्नानुसारको ठेक्कामा मूल्य समायोजन वापत बढि भुक्तानी दिएको देखियो । बढि भुक्तानी देखएको असूल गर्नु पर्दछ । रु | ३७८,७०८ |

| योजनाको नाम | बढि भुक्तानी रकम | बढि भुक्तानी हुनको कारण |
|---|---|---|
| ठाडो खोला पुल | २८५५५ | २०२० को मार्च अप्रिलको मूल्य सूचक १०९.२८ राख्नु पर्नेमा १११.४२ राखी गणना गरेको कारण बढि भुक्तानी भएको |
| मसिनेखोला पुल | १०८०८२ | सम्झौतामा उल्लेखित सूत्रानुसार मूल्य समायोजन फ्याक्टर ०.५३ हुनु पर्नेमा ०.६२ कायम गरेको कारण बढि फ्याक्टर कायम भएको ०.०११ ले बिल रकम रु ९८२५६४७।०० को मूल्य समायोजन रु १०८०८२।०० बढि भुक्ताी भएको । |
| च्यापल खोला पुल | १४३९३५ | सम्झौतामा उल्लेखित सूत्रानुसार मूल्य समायोजन फ्याक्टर ०.४९ हुनु पर्नेमा ०.५९ कायम गरेको कारण बढि फ्याक्टर कायम भएको ०.०१ ले पहिलो बिल रकम रु १००७२३०।०० को मूल्य समायोजन रु ११०७९।०० र दोस्रो बिल रु १३२८५६२२।०० को मूल्य समायोजन रु १३२८५६।०० बढि भुक्ताी भएको । |
| ट्याङग्रा खोला पुल | ९८१३६ | सम्झौतामा उल्लेखित सूत्रानुसार मूल्य समायोजन फ्याक्टर ०.५३ हुनु पर्नेमा ०.६२ कायम गरेको कारण बढि फ्याक्टर कायम भएको ०.०११ ले बिल रकम रु ८९२१५०७।०० को मूल्य समायोजन रु ९८१३६।०० बढि भुक्ताी भएको । |
| **जम्मा** | **३७८७०८** | |

| | | | | |
|---|---|---|---|---|
| १६ | १८ | २०७७-७-२२ | **बिद्युतिकरण**<br>योजनाको लागि खरिद भएका निर्माण सामग्रीहरु सम्बन्धित योजनामा प्रयोग भए नभएको ईन्जिनियरबाट नाँपजाँच गरी नापी किताब तयार गर्नु पर्दछ । पालिकाले रु ३१८७१६५।०० मा खरिद गरेको ८६ किलोमिटर बिद्युतिय तार तथा रु २४८००००।०० मुल्यको ४०० गोटा आरसिसि पोल खरिद गरेको छ । उपभोक्ता समितिलाई जडान वापत भुक्तानी दिएको विवरण जडित संरचना निर्माण तर्फ समावेश गरिएको छ । तर पालिकाले वितरित सबै तार तथा पोलहरु जडान भएको एकीकृत नापी तयार गरेको देखिएन । तसर्थ पलिकाले एकीकृत नापी तयार गरी खरिद भए अनुसार जडान भए नभएको यकिन गर्नुपर्दछ । | |
| १७ | | | **पुल निर्माण** | |
| १७.१ | ४१३ | २०७८-३-२३ | पालिकाद्धारा निर्माणाधिन निम्नानुसारका पुलहरुको निर्माणको लागि २०७९।८।२९ मा कार्य सम्पन्न गर्ने गरि यस बर्ष<br>सम्झौता भएकोमा सम्झौता बमोजिमको वर्क सेडुवल अनुसार कार्य भएको देखिएन । पालिकाले च नं ८००।२०७८।७। | |

१४ को पत्रबाट हाँडि खोला पुलको सबस्ट्रक्चरमा पाईलिङकार्य समेत नभएकोले कार्ययोजनाअनुसार कार्य गर्न निर्माण व्यवसायी श्री भैरब, नारायण, ज्ञानेश जे भीलाई सचेत गराएको देखिन्छ । यसै गरी च नं २४१४।२०७८।१२।८ बाट हिराचन बाँनिया जे भिलाई निजसंग सम्झौता भएका ४ वटा पुल निर्माण सम्बन्धि ठेक्का मध्ये ठाडो खोला पुल, मसिने खोला पुल र ट्याङ्ग्रा खोला पुल निर्माणको समेत सबस्ट्रक्चरमा पाईलिङ क्याप राख्ने कार्य समेत नभएकोले यथा शिघ्र निर्माण कार्य थालनी गर्न जानकारी गराएको देखिन्छ । उक्त पुलहरुको स्थलगत अवलोकन गर्दा हाँडिखोला पुल बाहेक अन्य पुलहरुमा निर्माण व्यवसायी तथा निजका कामदार र प्राबिधिकहरु कसैको पनि उपस्थिति देखिएन । तसर्थ निर्माण व्यवसायीलाई यथाशिघ्र निर्माण कार्य गराउने वा प्रचलित कानुन बमोजिम कारबाहिको निर्णय हुनु पर्ने देखिन्छ ।

| बिबरण | हाँडिखोला पुल | ठाडो खोला पुल | मसिने खोला पुल | ट्याङ्ग्रा खोला पुल |
|---|---|---|---|---|
| भुक्तानी रकम | २७८९८३४ | ७९९४२२७ | १२१७२६१७ | ११०८२४५३ |



| | | | | |
|---|---|---|---|---|
| १७.२ | ११७ | २०७७-१२-५ | | १,८९०,००० |
| १८ | | | **आर्थिक वर्षको अन्तमा खरिद**<br>कार्यालयले सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार वार्षिक खरिद योजना तयार गरी खरिद कार्य गर्नुपर्दछ । तर पालिकाले वार्षिक खरिद योजना तयार गरेको देखिएन । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष मेसिन औजार खरिदमा रु.२७४३५४०।०० खर्च भएकोमा सबै खर्च आर्थिक वर्षको अन्तीम चौमासिकमा भएको देखिन्छ । साथै उक्त खरिद कार्यको लागि पालिकाले शिर्षकगत छुट्टाछुटै सिलबन्दी दरभाउपत्र आहवान गरी गरेको देखिन्छ । पालिकाबाट प्राप्त विवरणअनुसार आर्थिक वर्षको अन्तमा कर्मचारीहरु थप समेत नभएको अवस्थामा खरिद कार्यको आवश्यकता पहिचान नगरी खरिद गरी स्टोरमा दाखिला गरेको देखिन्छ । तसर्थ पालिकाले आर्थिक वर्षको अन्तमा मौज्दात रहने गरी खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १९ | | | **कृषि औजार बितरण** | |

<table>
<tr><td></td><td></td><td></td><td>बिभिन्न किसानहरुलाई निम्नानुसारको कृषी सामग्री बितरण गरी खर्च लेखांकन भएको छ । किषानहरुको प्रस्तब मूल्यांकन र छनौटमा समान पहुँच र पारदर्शिता कायम गर्नु पर्दछ ।
<table>
<tr><td>सामान</td><td>परिमाण गोटामा</td><td>मूल्य</td></tr>
<tr><td>६ फिट रोटरी ट्रिलर</td><td>२</td><td>३६१६००</td></tr>
<tr><td>मकै छोडाउने मेसिन</td><td>४</td><td>१८०८००</td></tr>
<tr><td>हाते ट्र्याक्टर</td><td>३</td><td>२७१२००</td></tr>
<tr><td>ब्याट्री स्प्रेयर</td><td>६१</td><td>३०५००१</td></tr>
<tr><td>नर्मल स्प्रेयर</td><td>६</td><td>११३९९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०</td><td>७२६</td><td>२०७८-३-३०</td><td>अनधिकृत व्यक्तीलाई भुक्तानी<br>नदि व्यवस्थापन प्रणाली निर्माण वापत दाहाल ग्रुप अफ कन्सल्ट्यान्ट्सलाई रु ४९३७५०।०० भुक्तानी भएको छ । राप्ती तथा मनहरी खोलाको दिगो तथा बाताबरणमैत्री वहाव व्यवस्थापन तथा नदिजन्य पदार्थ संकलनको लागि प्रतिबेदन तयारी तथा नदिजन्य पदार्थको संकलन कार्यको वातावरणिय पक्षको मुल्यांकन कार्यको लागि निजसंग सम्झौता भएको देखिन्छ । निजले पेश गरेको कागजात तथा अभिलेखको परिक्षण गर्दा प्रोपराईटर दिलिप दाहलको भुक्तानी पाउ भन्ने निबेदन, प्राबिधिक समितिको प्रतिबेदन र स्थायी लेखा नम्बर प्रमाण पत्रमा एउटै व्यक्तीको ३ थरी दस्तखत देखियो । साथै संस्थाको सम्पर्क फोन नम्बर र ईमेल ठेगाना भनि खुलाएको नम्बर र ईमेल ठेगाना संस्थाको आधिकारीक भएको नदेखिएकोले अनधिकृत व्यक्तीले संस्थाको छाप, लेटर प्याड र लोगो प्रयोग गरी भुक्तानी लिएको देखियो । यस बिषयमा छानबिन तथा प्रचलित कानुन बमोजिम कारबाहि गरी अनधिकृत व्यक्तीलाई भुक्तानी भएको रकम असूल गर्नु पर्दछ ।<br></td><td>४९३,७५०</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>कार्यपालिकाको निर्णय कार्यान्वयन</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| २१.१ | | | गाउ कार्यपालिकाको बिभन्न मितिमा बसेको बैठकले गरेका कतिपय निर्णयहरु कार्यान्वियन भएका छैनन् । गाउ कार्यपालिकाले कार्यान्वियन योग्य निर्णयहरु मात्र प्रस्ताव गरी कार्यान्वयन गर्नु पर्दछ । कार्यपालिकाले गरेको निर्णयको कार्यान्वयन कार्यपालिका आफैले गर्ने हो । साथै पालिकाको बिषयगत समितिहरुले उठाएका महत्वपूर्ण बिषयहरुमा पनि कार्यपालिकाले आवश्यक निर्णय लिई कार्यान्वयनको लागि जिम्मेवार बन्नु पर्दछ । कार्यपालिकाको निर्णय प्रकृयाको सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्न छनः | |
| २१.२ | | | गाँउ कार्यपालिकाको २०७७।११।२८ को बैठकले उपाध्यक्ष श्री मनिला बिष्टले २०७७।७।१ देखि २०७७।११।९ सम्मको अवधिमा ७७ दिन प्रयोग गरेको बा १४ च नम्बरको स्करपियो गाडिको लागि ८५५ लिटर डिजेल सहित भाडा वापत रु ५००१३२।०० भुक्तानी भएको देखिन्छ । स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसुची १ क बमोजिम सवारी साधन उपलब्ध नभए उपाध्यक्षले मासिक १० हजार मात्र सुविधा पाउने देखिदा सो घटाई बढि भुक्तानी भएको रकम असूल गर्न निर्देशन दिने निर्णय भएको देखिन्छ । उक्त निर्णय हाल सम्म कार्यान्वयन भएको छैन । सवारी साधन धनिसग प्रमुख प्रशासकिय अधिकृत श्री देवराज चौलागाईले उक्त सवारी साधन कार्यालय प्रयोजनको लागि भनि सम्झौता गरेको देखिन्छ । उक्त सवारी साधन उपाध्यक्षले बुझिलिएको सहायक जिन्सि रजिस्टर समेत पेश भएको छैन । तसर्थ यस बिषयमा थप छानबिन गरी हाल सम्म निर्णय कार्यान्वियन हुन नसक्नुको कारण स्पस्ट गर्नु पर्दछ । कार्यपालिकाले गरेका निर्णयहरु समयमा कार्यान्वियन हुन नसकेमा गाँउ सभामा छलफल गरि कानुन वमोजिम कारवाहि हुनु पर्दछ । | |
| २१.३ | | | मनहरी गाउँकार्यपालिका राजश्व परामर्श समितिको २०७७ पौष १ गतेको निर्णय आय संकलन गर्ने ठेकेदारले कार्यालयबाट प्रमाणित गरी उपलब्ध गराएको राजश्व रसिद भन्दा अन्यथा प्रकारको नक्कली रसिद प्रयोग भएको नक्कली रसिदको अर्धकट्टीहरु समेत फिर्ता आएको एकै दिन धेरै फरक सिरियलका रसिद समेत प्रयोग भएकोले राजश्व छली तथा हानी नोक्सानी भएको भन्ने उजुरी तथा गुनासोको सम्बन्धमा थप विशेषज्ञताको आवश्यकता औल्याउदै राजश्व परामर्श समितिले तथ्यहरु सहित अभिलम्ब पेश गर्ने भनी निर्णय गरेको छ। यस बिषयमा कार्यपालिकाले हाल सम्म छानबिन गरेको देखिएन । | |
| २१.४ | | २०७९-१-१६ | कार्यपालिकाको २०७७।११।२८ कै बैठकको निर्णय नम्बर ५ मा उपाध्यक्ष श्री मनिला बिष्टले केहि कर्मचारीको गलत | |

| | | | | |
|---|---|---|---|---|
| | | | निर्णय र गलत कार्यशैलीका कारण पालिकामा व्यापक आर्थिक अनियमितता भएको भनि ध्यानाकर्षण गरेको बिषयमा निज उपाध्यक्षसग अनियमितता भएका बिषय र क्षेत्रहरुको बिस्त्रित बिबरण माग गरी अर्को कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय भएकोमा सो बमोजिमको प्रस्ताब माग गरेको र छलफल गरेको प्रमाण पेश भएन । | |
| २१.५ | | | आर्थि बर्ष २०७५।७६ मा नारी हित आपसी विकास केन्द्रलाई भुक्तानी भएको रु २४ लाख ६० हजारको बिषयमा २०७८।१२।८ मा कार्यपालिकाले छानबिन गरी केहि निर्णयहरु गरेको छ । कार्यपालिकाको निर्णयानुसार उक्त केन्द्रले सम्झौता अनुसार काम नै नगरेको ठहर गरेको छ । यसका साथै केन्द्रले रु ९ लाख ५८ हजारको फर्जि बिलहरु पेश गरी भुक्तानी लिएको ठहर गरेको छ । कार्यपालिकाले उक्त रकम १५ दिन भित्र असूल गर्न पनि निर्देशन गरेको छ । तर यो निर्णय पनि कार्यान्वयन भएको छैन । यस्तो गम्भिर बिषयमा खर्च भएको ३ बर्ष पछि मात्र छानबिन हुनुको कारण स्पस्ट गर्नु पर्दछ । फर्जि बिल र सम्झौता बमोजिमको कार्य नहुदै तत्कालिन समयमा के कसरी भुक्तानी भएको हो र यस किसिमको खर्चलाई कार्यपालिकाले किन अनुमोदन गर्यो भन्ने बिषयमा समेत छानबिन गरी प्रचलित कानुन बमोजिम सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ । कार्यपालिकाले आफूले गरेको निर्णय सोहि निर्णयमा उल्लेखित समय भित्र कार्यान्वयन गर्नु पर्दछ । निर्णय कार्यान्वयन नभएमा कार्यान्वयन नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| २२ | ६७३ | २०७८-३-२५ | **ओ एण्ड एम**<br>पालिकाको ओ एण्ड एम सर्भे बापत परामर्शदाता श्री समिका रिसर्च एण्ड ट्रेनिङ सेन्टरलाई रु ४९७२००।०० भुक्तानी भएको छ । उक्त खर्च परामर्श सेवा शिर्षकबाट भुक्तानी गर्नु पर्नेमा सार्वजनिक उपयोगिताको सेवा शिर्षकबाट रु रु ४१००००।०० र करार सेवा शुल्कबाट रु ८७२००।०० भुक्तानी भएको छ । उक्त परामर्श सेवा खरीदको लागत अनुमान स्विकृत नर्मस अनुसार तयार समेत नगरिएकोले रकम अनियमित देखियो । रु | ४९७,२०० |
| २३ | ४३२ | २०७८-१-९ | **आन्तरीक लेखापरीक्षण**<br>आन्तरीक लेखापरिक्षक श्री दिपेश कुमार महतोलाई कर्मचारीहरुको २ दिवसिय क्षमता बिकास तालिम कार्यक्रम बापत रु १८९०६१।०० भुक्तानी भएको छ । पालिकाको आम्दानी , खर्च र सेवा प्रवाहको लेखापरिक्षण गरि प्रतिवेदन गर्नु पर्ने जिम्मेवारीमा रहेको कर्मचारी आफैले कार्यक्रम सञ्चालन गर्न मिल्ने देखिदैन । पालिकाको आन्तरिक आय लगायतको आम्दानी यकिन गरी आन्तरीक लेखापरीक्षण नभएको अवस्थामा लेखापरीक्षक स्वयमले कार्यक्रम संचालन गर्ने कार्यमा नियन्त्रण गरी लेखापरीक्षण कार्यमानै ध्यान केन्द्रीत गर्नु पर्दछ । | |
| २४ | | | **आर्थिक बर्षको अन्त्यमा खरिद** | |
| २४.१ | ७१३, ७१७ , | २०७८-३-२९ | सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम रु २० लाख भन्दा बढि लागत अनुमान भएको मालसामान | ४,२८४,३६५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ६०३ | | खरिद गर्नु पर्दा बोलपत्रको माध्यमद्धारा खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाले बिद्यालयको लागि खरिद गरेको रु १०८४५७४।०० लागत अनुमान भएको कम्प्यूटर उपकरणको अतिरिक्त, ९ वटा वडा कार्यालयहरुको राजश्व व्यवस्थापन प्रणालीको लागि २० थान कम्प्यूटर लगायत लेजर प्रिन्टर, स्क्यानर, 4G वायरलेस डंगल, प्रिन्टर आदि खरिद गरि रेल्टो ईन्टरनेशल प्रा ली लाई रु १८२८५३७।०० भुक्तानी भएको छ । उक्त कार्यको लागत अनुमान रु १८४४७२५।०० रहेको छ । लागत अनुमानको तुलनामा सम्झौता रकम ०.८७ प्रतिशत मात्र घटि रहेको छ । यसै गरि पालिकाले भौचर नम्बर ५८१, ६०३ र ७१७ बाट रु ६ लाख ४० हजारको मूल्यको थप ल्यापटप समेत खरिद गरेको छ । खरिद गरिएको एक ल्यापटपलाई रु.२ लाख सम्म भुक्तानी गरेको छ । यसै गरी स्वास्थ्य प्रबर्धन कार्क्रमबाट भौचर नम्बर ५८७ र ५७९ बाट रु ७१५०६६।०० मुल्यको थप कम्प्यूटर उपकरण खरिद गरेको छ। आर्थिक बर्षको अन्त्यमा खरिद भएका यि सबै कम्प्यूटर उपकरणहरुको कुल लागत रु ४२८४३६५।०० हुने देखिन्छ । एकै प्रकृतिका सामानको एकै प्याकेज बनाई बोलपत्र गरि खरिद गर्नु पर्नेमा आर्थिक बर्षको अन्त्यमा टुक्रा टुक्रा प्याकेज बनाई सिलबन्दि दरभाउपत्र तथा सोझै खरिद गरेकोले खरिद कार्य प्रतिस्पर्धा रहेको छ भन्न सकिने अवस्था रहेन ।<br>कम्प्यूटर उपकरण खरिद सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न छनः | | |
| २४.२ | ७१३, ७१७ | २०७८-३-२९ | सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेसन खुलाउनु पर्ने व्यवस्था छ । बिद्यालयहरुलाई बितरण गर्ने प्रयोजनको लागि भनि १३ थान कम्प्यूटर र १४ थान प्रिन्टर खरिद गरि रु १०८३१०५।०० प्रिन्टर सप हेटौडालाई भुक्तानी दिएको देखियो । उक्त कार्यको लागि रु १०८४५४७।०० लागत अनुमान स्विकृत गरिएकोमा छोटो समयको सूचनाको आधारमा खरिद गर्दा ०.१६ प्रतिशत मात्र घटिमा खरिद भएको छ । खरिद भएका भएका सामग्रीहरुको स्पेसिफिकेसन खुलाई PAMS मा जिन्सी दाखिला समेत नगरी म्यानुअल दाखिला गरी हस्तान्तरण गरेको देखिन्छ । तर पालिकाबाट हस्तान्तरण गरिएका सामग्रीहरु बिद्यालयको खातामा आम्दानी बाधिएको प्रमाणित जिन्सी खाता र बिद्यालय व्यवस्थापन समितिको निर्णय संलग्न गरेको देखिएन । यस किसमको सामान खरिद गर्दा बिद्यालयबाट माग प्राप्त गरि बिद्यालयकै खातामा निकासा दिनु उपयूक्त हुने देखिन्छ । तसर्थ बिद्यालय व्यवस्थापन समितिको निर्णयाट माग गरिएको तथा बिद्यालयको खातामा आम्दानी बाधेको प्रमाण राख्नेतर्फ ध्यान दिनुपर्दछ । | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २४.३ | | | राजश्व शाखाको लागि खरिद गरिएको ब्रदर प्रिन्टर २५४० रु २९९४५।०० मा खरिद गरेको छ । तर सोहि प्रिन्टर मेड्पा कार्यक्रममा रु ४८०००।०० मा खरिद गरी प्रति प्रिन्टर रु १८०५५ ।०० बढि भुक्तानी भएको देखिन्छ । यसै गरी राजश्व व्यवस्थापन प्रणालीको लागि २० थान कम्प्यूटर प्रति थान रु ५१५२८।०० मा खरिद भएकोमा बिद्यालयको लागि १३ थान प्रतिथान रु ५५९३५।०० को दरले खरिद भएको छ । प्रतिथान रु ४४०७ को दरले १३ थानको रु ५७२९१।०० बढि भुक्तानी भएको छ । यसै गरी प्रति ल्यापटप ६५ हजार, १ लाख १० हजार र २ लाख सम्ममा खरिद गरेको देखिन्छ । भूमि सम्बन्धी डाटा व्यवस्थापनको लागि विभागबाट प्राप्त स्पेसिफिकेसन अनुसारको रु.२ लाख ल्यापटप खरिद गरिएको तथा पालिकाले ९ वटा वडाको राजश्व व्यवस्थापन प्रणालीको लागि ९ थान कम्प्यूटर खरिद गरी यस वर्ष देखि अनलाईन राजस्व संकलन कार्य थालनी गरेको पालिकाको भनाई रहेको छ । खरिद खरिद कार्य मितव्ययि तथा प्रतिस्प्रधि गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| २५ | ६७४ | २०७८-३-२५ | **सूचनाको भुक्तानी**<br>जनप्रिया मिडियालाई बिभिन्न सूचना प्रकाशित गरे वापत ६० दिनको रु ८० हजार भुक्तानी भएको छ । दिनको आधारमा नभई सूचनाको आवश्यकता बिश्लेषण गरि सिसि खुलाएर मात्र यस किसिमको रकम भुक्तानी गर्नु पर्दछ । | |
| २६ | ६४६, ६५७, ४१५ | | **बिबिध खर्च**<br>कार्यपालिकाको काम बाहेक राजेन्द्र चौलागाई, ज्ञानेन्द्र ढकाल लगायतक कर्मचारी तथा पदाधिकारीहरुले व्यक्तिगत रुपमा खाजा खाना खाना खाएको रु ३१३०८५।०० भुक्तानी भएको छ । कर्मचारी तथा पदाधिकारीहरुको नीजि खर्च पालिकाबाट भुक्तानी गर्न मिल्दैन । बिबध खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २७ | | | **चालुबाट पुजिगत खर्च**<br>सार्बजनिक निर्माण कार्यसँग सम्बन्धित खर्चहरु पूँजिगत कार्यक्रममा समावेश गर्नु पर्दछ । पालिकाले पूँजिगत शिर्षकबाट खर्च लेखांकन गर्नु पर्ने निम्नानुसारका योजनाहरुको भुक्तानी चालू शिर्षकबाट गरेको देखिन्छ । पूजिगत प्रकृतिका खर्चहरुको भूक्तानीको लागि पूजिगत कार्यक्रममानै बजेट बिनियोजन गर्नु पर्दछ । | |

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><th>सि नं</th><th>भौचर नम्बर, मिति</th><th>योजना</th><th>रकम</th></tr>
<tr><td>१</td><td>५७७।२०७८।३।१७</td><td>समावेशी भवन निर्माण</td><td>१०७६६९५</td></tr>
<tr><td>२</td><td>६०९।२०७८।३।१९</td><td>भुन्दुङ बस्तीपुर काठेपूल निर्माण</td><td>१५००००</td></tr>
<tr><td>३</td><td>६४२।२०७८।३।२३</td><td>पाल दमार सडक संरक्षण</td><td>१५००००</td></tr>
<tr><td>४</td><td>६४३।२०७८।३।२३</td><td>घट्टे दमार स्लाब निर्माण</td><td>१५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१५२६६९५</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८</td><td>४६६</td><td>२०७८-१-३०</td><td>अवलोकन भ्रमण<br>कर्मचारी तथा पदाधिकारीहरुको पश्चिमाञ्चल र सुदुर पश्चिमाञ्चल अवलोकन भ्रमणमा रु ३९३७००।०० खर्च भएको छ । जनताको प्रत्यक्ष सेवा प्रवाह सग असम्बन्धित खर्चमा नियन्त्रण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>अभिलेख स्क्यानिङ<br>भूमिहिन, दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको निबेदन तथा सोमा संलग्न सम्पुर्ण कागजातहरु स्क्यान गरी डिजिटल कपि तयार गर्न श्री वसू सप्लायर्सलाई रु ४७४६००।०० भुक्तानी भएको छ । उक्त डिजिटल तथ्यांक सार्वजनिक संम्पत्ती व्यवस्थापन प्रणाली ( PAMS) मा दाखिला भएको देखिएन । तयार भएको डिजिटल कपि खर्च नहुने सम्पत्तीको रुपमा दाखिला भएको प्रमाण पेश हुनु पर्दछ ।</td><td>४७४,६००</td></tr>
<tr><td>३०</td><td>४३०</td><td>२०७८-१-९</td><td>जग्गा अतिक्रमण<br>सार्वजनिक जग्गाको लगत संकलन कार्यमा रु १२०६०१९।०० खर्च भएको छ । मनहरी बजारबाट मनहरी पिसपार्क जाने बाटो आसपास अधिकांस घर सार्बजनिक तथा बन क्षेत्रको जग्गा अतिक्रमण गरि बनाएको देखिन्छ । यस किसिमको अतिक्रमण यथावत रहेको अवश्थामा पालिकाले गरेको खर्चको औचित्य पुष्टि हुन सक्दैन । रकम खर्च गर्दा पालिका भित्र रहेका सम्पुर्ण जग्गाहरुको संरक्षणको सुनिश्चितता गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३१</td><td>४६२</td><td>२०७८-१-२९</td><td>जिम सामान<br>स्विकृत कार्यक्रम बेगर जिम सामान बितरण उपभोक्ता समितिलाई कन्टिन्जेन्सीबाट रु २४९४३५।०० भुक्तानी भएको छ । एम एन बिसि प्रालिको बिल संलग्न गरी पालिकामा दाखिला समेत नगरी उपभोक्ता समितिलाई रकम भुक्तानी भएको छ । सार्वजनिक खरिद नियमावलीको नियम ९७ मा उपभोक्ता</td><td>२४९,४३५</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | समितिको श्रम आवश्यकता नपर्ने सामान खरिदको लागि मात्र उपभोक्ता समितिसग सम्झौता गर्न मिल्ने देखिएन । निर्माण कार्यको लागि मात्र लाभग्राहिबर्ग सग सम्झौता गर्न मिल्ने नियमको व्यवस्था रहेकोले खर्च रकम अनियमित देखियो । रु | |
| ३२ | 598,599,600 | २०७८-३-१८ | **यूरोगार्ड जडान**<br>सार्बजनिक खरिद ऐन, २०६३ को दफा ८( २) बमोजिम प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । सार्वजिन खरिद नियमावली, २०६४ को नियम ८५(१ख ) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी एउटै व्यक्ती, फर्म , संस्था वा कम्पनीबाट रु ५ लाख भन्दा बढीको कार्य सोझै खरिद गर्न नसकिने व्यवस्था छ । तर पालिकाले आर्थिक बर्षको अन्त्यमा निम्नानुसार ३ बिद्यालयको खातामा यूरोगार्ड जडान गर्न रकम निकासा गरी अलग अलग ३ प्याकेज बनाई ३ वटै प्याकेजको कार्य अकवा सप्लायर्सबाट गराएको देखिन्छ । यस सम्बन्धमा पालिकाको पदाधिकारीहरुसग छलफल गर्दा ३ अलग अलग बिद्यालयको कार्य भएकोले एकै कम्पनीबाट सोझै गराएको जानकारी गराउनु भएको छ । तसर्थ आर्थकि वर्षको अन्तसम्म पालिकाबाट खरिद कारवाही संचान नहुने र अन्तमा विद्यालयलाई निकासा दिने तथा विद्यालयले एकै सप्लायर्सबाट खरिद गरेकोले खरिद कार्य प्रतिसपर्धी र मितव्ययि रहेको छ भन्न सकिएन । तसर्थ खरिद कार्यको प्रतिपर्धा सिमित हुने गरी विद्यालयलाई निकासा दिई सोझै खरिद गरेको नियमित देखिएन । | ८२४,९८५ |

| भौ नं मिति | बिद्यालयको नाम | रकम |
|---|---|---|
| ५९८।२०७८।३।१८ | महेन्द्र किरण मा बि | २७४९९५ |
| ५९९।२०७८।३।१८ | राष्ट्रिय रोटरी मा बि | २७४९९५ |
| ६००।२०७८।३।१८ | राष्ट्रिय मा बि सुनाचुरी | २७४९९६ |
| **जम्मा** | | **८२४९८५** |

| | | | | |
|---|---|---|---|---|
| ३३ | | | **बोयर पाठा पाठी खरिद**<br>सिमथली बाख्रा उत्पादन फर्मबाट बोयर जातको १० वटा पाठा पाठी खरिद गरि रु २ लाख ५० हजार भुक्तानी गरेको छ । बोयर जातको पाठा पाठीको आधारभुत बिशेषतमा गर्दन देखि माथी र अगाडीको खुट्टाको घुडामुनी रातो र बाँकी भाग सेतो हुनु पर्दछ । तर श्रेस्थासाथ संलग्नन फोटोहरुमा एउटा बाहेक कुनैमा पनि बोयर जातको बिशेषता नदेखिएकोले कार्यक्रम सञ्चालन गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ । | २५०,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | |   | | |
| ३४ | | | **जटिल प्राविधिक कार्य**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले विद्युतिकरण, आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका कार्यालय तथा अन्य भवन, ओभरहेड टंकी लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | | |

| गो.भौ. | उपभोक्ता समितिको नाम | कामको विवरण | कुल अध्याविक कार्य | पालिकाले खर्च लेखेको रकम |
|---|---|---|---|---|
| ४५६ | गोगनपानी भ्युटावर निर्माण | आर सीसी स्टक्चर सहितको निर्माण | १०२१९५८ | ८८८६५८ |
| ४६० | देउकोट भ्युटावर निर्माण | आर सीसी स्टक्चर सहितको निर्माण | ९६९६४५ | ८४९०३९ |
| ४५९ | देउकोट लिफ्ट सिचाई | लिफ्टिङ्ग कार्य | ३२१८०५२ | २८६४०६६ |
| ४३९ | वडा नं १ चवकरि मकरी विद्युत विस्तार | विद्युतिकरण | ५९४६३९ | ५००००० |
| ४३१ | ज्यामिरे विद्युत विस्तार समिति | विद्युतिकरण | ३०९८०३ | २७०००० |
| ४२७ | पालदमार घट्टेदमार सानो सिद्धकाली विद्युत विस्तार | विद्युतिकरण | १८४०९२ | १५०००० |
| ३३१ | झुल्यान विद्युत बत्ती विस्तार | विद्युतिकरण | २८६०५८ | २४८९२६ |
| १२२ | विद्युत स्तरीकरण उपभोक्ता समिति | विद्युतिकरण | ६६०५१६ | ५९००५१ |
| ४४६ | वडा नं ८ विद्युत विस्तार | विद्युतिकरण | १८४०९२ | १५०३५० |

| | | | | |
|---|---|---|---|---|
| ३५ | | | **पर्खालमा बढी दर**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ। नेपाल सरकारले सडक तथा सडक संरचना निर्माणको नर्म्स अध्यावधिक गरी मिति २०७५।४।२५ मा नेपाल सरकार मन्त्रीपरिषद्बारा स्वीकृत गरी प्रकाशित गरेको छ । जसअनुसार सडक निर्माण कार्यको दर विश्लेषण तयार गरी लागत अनुमान तयार गर्नुपर्दछ। उक्त सडक नर्म्स २०७५ को नर्म्स नं २६०० अनुसार १:४ को स्टोन मेसनरीको दर प्रति घनमिटर रु.७१०९.५६ र १:६ को दर प्रति घनमिटर रु.६६८९.८३ मात्र हुने देखिन्छ । तर पालिकाले फरक नर्म्सको प्रयोग गरी १:४ को स्टोन मेसनरीको दर प्रति घनमिटर रु.७६०४.६७ र १:६ को दर प्रति घनमिटर रु.७३२३.५१ प्रयोग गरेको छ । जसअनुसार उक्त | १,१०७,९६७.७७ |

| | | | | |
|---|---|---|---|---|
| | | | योजनाहरुमा १:४ को स्टोन मेसनरीमा प्रति घनमिटर रु.४९५.२१ र १:६ मा प्रति घनमिटर रु.६३३.६८ बढीका दरले पालिकालाई थप व्ययभार परेको छ । उपभोक्ता समितिलाई लागत अनुमानको दरमा भुक्तानी भएकोले देहाय अनुसार निर्माण कार्यमा निम्नानुसार रकम बढी भुक्तानी भएको देखिन्छ । उक्त बढि भुक्तानी भएको असुल रु. | |

| गो.भौ. | उपभोक्ता समितिको नाम | कार्य परिमाण | प्रयोग दर | प्रयोग गर्नुपर्ने दर | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| स्था १ | दिपावली टोल हुदै सालघारी बाटो स्तरीकरण | ७०.४५ | ७६०४.०० | ७१०९.४६ | ४९४.५४ | ३४८४०.३४ |
| स्था ७ | ज्यामिरे सिमाना बाटो स्तरिकरण | ११३.३८ | ७६०४.०० | ७१०९.४६ | ४९४.५४ | ५६०७०.९५ |
| प्र पु १ | झोलुङ्गेपुल तिमिल्सिना ढकाल टोल हुदै वडा कार्यालय जाने बाटो | २९.७१ | ७६०४.०० | ७१०९.४६ | ४९४.५४ | १४६९२.७८ |
| प्र पु ३ | चकरी भोर्ले टाडी सडक स्तरउन्नती | ३०.२६ | ७३२३.५१ | ६६८९.८३ | ६३३.६८ | १९१७५.१६ |
| प्र ह ३ | ज्यामिरे औद्योगिक क्षेत्र जानेबाट | २२४.६८ | ७६०४.०० | ७१०९.४६ | ४९४.५४ | १११११३.२५ |
| ४६३ | किरिम खोल्सी तटबन्ध | ११२.८३ | ७३२३.५१ | ६६८९.८३ | ६३३.६८ | ७१४९८.११ |
| ४७० | वडा कार्यालय जाने बाटो ढलान | ५६.७८ | ७६०४.०० | ७१०९.४६ | ४९४.५४ | २८०७९.९८ |
| ४५३ | मनहरी रुपचुरी ग्रामिण सडक | ७३.०० | ७६०४.०० | ७१०९.४६ | ४९४.५४ | ३६१०१.४२ |
| ४५१ | लाहुरे टोल देखि वडा कार्यालय जाने बाटो निर्माण | ५८.२६ | ७६०४.०० | ७१०९.४६ | ४९४.५४ | २८८११.९० |
| ४४५ | गुरुङ्गडाँडा पिसपार्क सुशिलाको घरको बाटो | ८९.६० | ७६०४.०० | ७१०९.४६ | ४९४.५४ | ४४३१०.७८ |
| ४४४ | भट्ट टवल तथा घलान खोल्सी कर्भर्ट निर्माण | ८५.२० | ७६०४.०० | ७१०९.४६ | ४९४.५४ | ४२१३४.८१ |
| ४४२ | भुन्द्रुङ्ग मुल बाटो नाली निर्माण | २७६.७६ | ७६०४.०० | ७१०९.४६ | ४९४.५४ | १३६८६८.८९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४२६ | मुलबाटो नाली निर्माण | ५०.२७ | ७६०४.०० | ७१०९.४६ | ४९४.५४ | २४८६०.५३ |
| ३८१ | मानेडाडा देखि रमौलि जोडने बाटो | ३०२.१४ | ७६०४.०० | ७१०९.४६ | ४९४.५४ | १४९४२०.३२ |
| ३७९ | मोरङ्गे दाङ्गसिङ्ग झोरा नियन्त्रण | ४५.०० | ७६०४.०० | ७१०९.४६ | ४९४.५४ | २२२५४.३० |
| ३७६ | बलचोक मकरी झुल्यान बाटो | ११६.८२ | ७३२३.५१ | ६६८९.८३ | ६३३.६८ | ७४०२६.५० |
| ३६३ | हेल्थ सेन्टर मुनीको बाटो | ४६.४२ | ७६०४.०० | ७१०९.४६ | ४९४.५४ | २२९५६.५५ |
| ३४२ | घट्टैखोला खहरे नियन्त्रण | ११६.२४ | ७३२३.५१ | ६६८९.८३ | ६३३.६८ | ७३६५८.९६ |
| १६३ | प्रतापपुर १० मिटर सडक वाल | ११६.५५ | ७६०४.०० | ७१०९.४६ | ४९४.५४ | ५७६३८.६४ |
| १०२ | भुल्चोक खयरघारी बाटो | १२०.२२ | ७६०४.०० | ७१०९.४६ | ४९४.५४ | ५९४५३.६० |
| | जम्मा | | | | | ११०७९६८ |

| | | | | |
|---|---|---|---|---|
| ३६ | | | **सरकारी संरचना उपभोक्ताबाट**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति तथा लाभग्राही समुदायलाई हस्तान्तरण नहुने योजनाहरु उपभोक्ता समितिबाट गराउन मिल्ने व्यवस्था गरेको देखिदैन । पालिकाले वडा कार्यालय मर्मत, रंरोगन, कम्पाउण्ड वाल निर्माण लगायतका सरकारी संरचना उपभोक्ता समितिबाट गराएको देखिन्छ । तसर्थ उपभोक्ता समितिलाई हस्तान्तरण नहुने योजनाहरु उपभोक्ता समितिबाट गर्ने गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| ३७ | | | **ब्रिक वालमा बढी दर**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ। पालिकाले भवन निर्माणको लागि तयार गरेको दर विश्लेषणको सिनं २५ मा भुईतलमा चिम्नीको ईटा प्रयोग गरी १:४ को ब्रिक मेसिनरीको प्रति घनमिटर दर रु.१३७६९.२५ कायम गरेको छ । तर पालिकाले देहाय अनुसार भवन तथा संरचना निर्माण कार्यमा उक्त कार्यको दर प्रति घनमिटर रु.१४७८४.९० प्रयोग गरेको छ । उपभोक्ता समितिलाई लागत अनुमानको दरमा भुक्तानी भएकोले देहाय अनुसार निर्माण कार्यमा निम्नानुसार रकम बढी भुक्तानी भएको देखिन्छ । उक्त बढि भुक्तानी भएको असुल रु. | १४८,११२.२४ |

| गो.भौ. | उपभोक्ता समितिको नाम | कार्य परिमाण | प्रयोग दर | प्रयोग गर्नुपर्ने दर | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| स्था पु ४ | मनकामना मन्दिर क्षेत्र पार्क | ११.८९ | १४७८४.९० | १३७६९.२५ | १०१५.६५ | १२०७६.०८ |
| प्र पु ७ | जनकल्याण कृषक समुह पुर्वाधार निर्माण | २८.९७ | १४७८४.९० | १३७६९.२५ | १०१५.६५ | २९४२३.३८ |
| प्र पु ७ | रमान्टार डिपार्ड सामुदायिक भवन मर्मत | २६.८७ | १४७८४.९० | १३७६९.२५ | १०१५.६५ | २७२९०.५२ |
| ३९९ | विना कालिका प्रथामिक विद्यालय | २२.९४ | १४७८४.९० | १३७६९.२५ | १०१५.६५ | २३२९९.०१ |
| ३९५ | झुल्यान चर्च भवन निर्माण | २०.३१ | १४७८४.९० | १३७६९.२५ | १०१५.६५ | २०६२७.८५ |
| ३९२ | नेपाल मावन धर्म सेवा समिति | ९.४० | १४७८४.९० | १३७६९.२५ | १०१५.६५ | ९५४७.११ |
| २९० | सितामावि वाल निर्माण | २५.४५ | १४७८४.९० | १३७६९.२५ | १०१५.६५ | २५८४८.२९ |
| | जम्मा | | | | | १४८११२.२४ |

| | | | | |
|---|---|---|---|---|
| ३८ | | | **सडक ढलानमा बढि दर**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ। नेपाल सरकारले सडक तथा सडक संरचना निर्माणको नर्म्स अध्यावधिक गरी मिति २०७५।४।२५ मा नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत गरी प्रकाशित गरेको छ । जसअनुसार सडक निर्माण कार्यको दर विश्लेषण तयार गरी लागत अनुमान तयार गर्नुपर्दछ। उक्त सडक नर्म्स २०७५ को नर्म्स नं २००० अनुसार मेसिन प्रयोग गरी १:२:४ को पिसिसि गर्ने कार्यको दर प्रति घनमिटर रु.९०२३.४० मात्र हुने देखिन्छ । तर पालिकाले मानीसबाट कंक्रीट तयार हुने गरी १:२:४ को पिसिसि कार्यको दर प्रति घनमिटर रु.१०१०१ र १०२०३.३८ प्रयोग गरेको छ । उपभोक्ता समितिले पेश गरेको विल तथा फोटो अनुसार सडक ढलान कार्यको लागि मिक्चरको तथा मेसिनको प्रयोग भएको देखिन्छ । जसअनुसार उपभोक्ता समितिले मेसिन प्रयोग गरी कार्य गरेको अवस्थामा समेत मानीसको दरमा भुक्तानी भएको देखिन्छ । उपभोक्ता समितिलाई लागत अनुमानको दरमा भुक्तानी भएकोले लेखापरीक्षणको क्रममा नमुना छनौट गरिएका देहाय अनुसार निर्माण कार्यमा निम्नानुसार रकम बढी भुक्तानी भएको देखिन्छ । उक्त बढि भुक्तानी भएको असुल रु. | २,६०१,४६८.२६ |

| गो.भौ. | उपभोक्ता समितिको नाम | कार्य परिमाण | प्रयोग दर | प्रयोग गर्नुपर्ने दर | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| स्था १ | भुल्चोक खयरघारी बाटो स्तरीकरण | ९७.३१ | १०१०१.०० | ९०२३.४० | १०७७.६० | १०४८६१.२६ |
| स्था २ | तिनतले उकालो स्ल्याब ढलान | ९६.९० | १०२०३.३८ | ९०२३.४० | ११७९.९८ | ११४३४०.०६ |
| प्र पु १ | झोलुङ्गपुल तिमिल्सिना ढकाल टोल हुदै वडा कार्यालय जाने बाटो | ७९.९१ | १०१०१.८८ | ९०२३.४० | १०७८.४८ | ८६१८१.३४ |
| प्र पु २ | डण्डीबारी बाटो स्तरीकरण | ९१.८० | १०२०३.३८ | ९०२३.४० | ११७९.९८ | १०८३२२.१६ |
| प्र पु ३ | चकरि भोर्ले टाडी सडक स्तरीकरण | ७१.१९ | १०२०३.३८ | ९०२३.४० | ११७९.९८ | ८४००२.७८ |
| ४७० | वडा कार्यालय जाने बाटो ढलान | ५६.२५ | १०२०३.०० | ९०२३.४० | ११७९.६० | ६६३५२.५० |
| ४५५ | भिमान सडक निर्माण समिति | ५०.४० | १०२०३.३८ | ९०२३.४० | ११७९.९८ | ५९४७०.९९ |
| ४४५ | गुरुङ्ग डाँडा पिस पार्क सुशिलाको घर सडक | १५९.७५ | १०२०३.३८ | ९०२३.४० | ११७९.९८ | १८८५०१.८१ |
| ४४२ | भुन्द्रुङ्ग मुल बाटो नाली निर्माण | ५१.०३ | १०२०३.३८ | ९०२३.४० | ११७९.९८ | ६०२१४.३८ |
| ३८१ | मानेडाँडा देखि रमौली जोडने बाटो | ४८१.०७ | १०२०३.३८ | ९०२३.४० | ११७९.९८ | ५६७६५२.९८ |
| ३७५ | चौकीटोल बाटो स्ल्याब ढलान | ३२.५५ | १०१०१.०० | ९०२३.४० | १०७७.६० | ३५०७५.८८ |
| ३५६ | गुम्बादेखि पिस पार्क स्ल्याब ढलान | ५४.०० | १०२०३.३८ | ९०२३.४० | ११७९.९८ | ६३७१८.९२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३४१ | चकरी भोर्ले टाडी स्ल्याब ढलान | ७५.६० | १०२०३.३८ | ९०२३.४० | ११७९.९८ | ८९२०६.४९ |
| २९९ | आश्रमटोल चिहानडाडा स्ल्याब ढलान | ५५.२० | १०२०३.३८ | ९०२३.४० | ११७९.९८ | ६५१३४.९० |
| २८५ | भूलचोक खयरवारी बाटो स्तरीकरण | २०४.६४ | १०१०१.०० | ९०२३.४० | १०७७.६० | २२०५२०.०६ |
| २८२ | पालुङ्गे डाँडा डवलवारि जाने बाटो | १३५.६४ | १०२०३.३८ | ९०२३.४० | ११७९.९८ | १६००५२.४९ |
| २४६ | घैयाडाँडा बाटो स्ल्याब ढलान | ६४.५९ | १०२०३.३८ | ९०२३.४० | ११७९.९८ | ७६२१४.९१ |
| २०३ | बैदार टोल गुरुङ्ग डाँडा स्ल्याब ढलान | ५८.०० | १०२०३.३८ | ९०२३.४० | ११७९.९८ | ६८४३८.८४ |
| १७७ | न्यौपाने घर उकालो तथा डोलवारी स्ल्याब | ४८.४८ | १०२०३.३८ | ९०२३.४० | ११७९.९८ | ५७२०५.४३ |
| १२७ | डिटोल मार्ग चैकावारी बाटो | ५१.२२ | १०१०१.०० | ९०२३.४० | १०७७.६० | ५५१९४.६७ |
| १२४ | भट्टटोल स्ल्याब ढलान | ५१.०० | १०२०३.३८ | ९०२३.४० | ११७९.९८ | ६०१७८.९८ |
| १२३ | ढकाल टोल बाटो स्ल्याब ढलान | ७२.९० | १०२०३.३८ | ९०२३.४० | ११७९.९८ | ८६०२०.५४ |
| १०६ | रुङ्गेडाँडा बाटो स्तरीकरण | १०५.६० | १०२०३.३८ | ९०२३.४० | ११७९.९८ | १२४६०५.८९ |
| | जम्मा | | | | | २६०१४६८.२५ |

| | | | | |
|---|---|---|---|---|
| ३९ | | | **फर्म वर्कमा बढी दर**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ। नेपाल सरकारले सडक तथा सडक संरचना निर्माणको नर्म्स अध्यावधिक गरी मिति २०७५।४।२५ मा नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत गरी प्रकाशित गरेको छ । जसअनुसार सडक निर्माण कार्यको दर विश्लेषण तयार गरी लागत अनुमान तयार गर्नुपर्दछ। उक्त सडक नर्म्स २०७५ को नर्म्स नं **२००० मा फर्म वर्कको दर पि**सिसि दरको ४ प्रतिशत मात्र हुने उल्लेख छ । जसअनुसार फर्म वर्कको दर प्रति वर्गमिटर रु.३६०.९२ मात्र देखिन्छ । तर पालिकाले फरक नर्म्सको प्रयोग गरी प्रति वर्ग मिटर रु.७८०.३८ प्रयोग गरेको छ । उपभोक्ता समितिलाई लागत अनुमानको दरमा भुक्तानी भएकोले देहाय अनुसार निर्माण कार्यमा निम्नानुसार रकम बढी भुक्तानी भएको देखिन्छ । उक्त बढि भुक्तानी भएको असुल रु. | ६२३,१०१.८९ |

| गो.भौ. | उपभोक्ता समितिको नाम | कार्य परिमाण | प्रयोग दर | प्रयोग गर्नुपर्ने दर | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| स्था १ | भुल्चोक खयरघारी बाटो स्तरीकरण | ६०.०० | ७८०.०६ | ३६०.९२ | ४१९.१४ | २५१४८.४० |
| स्था २ | तिनतले उकालो स्ल्याब ढलान | ७२.०९ | ७८०.०६ | ३६०.९२ | ४१९.१४ | ३०२१५.८० |
| प्र पु १ | झोलुङ्गपुल तिमिल्सिना ढकाल टोल हुदै वडा कार्यालय जाने बाटो | ६८.६२ | ७८०.०६ | ३६०.९२ | ४१९.१४ | २८७६१.३९ |
| प्र पु २ | डण्डीबारी बाटो स्तरीकरण | ४५.६० | ७८०.०६ | ३६०.९२ | ४१९.१४ | १९११२.७८ |
| प्र पु ३ | चकरि भोर्ले टाडी सडक स्तरीकरण | ५४.७४ | ७८०.०६ | ३६०.९२ | ४१९.१४ | २२९४३.७२ |
| ४७० | वडा कार्यालय जाने बाटो ढलान | ३३.३० | ७८०.०६ | ३६०.९२ | ४१९.१४ | १३९५७.३६ |
| ४५५ | भिमान सडक निर्माण समिति | ५०.४० | ७८०.०६ | ३६०.९२ | ४१९.१४ | २११२४.६६ |
| ४४५ | गुरुङ्ग डाँडा पिस पार्क सुशिलाको घर सडक | १०३.८४ | ७८०.०६ | ३६०.९२ | ४१९.१४ | ४३५२३.५० |
| ४४२ | भुन्द्रुङ्ग मुल बाटो नाली निर्माण | १२४.८० | ७८०.०६ | ३६०.९२ | ४१९.१४ | ५२३०८.६७ |
| ३८१ | मानेडाँडा देखि रमौली जोडने बाटो | ४७५.१७ | ७८०.०६ | ३६०.९२ | ४१९.१४ | १९९१६२.७५ |
| ३४१ | चकरी भोर्ले टाडी स्ल्याब ढलान | ५६.४० | ७८०.०६ | ३६०.९२ | ४१९.१४ | २३६३९.५० |
| २८५ | भूलचोक खयरवारी बाटो स्तरीकरण | ९६.६० | ७८०.०६ | ३६०.९२ | ४१९.१४ | ४०४८८.९२ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२८२</td><td>पालुङ्गे डाँडा डवलवारि जाने बाटो</td><td>११२.०१</td><td>७८०.०६</td><td>३६०.९२</td><td>४१९.१४</td><td>४६९४७.८७</td></tr>
<tr><td>१२३</td><td>ढकाल टोल बाटो स्ल्याब ढलान</td><td>५४.४५</td><td>७८०.०६</td><td>३६०.९२</td><td>४१९.१४</td><td>२२८२२.१७</td></tr>
<tr><td>१०६</td><td>रुन्चेडाँडा बाटो स्तरीकरण</td><td>७८.६०</td><td>७८०.०६</td><td>३६०.९२</td><td>४१९.१४</td><td>३२९४४.४०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>६२३१०१.९१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>सिमाभन्दा बढीको कार्य<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश समेत रु.१ करोड सम्मको कार्य मात्र उपभोक्ता समितिले गर्ने पाउने व्यवस्था छ । पालिकाले मुल्य अभिवृद्धि कर तथा ओभरहेड बाहेक रु.८६७०३७५।०० लागत अनुमान भएको सिलडाँडा रमौली सडक स्तरीकरण कार्य उपभोक्ता समितिबाट गराएको छ । उक्त लागत अनुमानमा ओभरहेड रकम रु.१३००५५६।०० र मुल्य अभिवृद्धि कर रकम रु.१२९६२२१।०० समावेश गर्दा उक्त सडको लागत अनुमान रु.११२७१५२।०० हुने देखिन्छ । जसअनुसार उक्त कार्य उपभोक्ता समितिबाट गराउन मिल्ने देखिदैन । तसर्थ नियमावलीको व्यवस्थाको पालना गरी तोकीकएको सिमा भन्दा बढिको कार्य प्रतिस्पर्धाको माध्यमबाट गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>पाईप जडान<br>सार्वजनिक खरिद नियमावलीको को नियम १० अनुसार निर्माण सामाग्रीको लागत अनुमान तयार गरी प्रतिस्प्रधाको माध्यमबाट खरिद कारबाही गर्नुपर्ने उल्लेख छ । त्यसैगरि खरिद नियमावलीको नियम १२३ मा खरिद गरिएका निर्माण सामाग्रीहरु जडान भएको नापी किताबका आधारमा प्राविधिक मुल्यांकन गरी भुक्तानी दिने उल्लेख छ । पालिकाले देहायका योजनाहरुमा उपभोक्ता समितिबाट खरिद गरेको निम्नानुसार पाईपहरु जडान भएको देखिने प्राविधिक मुल्यांकन लेखापरीक्षणको क्रममा पेश हुन सकेन । तसर्थ उक्त पाईपहरु जडान भएको नापी किताब पेश हुनुपर्ने रु.</td><td>३,३९०,१५५</td></tr>
</table>

| गोभौ | योजना | विवरण | रकम |
|---|---|---|---|
| २५९ | हाँडीखोला खानेपानी | उपभोक्ता समितिले नारायणी पलाष्टीक उद्योगबाट रु.३२८९१२४.९० का १० प्रकारका १५५०० मिटर पाईप खरिद गरेकोमा ७९५७ मिटर मात्र पाई जडान गरेको देखिन्छ । तसर्थ बाँकी पाईप जडान गरेको नापी पेश हुनुपर्ने रु | १४३४४३५ |
| ४५७ | मनहरी ८ बृहत खानेपानी | उपभोक्ता समितिलेगोदावरी पलाष्टीक ईन्डस्ट्रिजबाट रु.६७०२५८ को ६ प्रकारका २३८० मिटर पाईप खरिद गरेकोजडान भएको नदेखिएको । तसर्थपाईप जडान गरेको नापी पेश हुनुपर्ने रु | ६७०२५८ |
| ४५८ | मनहरी ९ बृहत खानेपानी | उपभोक्ता समितिले रु.१२८५४६२ को ७ प्रकारका ४६२४ मिटर पाईप खरिद गरेकोजडान भएको नदेखिएको । तसर्थपाईप जडान गरेको नापी पेश हुनुपर्ने रु | १२८५४६२ |
| | | जम्मा | ३३९०१५५ |

| | | | | |
|---|---|---|---|---|
| ४२ | | | **बढी भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले देउकोट लिफ्ट सिचाई योजना निर्माण उपभोक्ता समितिलाई गोभौ ४५९ मिति २०७८।०३।२६ बाट रु.५८५७२३।०० भुक्तानी दिएको छ । आर्थिक वर्ष २०७५।७६ मा पालिकाले रु.४८५०००।०० र उपभोक्ता समितिले रु.९०३६७।०० बेहोर्ने गरी सम्झौता गरेकोमा उपभोक्ता समितिले रु.४२२३३९।०० को मात्र कार्य गरेको प्राविधिक मुल्यांकनबाट देखिन्छ । साथै आर्थिक वर्ष २०७५।७६ मा उक्त कार्यको भुक्तानी नभई भुक्तानी गर्न बाँकीको विवरण समेत प्रमाणित नभएको अवस्थामा यस वर्ष खर्च लेख्न मिल्ने देखिदैन । त्यसैगरी रु.४२२३३९।०० को मात्र कार्यसम्पन्न भएको अवस्थामा पालिकाबाट रु.३५६००६।०० मात्र खर्च लेख्न मिल्नेमा पालिकाले रु.५८५७३२।०० भुक्तानी दिएकोले रु.२१२१४४।०० बढी भुक्तानी दिएको देखिन्छ । तसर्थ घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी नगरी बढी भुक्तानी रकम असुल हुनुपर्ने रु. | २१२,१४४ |
| ४३ | | | **पाईपलाईन खन्नेपुर्ने**<br>निर्माण कार्यको नापी किताब तयार गर्दा स्थलगत निरीक्षण तथा नाप जाँचका आधारमा तयार गर्नुपर्दछ । पालिकाले गोभौ ४५८ मिति २०७८।०३।२६ बाट मनहरी ९ बृहत खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई रु.३४३००४४।०० भुक्तानी दिएको छ । भुक्तानीको श्रेस्तामा संलग्न नापी किताब | १,२४४,३२४ |

| | | | | |
|---|---|---|---|---|
| | | | अनुसार उपभोक्ता समितिले गत विगतमा खरिद गरेको १३७९० मिटर पाईप जडान गरेको र उक्त पाईपलाई खन्ने पुर्ने कार्य १३७९० मिटर गरेको प्राविधिक मुल्यांकन बाट देखिन्छ । तर सोही श्रेस्तामा संलग्न फोटो अनुसार उपभोक्ता समितिले एउटै ट्रेन्चमा दुई वटा पाईपहरु जडान गरी खन्ने पुर्ने कार्य गरेको देखिन्छ । जसअनुसार १३७९० मिटर पाईप लेईङ्ग तथा जोईन्टीङ्गको कार्य गर्दा १३७९० मिटर भन्दा घटी लम्बाईमा खन्नेपुर्ने कार्य हुनुपर्ने देखिन्छ। तर नापी किताबमा १३७९० मिटर नै खन्ने पुर्ने कार्य भएको भनी प्राविधिक मुल्यांकन गरी भुक्तानीको लागि सिफारिस गरे अनुसार भुक्तानी भएको छ । जसअनुसार उपभोक्ता समितिले नापी किताबमा उल्लेख भए अनुसारको पाईप लाईन खन्ने पुर्ने कार्य गरेको हो भन्न सकिने अवस्था रहेन । श्रेस्तामा संलग्न प्रमाण तथा कागजता अनुसार मानीस लगाई खन्ने पुर्ने कार्य भएको भनीएको ६७४५ मिटरमा ३५७९.४५ घनमिटरको प्रति घनमिटर रु.३४७.६३ का दरले रु.१२४४३२४.२० को पुनः मुल्यांकन गरी बढि नापी भएको रकम असूल हुनुपर्दछ । रु<br> | |
| ४४ | | | **उपभोक्ता समितिबाट खरिद**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट निर्माण कार्य मात्र गराउन मिल्ने तर खरिद गर्न नमिल्ने व्यवस्था देखिन्छ । पालिकाले हाडीखोला खानेपानी तथा सरसफाई उपभोक्ता समितिसँग रु.३२८९१२४.९० को पाईप तथा रु.२५७७१२.४८ को फिटिङ्ग गरी रु.३५४६८३७।०० को खरिद सहित रु.४६८१४८९।०० को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गरेको छ । उपभोक्ता समितिले सम्झौता अनुसारका पाईप तथा फिटिङ्ग सामानहरु खरिदका लागि ३ वटा सप्लायर्सबाट कोटेशन माग गरी श्री नारायणी प्लाष्टिक उद्योगबाट विभिन्न १० प्रकारका १५५०० मिटर रु.३२८९१२५।०० को पाईप र रु.२५७७१२।०० को फिटिङ्ग खरिद गरेको विल पेश गरी गोभौ २५९ बाट भुक्तानी लिएको छ । सार्वजनिक खरिद नियमावलीमा उपभोक्ता समितिबाट मालसान खरिद गर्न मिल्ने व्यवस्था रहेको नदेखिदाँ पालिकाले नियमानुसार खरिद गरी उपभोक्ता समितलाई हस्तान्तरण गर्नुपर्नेमा उपभोक्ता समितिमार्फत नै खरिद हुने गरी सम्झौता गरेको छ । जसअनुसार उपभोक्ता समितिले सोझै खरिद | ३,५४६,८३७ |

<table>
<tr><td></td><td></td><td></td><td>गरेको देखिएकोले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार प्रतिस्पर्धा समिति हुने गरी खरिद भएको छ। जसअनुसार पालिकाले सार्वजनिक खरिद नियमावलीको व्यवस्था अनुसारका कार्यमात्र उपभोक्ता समितिबाट गराउने गरी सम्झौता गर्ने तथा यसप्रकारका कार्य उपभोक्ता समितिमार्फत संचलन गर्दा खानेपानी तथा सरसफाई डिभिजनसँग सहकार्य गरी नियममा भएको व्यवस्था अनुसार योजना कार्यान्वयन गर्नुपर्ने देखिन्छ । तसर्थ सार्वजनिक खरिद नियमावली अनुकुल नहुने गरी उपभोक्ता समितिबाट खरिद गरेको नियमित नदेखिएको रु.</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>निश्कृष मौज्दात<br>सामाजिक सूरक्षा संचालन कार्यविधि २०७७ अनुसार सामाजिक सूरक्षा बचत खाता संचालन गर्ने तथा वित्तीय संस्थाले यस प्रकारका विवरण खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रवण र माघ महिनाभित्र केन्द्रीय पंजिकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले सामाजिक सूरक्षा वितरण गर्न बैक अफ काठमाडौ लिमिटेडसँग सम्झौता गरेकोमा सन २०२०।१०।०९ देखि २०२१।०४।३० सम्म पालिकाबाट डमी एकाउन्ट खोलिएकोमा लेखापरीक्षण अवधि २०२२।०३।२८ सम्म पनि kyc अपडेगर्न नआएको भनी देहाय अनुसार ३ जनाको नाममा हाल सम्म निकासा भएको बैक ब्याज समेतको रु. १५२३२०१।०० निष्कृय रहेको खाताको विवरण प्राप्त भएको छ । तसर्थ बैकबाट निश्कृय तथा KYC अपडेट नभएको खातामा रहेको मौज्दात यकिन गरी संघीय संचितकोष दाखिला गरेको प्रमाण पेश हुनुपर्ने देखिएको रु
<table>
<tr><th>सि नं</th><th>विवरण</th><th>बैक</th><th>रकम</th></tr>
<tr><td>१</td><td>३९जना लाभग्रीहले सन २०१८ अप्रिलमा खाता खोलेकोमा २०२२ अप्रिल सम्म के वाई सी अपडेट तथा कारोवार समेत नगरेको</td><td>मुक्तीनाथ विकास बैक लिमिटेड</td><td>३६६४८४</td></tr>
<tr><td>२</td><td>३ जना लाभग्राहीले सन २०१८ मार्चमा खात खोलेकोमा सन २०२२ अप्रील सम्म पनी केवाईसी अपडेट तथा कोरोबार नगरेको</td><td>एन आई सी एसीया बैक लिमिटेड</td><td>१४८३४१</td></tr>
<tr><td>३</td><td>२८ जना लाभग्रीहले सन २०१८ अप्रिलमा खाता खोलेकोमा २०२२ अप्रिल सम्म के वाई सी अपडेट तथा कारोवार समेत नगरेको</td><td>सेन्चुरी कमर्सियल बैक लिमिटेड</td><td>१००८३७६</td></tr>
<tr><td>४</td><td>२०७९।०१।०४ सम्म विवरण उपलब्ध गराउने पत्र प्राप्त</td><td>सांग्रिला डेभलपमेन्ट बैक लिमिटेड</td><td>०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१५२३२०१</td></tr>
</table></td><td>१,५२३,२०१</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| ४६ | | | **प्रतिवेदन**<br>सामाजिक सुरक्षा नियमावली २०७७ को नियम २३मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताकोचौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्ने उल्लेख छ । साथै उपनियम १ बमोजिम चौमासिक प्रतिवेदन पठाउंदा पहिलो चौमासिकको मंसिर ७ गतेभित्र, दोस्रो चौमासिकको चैत ७ गतेभित्र र तेस्रो चौमासिक तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक बर्षको साउन १५ गतेभित्र विभागले तोकेबमोजिम पठाउनु पर्नेछ भन्ने व्यवस्था भएकोमा सो नियमको पालना भएको पाइएन। नियमले गरेको व्यवस्था पालनामा ध्यानदिनुपर्ने देखिन्छ। | | |
| ४७ | | | **लगत अध्यावधिक**<br>सामाजिक सुरक्षा नियमावली, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था गरेको छ । साथै पालिकाले प्रत्येक बर्ष लाभग्राहीको संख्या यकिन तथा केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी लगत अध्यावधिक गर्ने, भत्ता वितरणको नियमित रुपमा अनुगमन गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकामा यस वर्ष देखि बैकबाट भत्ता वितरण गरेकोमा लगत कट्टा तथा लाभग्राही थप भएको विवरण प्राप्त हुन सकेन । त्यसैगरी लाभग्राही लगतसँग सम्बन्धित व्यक्तिगत सुचना फाईल समेत तयार भएको देखिएन् । लाभग्राहीको आफन्त मृत्युदर्ता गर्न आएको अवस्थामा मात्र मृत्यु दर्ता गरी लगत कट्टा गरिने जानकारी प्राप्त भएकोले पालिकाले पेश गरेको विवरण तथा लगत कट्टा अभिलेख व्यवस्थित छ भन्न सकिने अवस्था रहेन । तसर्थ पालिकाले यस सम्बन्धमा अनुगमन गर्ने तथा बैंकमा रकम निकासा भए अनुसार सम्बन्धितले भत्ता बुझेको यकिन गरी लाभग्राही अभिलेख अध्याविधक तथा सुचना फाईल व्यवस्थित गर्नुपर्दछ । | | |
| ४८ | | | **सट्टा शिक्षक**<br>स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार माध्यामिक तहसम्मको शिक्षा स्थानीय तहको कार्य क्षेत्र रहेको देखिन्छ । जसमा पालिकाले श्रोत शिक्षकको सट्टामा अर्को शिक्षक व्यवस्थापन गरी खर्च लेखांकन गर्न मिल्ने देखिदैन । तर गोभौ २०१ मिति २०७७।०९।०५ बाट भोज सिद्ध माविलाई सट्टा शिक्षकको तलब भत्ता वापत रु.५००००० निकासा दिएको छ । श्रेस्तामा संलग्न कागजात परीक्षण गर्दा उक्त विद्यालयका शिक्षक श्री पूर्ण भद्र भूषाल गाउँपालिकामा कार्यारत रहेको उल्लेख छ । गाउँपालिकाका विद्यालय तथा शिक्षकहरुको समन्वयको लागि सातौ स्तरको शिक्षा अधिकृत सहित शिक्षा शाखा रहेकोमा पुनः विद्यालयमा कार्यारत शिक्षकलाई गाउँपालिकामा स्रोत शिक्षक वापत राखि निजको सट्टामा सट्टा शिक्षक राखेकोले पालिकाले एकै कार्यको लागि दोहोरो खर्च गरेको देखिन्छ । तसर्थ पालिकाले कानुनमा व्यवस्था नभएको अभ्यास गरी पालिकालाई थप व्ययभार पारेको देखिएको रु. | | ५००,००० |
| ४९ | | | **पाठ्यपुस्तकमा बढी निकासा**<br>गोभौ १४६ मिति २०७८।०३।२३ बाट पाठ्यपुस्तको नपुग रकम थप निकासा दिएकोमा राष्ट्रीय सरस्वती प्रथामिक विद्यालयले रु.२६११५ का पाठ्यपुस्तक खरिद गरेको विल पेश गरेको छ । तर पालिकाबाट उक्त विद्यालयलाई रु.२७३५५ निकासा भएकोले विल भन्दा रु.१२४० बढी निकासा | | १,२४० |

| | | | | |
|---|---|---|---|---|
| | | | भएको छ । उक्त बढी निकासा भएको रकम असूल हुनुपर्दछ । रु | |
| ५० | | | **बढी निकासा**<br>पालिकाले शिक्षक तलब भुक्तानी गर्दा सरुवा तथा राजिनामाको अभिलेख व्यवस्थित गरी सोही अनुसार तलब भत्ता निकासा गर्नुपर्दछ । गोभौ ५ मिति २०७७।०६।१५ बाट प्रथम त्रैमासिकको तलब भत्ता निकासा भएकोमा वाल जिवन ज्योती माविबाट मिति २०७७।०५।२१ मा त्रिभुवन मावि हेटौडामा सरुवा भई गएको शिक्षक श्री सुवास खनालको रमानामा निजको तलब भत्ता भाद्र महिना सम्मको मात्र निकासा भएको उल्लेख छ । सोही रमाना अनुसार निजको नाममा विद्यालयलाई दुई महिनाको रु.८३९७८।०० मात्र निकासा दिनुपर्नेमा रु.११९९६८।०० निकसा दिएको देखिन्छ । जसअनुसार उक्त विद्यालयलाई रु.३५९९०।०० बढी निकासा भएको देखिन्छ । उक्त बढी निकासा भएको रकम असूल हुनुपर्दछ । रु | ३५,९९० |
| ५१ | | | **छात्रबृत्ति** | |
| ५१.१ | 724 | २०७८-३-३० | बिभिन्न ५ बिद्यालयहरुलाई दलित छात्रबृत्ति वापतको रकम रु १९५१२२।०० निकासा भएको छ । सम्बन्धित बिद्यार्थिहरुले छात्रबृत्ती प्राप्त गरेको भरपाई पेश गर्नु पर्दछ ।रु | १९५,१२२ |
| ५१.२ | ५०५ | २०७८-३-३० | श्री महेन्द्र किरण माध्यमिक बिद्यालयलाई बिपन्न र जेहेन्दार छात्रबृत्ती वापत १४ बिद्यार्थिलाई प्रति विद्यार्थि रु १५ हजारको दरले रु २ लाख १० हजार भुक्तानी भएको छ । बिद्यालयले सम्बन्धित बिद्यार्थिलाई रकम बुझाएको भरपाई पेश गर्नु पर्दछ । | २१०,००० |
| ५२ | ७३२ | २०७८-३-३० | **बालमैत्री कार्यक्रम**<br>राईनो लज एण्ड होटलमा बालमैत्री कार्यक्रम सञ्चालन गरेको देखाई २० जनाको ४ रात ५ दिवसिय खर्च रु २३९९९८। भुक्तानी भएको छ । होटेलमा गरिएको गोष्ठिले बालबालिकाको हकहित र समग्र बिकासमा योगदान पुगेको देखिएन । होटल तथा रिसोर्टमा गोष्ठि तथा सेमिनार गर्ने कार्यमा नियन्त्रण गरी लक्ष्यित बर्गलाई प्रतक्ष्य लाभ पुग्ने कार्यक्रममा मात्र रकम खर्च गर्नु पर्दछ । | |
| ५३ | | | **तलबी प्रतिवेदन**<br>निजामती सेवा ऐन २०४९ को दफा ७२ ख बमोजिक तलबी प्रतिवेदन पारित गरी पारित तलबी प्रतिवेदनमा उल्लेख भए अनुसार ग्रेड रकम खर्च लेख्नुपर्दछ । साथै तलबी प्रतिवेदन सभाबाट पारित गराउन मिल्ने कानुनी व्यवस्था समेत नभएकोमा पालिकाले यस वर्ष स्वास्थ्य तर्फको तलबी प्रतिवेदन सभाबाट पारित गराएको छ । पारित तलबी प्रतिवेदनमा उल्लेख भए अनुसारको ग्रेड रकम कायम हुनुपर्ने प्रमाण कागजात संलग्न समेत राखेको | |

| | | | | |
|---|---|---|---|---|
| | | | नदेखिएकोले ग्रेड रकम सम्बन्धमा यकिन गर्न सकिएन । तसर्थ पालिकाले कानुनमा तोकीए बमोजिम प्रमाण कागजात संलग्न राखि तोकीए बमोजिम मात्र तलबी प्रतिवेदन पारित गर्नुपर्दछ । | |
| ५४ | | | **बढी ग्रेड**<br>पालिकाको सभाबाट पारित तलवी प्रतिवेदन अनुसार स्टाफनर्स श्री सुस्मिता खनालको आर्थिक वर्ष २०७८।७९ मा अधिकतम ८ ग्रेड हुने देखिन्छ । तर आर्थिक वर्ष २०७७।७८ मा निजले मासिक १० ग्रेडका दरले भुक्तानी लिएको देखिएन्छ । आर्थिक वर्ष २०७८।७९ को तलबी प्रतिवेदनको आधारमा निजलाई मासिक ३ ग्रेडको दरले बढि भुक्तानी भएको देखिन्छ । जसअनुसार निजलाई प्रति ग्रेड रु.९४० का दरले ३ ग्रेडको प्रति महिना रु.२८२० र १२ महिनाको रु.३३८४० मा कर्मचारी संचयकोष थप रु.३३८४ र पर्व खर्च रु.२८२० गरी कुल रु.४००४४ बढी भुक्तानी भएको देखिन्छ । तसर्थ बढि भुक्तानी भएको तलब रकम असूल हुनुपर्दछ । रु | ४०,०४४ |
| ५५ | | | **औषधि**<br>पालिकाले यस वर्ष औषधि खरिदको लागि रु.२४००४१३ को लागत अनुमान तयार गरी ई विडबाट सिलबन्दी दरभाउपत्र आहवान गरेकोमा दर्ता हुन आएका ६ वडा दरभाउपत्रको मुल्यौकन गरी सबैभन्दा न्यनतम कबोल गर्ने श्री मेडिसेल्स फर्माबाट रु.८२७०९९.४५ को औषधि खरिद गरेको देखिन्छ । साथै जिल्लाबाट विभिन्न मितिमा विभिन्न प्रकारका औषधिहरु समेत प्राप्त भएको जानकारी लेखापरीक्षणको क्रममा प्राप्त भएको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>क) औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको तथा पालिकाले खरिद गरेको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँधेको देखिएन ।<br>ख) पालिकाले खरिद तथा हस्तान्तरण भई आएका औषधिहरु पालिकाभित्रका स्वास्थ्यत केन्द्र तथा संस्थामा हस्तानतरण गरेकोमा उक्त संस्थाले वितरण गर नगरेको तथा औषधि को भौतीक निरीक्षण गरी सोको अवस्था खुलाई पालिकामा प्रतिवेदन गरेको देखिएन ।<br>ग) पालिकामा रहेको औषधिको मौज्दात अधिक तथा न्युन कुन अवस्थामा रहेको छ सोको व्यहोरा खुल्ने प्रमाण तथा पालिका समय समयमा निरीक्षण भएको देखिएन ।<br>तसर्थ पालिकाले विभिन्न निकायबाट हस्तान्तरण भई आएका तथा निकायलाई हस्तान्तरण गरिएका औषधिको अभिलेख व्यवस्थित गर्ने, औषधि खरिद गर्नुपुर्व भण्डारमा रहेको औषधिको मौज्दात यकिन गर्ने तथा स्वास्थ्य केन्द्र तथा संस्थाको निरीक्षण गरी वितरण कार्यलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ५६ | | | **अवकाश पछिको भुक्तानी** | ८,६२६ |

| | | | | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य तर्फको कार्यलय सहयोगी पदमा कार्यारत श्री कृष्ण बहादुर भट्ट मिति २०७७।११।२२ देखि लागु हुने गरी अनिवार्य अवकाश भएको देखिन्छ । फागुन महिनामा निजलाई खाईपाई आएको तलब रु.३५२५१ लाई दामासायिले हिसाब गर्दा २१ दिनको रु.२४८६७.७८ मात्र भुक्तानी दिनुपर्ने देखिन्छ । तर गोभौ ६१ मिति २०७७।१२।२३ मा निजलाई रु.३३४९३.६६ भुक्तानी दिएकोले रु.८६२५.८८ बढि भुक्तानी दिएको देखिन्छ । उक्त बढी भुक्तानी भएको रकम असूल हुनुपर्दछ । | |
| ५७ | | | **पारिश्रमिक कर**<br>आय कर ऐन २०५८ को दफा ८ को उपदफा २ अनुसार रोजगारीबाट भएको आय गणना गरी दफा ३ अनुसार पारिश्रमिक कर गणना गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वास्थ्यतर्फका देहायको कर्मचारीलाई पारिश्रमिक सुविधाको रकम भुक्तानी दिएकोमा नियमानुसार लाग्ने पारिश्रमिक कर कट्टी गरेको देखिएन । तसर्थ देहाय अनुसारको पारिश्रमिक कर असूल हुनुपर्दछ । रु | १०४,०३२ |

| सि नं | नाम | खुद आम्दानी रकम | कर लाग्ने आय | कर रकम |
|---|---|---|---|---|
| १ | शिवराम बानीया | ५७४१२१.०० | १२४१२१.०० | १४८२४.२० |
| २ | नाथु प्रसाद चौधरी | ५७४१२१.०० | १२४१२१.०० | १४८२४.२० |
| ३ | सुरेश राय | ६४८२५५.०० | १९८२५५.०० | २९६५१.०० |
| ४ | निर्मला अधिकारी | ५३५१८१.०० | ८५१८१.०० | ८५१८.१० |
| ५ | शान्तिदेवी ठकुरी | ५३५१८१.०० | ८५१८१.०० | ८५१८.१० |
| ६ | अभिषेक पाण्डे | ५३८५९८.०० | १३८५९८.०० | १७७१९.६० |
| ७ | टिकाराम अधिकारी | 549768 | ९९७६८.०० | ९९७६.८० |
| | जम्मा | २८०६९८३.०० | ६०६९८३.०० | १०४०३२.०० |

| | | | | |
|---|---|---|---|---|
| ५८ | ६६९ | २०७८-३-२५ | **होमस्टे**<br>पालिकाले होमस्टे सञ्चालन तथा व्यवस्थापनको लागि होमस्टे मर्मत उपभोक्ता समिति मनहरी ४ लाई रु ३ लाख भुक्तानी गरेको छ । उक्त होमस्टे सञ्चालन भई आय आर्जन गरेको र गाँउपिलकाको पर्यटन बिकासमा टेवा पुगेको सम्बन्धमा पालिकाबाट अनुगमन भएको देखिएन । पालिकाले वितरण | |

| | | | | |
|---|---|---|---|---|
| | | | गरेको अनुदानबाट तोकीएको लक्ष्य प्राप्त भए नभएको सम्बन्धमा अनुमगन गर्नुपर्दछ । | |
| ५९ | | | **कोल्ड च्यामबर**<br>कृषि बिकास निर्देशनालय, बागमती प्रदेश कृषी बिकास कार्यक्रम सञ्चालको प्रस्ताब आवहान सम्बन्धी सूचनामा यस कार्यक्रम अन्तरगत ५० प्रतिशत लाग साझेदारीमा फेब्रीकेटेड कोल्ड च्याम्बर निर्माण गर्न कृषक समुह, कृषि सहकारी, नीजी क्षैत्र वा स्थानिय तहले कोल्ड स्टोर, कोल्ड च्याम्बर निर्माण कार्यक्रम सञ्चालन ( पहिलो संशोधन ) कार्यबिधी, २०७६ बमोजिम प्रस्ताब पेश गर्न सक्ने व्यवस्था छ । सो बमोजिम पालिका आफैले कोल्ड च्याम्बर स्थापना गर्न ५० प्रतिशत साझेदारीमा सहभागी हुन सक्ने तर साना किसान सहकारी संस्था लिमिटेड र कृषि बिकास निर्देशनालय बिच २०७७।११। १८ मा भएको सम्झौता अनुसार कार्यपालिकाबाट निर्णय गरी सहकारी संस्थालाई भुक्तानी गर्न मिल्ने देखिदैन । तसर्थ कार्यबिधि र साझेदारीको मान्य सिदान्त बिपरीत स्थानिय तहको स्वामित्वमा नआउने कोल्ड च्यामबर बापत भुक्तानी भएको रु ८ लाख निर्णय गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई फिर्ता प्राप्त गर्नु पर्दछ । रु | ८००,००० |
| ६० | | | **गाई बितरण**<br>पालिकाले ४८ वटा गाई पालिकाबाट ५०००० र कृषकको १०००० गरि प्रति गाई रु ६० हजारको दरले रु २८ लाख ८० हजारमा अनुदान बितरण गरेको छ । पालिकाको पालिकाको पशु शाखामा कार्यरत डा. सरोज खतिवडा लगायतले अनुगमन गर्दा न्यूनतम १७ वटा गाई किसानहरुसग नभएको जानकारी गराउनु भएको छ । बाँकि ३१ कृषकहरुको सम्बन्धमा पनि छानबिन गरी हाल गाई पालन नगरेका निम्न किसानहरुबाट प्रचलित कानुन बमोजिमको व्याज समेत असूल गर्नु पर्दछ । | ८५०,००० |
| ६१ | | | **कृषिक अभिलेख**<br>कार्यालयले संचालन गरेका आयोजना, कार्यक्रम, कृयाकलापहरु अन्तर्गत गत विगत तथा यस वर्षमा कुन कुन कृषकलाई पुरै वा आंशिक शसर्त निशर्त वस्तुगत, नगद अनुदान तथा प्राबिधिक सेवा परामर्श सिपविकास तालिम दिइएको थियो सो को व्यबस्थित अभिलेख राखि कृषकगत प्रोफाइल लगत राखेको पाइएन । कृषकगत, लगत नहुंदा एकै प्रकृतिका कार्यक्रम एवं कृयाकलापहरुमा उहि व्यक्ति, संस्था तथा समुदाय दोहोरिन सक्ने र अनुदान प्रदान गर्नु पर्ने कृषकहरु सम्म उक्त कार्यक्रमको पहुंचको अवसरबाट बञ्चित हुनुपर्ने देखिन्छ । तसर्थ कृषकगत प्रेफाइल लगत अभिलेख तयार गरी राख्नु पर्दछ । | |
| ६२ | | | **दुधमा अनुदान**<br>पालिकाले कार्यक्रम तर्जुमा गर्दा संघ तथा प्रदेश सरकारसँग दोहोरो नपर्ने गरी गर्नुपर्दछ । पालिकाले गोभौ ८४ मिति २०७७।०७।०५ बाट प्रतिलिटर रु.१ का दरले दुधमा अनुदान वापतको ६ कृषि सहकारी समुहलाई रु.२८७९१३ भुक्तानी दिएको छ । तर उक्त कृषक समुह तथा कृषि सहकारी संस्थाले कृषकहरुलाई रकम वितरण गरेको देखिने अभिलेख लेखापरीक्षणको क्रममा पेश भएन । साथै प्रदेश सरकारबाट समेत दुधमा प्रतिलिटर रु.२ का दरले अनुदान उपलब्ध गराई रहेको अवस्थामा पालिकाले समेत सोही कार्य गरी एकै प्रकारका कार्यक्रममा दुई भिन्न निकायबाट खर्च गर्दा सिमिति कृषकहरु | २८७,९१३ |

| | | | | |
|---|---|---|---|---|
| | | | मात्र लावान्वित हुन सक्ने देखिन्छ । तसर्थ पालिकाले बजेट तथा कार्यक्रम तर्जसमा गर्दा संघ तथा प्रदेश सरकारसँग दोहोरो नहुने गरी तयार तथा कार्यान्वयन गर्नुपर्दछ । साथै कृषि समूह मार्फत बितरित रकम सम्बन्धित कृषकहरुले पाएको प्रमाण पेश गर्नु पर्दछ ।रु | |
| ६३ | | | **कर्मचारीलाई सोधर्भर्ना**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम १२३ को उपनियम ८ मा पच्चीस हजार रुपयाँ भन्दा वढी रकम एकाउण्टपेयी चेक मार्फत सम्बन्धितलाई भक्तानी गर्नु पर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना छनौटमा परेका देहाय अनुसारका कृषि तथा पशु सेवातर्फको अनुदान रकम सम्बन्धित शाखाको कर्मचारीको नामम सोधभर्ना भुक्तानी दिई निजहरु मार्फत कृषक तथा समुहलाई उपलब्ध गराएको देखिन्छ । जसबाट देहायअनुसारको अनुदान शिर्षकमा भएको खरीद कार्यमा प्रतिस्पर्धा समिति भएको छ । अनुगमन गरी नियन्त्रण गर्नुपर्ने कर्मचारीले नै भुक्तानी लिने कार्यमा नियन्त्रण गरी किसानहरुको प्रस्ताब मूल्यांकनको आधार र प्रतिस्पर्धात्मक रुपमा छनौट भएको प्रमाण पेश गर्नु पर्दछ । | |

| भौ नं | विवरण | सोधभर्ना भुक्तानी लिने कर्मचारी | रकम |
|---|---|---|---|
| १५ | थोपा सिचाई तथा पलाष्टिक टनेल खरिद गरी ३७ कृषकलाई वितरणको लागि | उज्जवल राना मगर | २२१४५०० |
| १६९ | माछापालन कार्यक्रम अन्तरगत माछाको भुरा, दान तथा जाल खरिद ८९ कृषकलाई अनुदान भुक्तानीको लागि | बरुण कुमार ठाकुर | १५००००० |
| प्र स ८ | गाई प्रवर्धन कार्यक्रम अन्तरगत २० कृषकलाई अनुदान रकम वितरण गर्ने | डा सरोज खतिवडा | १०००००० |
| सं स १४७ | बाख्रा पाकेट विकास कार्यक्रम अन्तरगत १३ कृषक तथा समुहलाई ५० प्रतिशत अनुदान | डा सरोज खतिवडा | १४५०००० |
| स स १४८ | गाई प्रवर्धन कार्यक्रम अन्तरगत ३४ कृषकलाई अनुदान रकम वितरण गर्ने | डा सरोज खतिवडा | १७००००० |
| | जम्मा | | ७८६४५०० |

| | | | | |
|---|---|---|---|---|
| ६४ | | | **माछापालानका लागि भूरा तथा दाना वितरण** | |

| | | | | |
|---|---|---|---|---|
| | | | ल्यसैगरी उपरोक्ता अनुसार माछाको भूरा तथा दाना वितरण कार्यक्रम संचालन २०७७ आषाढ र श्रवणमा संचालन भएकोमा तथा माछा तथा दाना खरिद गरी विवरण गरेको विल समावेश गरी श्री बरुण कुमार ठकुरलाई गोभौ १६९ मिति २०७७।०८।३० बाट रु.१५०००० सोधभर्ना दिएको छ । तर वितरण गरीएको माछाको भुराहरुको अवस्था सम्बन्धमा पालिकाले लेखापरीक्षण अवधि २०७८।१२।२० सम्म पनि अनुगमन नभएको कारण लक्ष्य अनुसारको उपलब्धी प्राप्त भए नभएको सम्बन्धमा यकिन गर्ने सकिएन । तसर्थ वितरित माछा तथा दान लक्ष्य अनुरुप संभालन भएनभएको सम्बन्धमा पालिकाको पदाधिकारी सहित अनुगम हुनुपर्दछ । | |
| ६५ | ६८९ | २०७८-३-२६ | **पाडिको सट्टा पाडो बितरण**<br>पालिकाले स्विकृत कार्यक्रम अनुसार छनौट भएका किसानहरुको आय आर्जन बढाई जिवन स्तरमा सुधार गर्ने उदेश्यले ३२ वटा पाडी रु ६ लाखमा खरिद गरि बितरण गर्ने लक्ष्य राखेकोमा पाडा खरिद गरि बितरण गरेको देखियो । यस सम्बन्धमा पशु शाखा प्रमुखसग छलफल गर्दा पाडा बितरण गरि मासु बिक्रीबाट आयआर्जन गर्ने उदेश्यले पाडीको सट्टा पाडो बितरण गरिएको जानकारी गराउनु भएको छ । यस कार्यक्रमको प्रमुख उदेश्य गाँउपालिकामा रहेका निम्न बर्गिय दलित किसानहरुलाईख पाडि बितरण गरी आय आर्जन बढाउने र समग्र गाँउपालिकाको स्तर बृद्धि गर्ने रहेको भनि एक प्रतिबेदन पालिकाबाट तयार भएको छ । मासूको लागि पाडो बितरणबाट आय आर्जन हुने विषयमा आश्वस्त हुन सकिएन । तसर्थ पाडि खरिद गरी आय आर्जन वृद्धि गर्ने कार्यक्रममा मासुका लागि पाडा वितरण गरी पालिकालाई थप व्ययभार मात्र भएको देखिन्छ । कार्यक्रम बिपरित खर्च भएको र सञ्चालन भएको कार्यक्रमबाट आय अर्जनमा सहयोग पुगेको नदेखिएको रु | ६००,००० |
| ६६ | ७१८, ६५३ , १५३ | २०७८-३-३० | **फलफुल बिरुवा**<br>गाउपालिका चालु तर्फको भौचर नम्बर ७१८ नेपाल कृषि सहकारी केन्द्रिय संघ लिमिटेड धोबिघाटबाट रु १९५००० आँप, लिचि, कागति, कटहर , अनार आदिको १९०० बिरुवा खरिद गरी रु १९५०००।०० भुक्तानी भएको छ । यसैगरी गाउपालिका चालु तर्फको भौचर नम्बर ६५३ र संघिय शशर्तको भौचर नम्बर १५३ मा बिभिन्न प्रजातीका फलफुलको बिरुसा खरिद गरि रु ४५२०२५।०० भुक्तानी भएको छ । खरीद गरिएका बिरुवाहरु बिभिन्न किसानहरुलाई बितरण गरिएको जानकारी पालिकाले गराएको छ । बितरित बिरुवाहरुको रोपण तथा संरक्षण भई फलफुल उतपादन भएको अनुगमन हुनु पर्दछ । | |
| ६७ | ४२५ | २०७८-१-८ | **पशु गर्भाधान कार्यक्रम**<br>पालिकाले ३० वटा गाई ,भैसी तथा बाख्राको कृत्रिम गर्भाधान कार्यक्रमको रु २५०८००।०० खर्च लेखांकन गरेको छ । कृत्रिम गर्भाधान गराएका गाई, भैसी तथा बाख्राको सफल प्रसुती दर सम्बन्धि अभिलेख तथा प्रमाण पेश गर्नु पर्दछ । रु | २५०,८०० |
| ६८ | 723, 607 | २०७८-३-३० | **स्पेशिफिकेसन नखुलाई खरिद** | |

सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेसिफिकेसनको आधारमा तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले भौचर नम्बर ७२३ बाट १० थान रेनकोट, १० थान व्याग र १० थान जुत्ता खरिद गरि रु १४९९५१।०० खर्च लेखांकन भएको छ । यसै गरी भौचर नम्बर ६०७ बाट ४४ थान व्याग खरिद गरि रु १३१२६०।०० भुक्तानी भएको छ । आर्थिक बर्षको अन्त्यमा खरिद खर्च लेखांकन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

६९

**छात्रवृत्ती**

पालिकाले यस वर्ष वडाको कार्यक्रम अन्तरगत गोभौ ४७७ मिति २०७८।०३।३० बाट निर्मला मध्यामिक विद्यालयमा ईलेक्ट्रीकल ईन्जिनियरिङ्ग कक्षामा डिप्लोमा तहमा अध्यानरत देहाय अनुसार ५ जना विद्यार्थिलाई तेस्रो सेमेस्टरको शुल्क वापतको रकम रु.१००००.०० छात्रवृत्ती उपलब्ध गराएको छ । तर उक्त छत्रवृत्ती उपलब्ध गराउन पालिकाले सुचना प्रकाशन गरेको, जेहेन्दार विद्यार्थिको छनौट गरेको तथा निजहरुले अध्ययन पुरा गरे पश्चात पालिकामा सेवा गर्ने प्रतिवद्धता सहितको सम्झौता गरेको देखिएन । जसबाट पालिकाले प्रदान गरेको छात्रवृत्ती पारदर्शी रहेको तथा उक्त छात्रवृत्तीबाट अध्यायन पुरा गरेको तपसिल बमोजिमका विद्यार्थिहरुले पालिकामा अध्ययन पश्चात सेवा दिने अवस्था देखिएन । नेपाल सरकार तथा मातहतका निकायहरुले अध्यायन सम्पन्न भए पश्चात सेवा गर्ने सम्झौता सहित छात्रवृत्ती प्रदान गर्ने अभ्यास रहेको छ । तसर्थ पालिकाले देहाय अनुसार विद्यार्थिहरुसँग सेवा गर्ने सम्झौता गरेको प्रमाण पेश गरी आवश्यक प्रकृया पुरा गरी छात्रवृत्ती प्रदान गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सि.नं. | नाम | रकम |
|---|---|---|
| १ | दिपेश थिङ्ग | २०००० |
| २ | रुपेश रुम्बा | २०००० |
| ३ | रितु लोप्चन | २०००० |
| ४ | आईत सिं थिङ्ग | २०००० |
| ५ | रोशन जिम्बा | २०००० |
| | जम्मा | १००००० |

७०

**विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खाना तथा विविधतर्फ संघीय सरकार राजस्व बाँडफाँडबाट रु.१८००४३९ तथा आन्तरिक श्रोततर्फ रु.६४३०००

| | | | | |
|---|---|---|---|---|
| | | | खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ७१ | | | **टोटलस्टेशन भाडा**<br>पालिकाले ऐलानी जग्गा नापजाँचको लागि चितवन डिजाईन एण्ड कन्सल्टेन्सीबाट टोटलस्टेशन भाडामा लिने सम्झौता गरे अनुसार मिति २०७७।१२।२० देखि २०७८।०३।३१ सम्म भाडामा लिएको छ । ऐलानी जग्गा नापजाँचको कार्य सूरु नै नभएको अवस्थामा समेत उक्त मितिको भाडा वापत गोभौ ४८१ मिति २०७८।०३।३० बाट चितवन डिजाईन कन्सल्टेन्सीलाई रु.३०५८७९।०० भुक्तानी भएको छ । श्रेस्तामा संलग्न भुक्तानी कागजात परीक्षण गर्दा शाखा प्रमुखले आवश्यक प्रकृया पुरा नगरि भाडामा लिएकोले उक्त भाडा प्रकृया विश्वशनीय नभएको भनी आर्थिक प्रशासनबाट राय पेश भएकोमा भुमी व्यवस्था शाखाका अमिनले भाडामा लिएको टोटल स्टेशन ठीक र दुरस्त रहेको भनी भुक्तानीको लागि सिफारिस गरेको छ । साथै भूमी सम्बन्धी कार्य नै सूरु नभएको तथा भूमि शाखामा ३ महिना भन्दा बढि समय स्टक हुने गरी राखेको अवस्थामा कन्सल्टेनसी भाडा वापतको रकम भुक्तानी भएको देखिन्छ । कार्यनै सूरु नभएको अवस्था मेसिन भाडामा लिने तथा भाडामा लिई कार्यालयमा राख्ने तथा सम्झौता अवधि समप्त भए पशश्चात फिर्ता गरेको देखिएकोले पालिकालाई कार्य नभएको अवस्थामा रु.३०५८७९ दायित्व सिर्जना भएको छ । तसर्थ कार्य नभएको अवस्था मेसिन भाडा सम्झौता गरी मेसिन कार्यालयमै राख्नेलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| ७२ | | | **विद्यालय अनुदान**<br>पालिकाले वार्षिक सभाबाट विनियोजन भए अनुसारको शिर्षक तथा कार्यमा फरक नपर्ने गरी योजना तथा बजेट कार्यान्वय गर्नुपर्दछ । पालिकाले गोभौ ४७८ मिति २०७८।०३।३० बाट महेन्द्र किरण माविलाई ईसिडी कक्षा व्यवस्थापनका लागि भनी रु.३०००००।०० निकासा दिएको छ । तर उक्त रकम बाट विद्यालयले निर्माणधिन ४ कोठे व्यवायिक भवनको कार्य पुरा गर्न झ्याल, ढोका तथा शौचालय निर्माण लगायतका कार्य गरेको नापि किताब श्रेस्तामा संलग्न रहेको छ । ईसिडी कक्षा व्यवस्थापन गर्ने भनी सभाबाट विनियोजन भएको रकमबाट वडा तथा विद्यालय व्यवस्थापन समितिको निर्णयबाट विद्यालयको झ्याल, ढोका तथा शौचालय निर्माण गर्ने कार्यमा खर्च गर्न मिल्ने देखिदैन् । भवन निर्माण गर्दा झ्याल, ढोका तथा शौचालय समेत भवन निर्माण कार्य भित्र पर्ने भएकोले पालिका अनुदानबाट निर्माणाधिन भवनमा शौचलय निर्माण गरेको भनी भुक्तानी दिदा दुवैतर्फ नापी भई भुक्तानी हुन सक्ने देखिन्छ । तसर्थ यस सम्बन्धमा पालिका प्रमुखले अनुगमन गरी दोहोरो परे नपरेको यकिन गर्ने तथा शिर्षक फरक पारी खर्च गरेको सम्बन्धमा नियमित गरेको प्रमाण पेश हुनुपर्दछ । रु | ३००,००० |
| ७३ | | | **क्याम्पसलाई बजेट**<br>स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार मध्यामिक तह सम्मको शिक्षा मात्र स्थानीय तहको अधिकार श्रेत्र रहेको उल्लेख छ । जसअनुसार उच्च माध्यमिक शिक्षा सम्बन्धि कार्य संघ तथा प्रदेश सरकारको समन्वय वेगर पालिकाले गर्न सक्ने देखिदैन् । पालिकाले मनहरी बहुमुखी क्याम्पस भवन निर्माणका लागि गोभौ २९२ मिति २०७८।०३।०७ बाट रु.२४ लाख ५० हजार रकम उपलब्ध गराएको छ । उक्त रकमबाट क्याम्पसले भवन निर्माण कार्य नगरी कम्पाउण्ड वाल निर्माण गरेको नापी किताब श्रेस्तामा संलग्न रहेको छ । भवन निर्माण कार्यको लागि भनी सभाबाट बजेट विनियोजन भएकोमा | २,४५०,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | क्याम्सपले कम्पाउण्ड वाल निर्माण गर्न पाउने देखिदैन् । साथै क्याम्प्सको भौतीक संरचना निर्माणका लागि प्रदेश सरकार तथा विश्वविद्यालय अनुदान अयोगबाट समेत बजेट निकासा हुने भएकोले उक्त कम्पाउण्ड वाल निर्माणका लागि तालुक निकायहरुबाट बजेट प्राप्त नभएको प्रमाण समेत श्रेस्तामा संलग्न रहेको देखिएन । तसर्थ पालिकाले कार्य क्षेत्र बाहिरको निर्माण कार्य गर्दा सम्बन्धित नियकाहरुसँग समन्वय गर्ने तथा उपरोक्ता अनुसार उपलब्ध गराएको अनुदान दोहोरो नपरेको सुनिश्चित गर्नुपर्दछ । साथै पालिकाले भवन निर्माणका लागि उपलब्ध गराएको बजेटबाट कम्पाउण्ड वाल निर्माण गरेकोले वजेट विनियोजन भए अनुसार कार्य भएको नदेखिएको रु | |
| ७४ | | | **मौजुदा सुची**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ क बमोजिम प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा ४, दफा ४१ को उपदफा १ को खण्ड क र दफा ४६ बमोजिम गरिने खरिदको लागि खरिदको प्रकृति अनुसार आपुर्तीकर्ता, निर्माण व्यवसायि, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायको दफा १० को उपदफा २ बमोजिम योग्यताको आधारमा छुट्टाछुट्टै सुची तयार गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले उपरोक्त अनुसार मौजुदा सुची तयार गरेको देखिएन् । जसबाट योग्ता नपुगेको तथा क्षमता नभएकोबाट गुणस्तरिय सेवा प्रवाह नहुन सक्ने अवस्था देखिएकोले पालिकाले तोकीए अनुसार मौजुदा सूची तयार गरी खरिद गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ७५ | | | **ठेक्का अभिलेख**<br>सार्वजनिक निकायले ठेक्का बन्दोबस्त गरि निर्माण गरेको कार्यहरुको विवरण स्पष्ट देखिने गरी ठेक्का अभिलेख खाता महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा तयार सुरक्षित राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ । यस कार्यालयले यस वर्ष ठेक्का व्यवस्थापन गरेकोमा स्वीकृत म.ले.प.फा.नं. ५०७ अनुसारको ढाँचामा ठेक्का अभिलेख राखेको पाईएन । जसबाट एक भन्दा बढी रनिङ बिल भुक्तानी तथा बहुवर्षीय योजनाको एकीकृत भुक्तानी अभिलेख प्राप्त हुन सकेन । तसर्थ तोकिएको ढाँचामा ठेक्का अभिलेख राख्ने व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ । | |
| ७६ | | | **आन्तरिक नियन्त्रण**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• पालिकाबाट योजना तथा कार्यक्रम छनौट गर्दा वितरण मुखी हुने गरी छनौट गरको देखिन्छ ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरेकोमा कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । | |

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कतिपय विल भर्पाइहरु सहितको गोश्वरा भौचर कार्यालय प्रमुखबाट प्रमाणित भएको पाईएन ।

• कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• भ्रमण प्रतिवेदन लिने नगरेको तथा ईन्धन खर्च सम्बन्धमा सवारी लगबुक राखेको देखिएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा ६०।४० को बाहेक उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था भए अनुसार पालिकाले सभाबाट तलवी प्रतिवेदन पारित गरेको छ । सभाबाट तबी प्रतिवदन पारित गर्ने कानुनी व्यवस्था नदेखिएकोले कर्मचारीको व्यक्तिगत फाईल तयार गरी तोकीए बमोजिम तलबी प्रतिवेदन पारित गर्नुपर्दछ ।।

| | | | | |
|---|---|---|---|---|
| | | | तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७७ | | | **सार्वजनिक जग्गाको अभिलेख र संरक्षण**<br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |
| ७८ | | | **जिन्सी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन २०७६ को दफा २६ को उपदफा ४ मा कार्यालय प्रमुखले प्राप्त जिन्सी सामानहरुको मुल्य खुलाई अभिलेख राख्नुपर्ने र तोकीएको समय भित्र जिन्सीको विवरण तालुक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयको विभिन्न निकायबाट हस्तान्तरण भएका जिन्सी सामानहरुको मुल्य खुलाई PAMS मा अभिलेखिकरण गरी सोको विवरण तथा प्रतिवेदन तालुक निकायमा पठाएको देखिएन् । अत ऐनको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ७९ | | | **खरिद योजना तथा गुरुयोजना**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकीएको सिमाको भन्दा बढी रकमको खरिद गर्दा तोकीए बमोजिम खरिद गुरुयोजना तथा खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वार्षिक खरिद योजना तथा खरिद गूरुयोजना तयार गरेको नदेखिएकोले पालिकाले वर्ष भरी के कति परिमाणमा खरिद कार्य गर्ने तथा कुन खरिद विधि अपानाउने लगायतका महत्वपूर्ण पक्षहरु सहितको योजना नहुदाँ कार्यालयले आवश्यकता बमोजिम खरिद गर्दै गएकोले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार सिमा नाघ्न गई खरिद प्रकृयामा सबैलाई समान सहभागी हुने अवसर सुनिश्चित भएको नदेखिएकोले कार्यालयले खरिद व्यवस्थापनमा विशेष ध्यान दिनुपर्दछ । | |
| ८० | | | **चौमासिक प्रतिवेदन**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयलाई चौमासिक लक्ष्य तोकी आए अनुसार चैमासिक प्रगित विवरण तयार गरेको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष पुजिगतर्फ रु.३२६६४५२१६.०० खर्च गरेको छ । जसमध्ये प्रथम चौमासिकमा रु.१९८९४६६७ अर्थात कुल खर्चको तुलनामा ६.०९ प्रतिशत, दोस्रो चौमासिकमा रु.५५२५७८८ अर्थात कुल खर्चको तुलनामा १६.९२ प्रतिशत र तेस्रो चौमासिकमा रु.२५१४९२६६१ अर्थात कुल बजेट खर्चको ७६.९९ प्रतिशत खर्च गरेको छ । तसर्थ आर्थिक वर्षको अन्तमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ८१ | | | **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको गरेको छ । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने व्यवस्था छ । बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नु पर्दछ । आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाको विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराएको देखिएन । तसर्थ कानुनमा उल्लेख भए अनुसार समितिले कार्य गर्नुपर्दछ । | |
| ८२ | | | **प्रगती विवरण**<br>कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गर्नुपर्दछ । तर पालिकाले तोकीए बमोजिम चौमासिक प्रगति विवरण तयार गरी संघ तथा प्रदेश निकायमा पठाएको पाईएन । तसर्थ पालिकाले चौमासिक प्रगति विवरण तयार गरी तोकीए बमोजिमको समयभित्र विवरण पेश गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ८३ | | | **नाफा मुलक संस्थालाई अनुदान**<br>– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । पालिकाले कार्यालयको दैनीक कार्य संचालन गर्न भवन नभएको अवस्थामा भवन भाडामा लिई खर्च लेखेको अवस्थामा समेत पालिकाले देहाय अनुसारका बचत तथा ऋण सहकारी संस्थालाई भवन तथा कम्पाउण्ड वाल निर्माण लगायतका कार्यमा अनुदान दिएको छ । जसबाट पालिकाको सेवा प्रवाहलाई सहज तथा सुलभ बनाउने कार्य भन्दा नाफामूलक संस्थाको भौतीक संरचना निर्माणको लागि खर्च गरेको देखिन्छ । साथै अनुदान लिएका नाफामुलक संस्थाले स्थानिय जनतालाई दिएको सहुलियत तथा सुविधाको सम्बन्धमा समेत पालिकाबाट अनुगमन भएको पाईएन् । तसर्थ नाफामुलक संस्थालाई अनुदान उपलब्ध गराउने कार्य अनियमित देखियो । | ९०३,०९६ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि नं</th><th>नाम</th><th>अनुदान रकम</th></tr>
<tr><td>१</td><td>शान्ति स्ववलम्बन बचत तथा ऋण सहकारी संस्था लिमिटेड</td><td>२००००० </td></tr>
<tr><td>२</td><td>दिव्य ज्योती महिला बचत तथा ऋण सहकारी संस्था लि</td><td>७०३०९६</td></tr>
<tr><td>जम्मा</td><td></td><td>९०३०९६</td></tr>
</table>
</td><td></td><td></td></tr>
<tr><td>८४</td><td></td><td></td><td>योजना प्रथामीकीकरण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । पालिकाले योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>८५</td><td></td><td></td><td>योजना अनुगमन तथा फरफारक समिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ बमोजिम कार्यपालिकाले आफ्नो कार्यहरु व्यवस्थित गर्ने समितिहरु बनाउन सक्ने व्यवस्था गरेको छ । साथै दफा १६ मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने व्यवस्था गरेको छ । सोही व्यवस्था अनुसार पालिकाले योजना कार्यान्वयनको निरीक्षण तथा भुक्तानीको सिफारिसको लागि उपप्रमुखको संयोजकत्वमा पालिका स्तरीय योजना अनुगमन तथा फरफारक समिति गठन गरेको छ । साथै पालिकाले रु.५ लाख भन्दा कमका योजना सम्बन्धित वडाको वडा अध्यक्ष तथा रु.५ लाख भन्दा बढीको योजनाहरु उपप्रमुखबाट अनुगमन हुने गरी कार्यपालिकाले निर्णय गरे अनुसार कार्य गरेको देखिन्छ । साथै रु.५ लाख भन्दा बढिका अधिकांश योजनामा उपप्रमुखबाट भएको अनुगमन प्रतिवेदन तथा योजना कार्यान्वयन क्रममा भएको सिफारिस लागायतका विषयहरु भुक्तानीको श्रेस्तामा संलग्न रहेको देखिएन । त्यसैगरी वडाबाट नै योजना निर्माणको सम्पन्न तथा भुक्तानीको सिफारिस हुने र सोही व्यक्तीले पुन योजना अनुगमन गरी भुक्तानीको सिफारिस गर्दा योजना अनुगमन कार्य प्रभावकारी हुन नसक्ने देखिएकोले पालिकाबाट संचालित सबै योजनाहरु उपप्रमुखको संयोजकत्वमा गठित समितिबाट गराउने तथा सोही समितिको सिफारिसको अधारमा मात्र योजनाको भुक्तानि दिनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण</td><td></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने तथा अन्तीम लेखापरीक्षण हुन पुर्व आन्तरिक लेखापरीक्षणबाट देखिएको व्यहोराहरु असूल फछ्र्यौट गराउनुपर्ने उल्लेख छ । पालिकाले यस वर्षको खर्च तथा आम्दानीका कारोबार र कोषहरुको आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु लेखापरीक्षण अविधि सम्म पनि फछ्र्यौट भएको देखिएन । तसर्थ आन्तरिक लेखापरीक्षणबाट औल्याएका सैदान्तीक व्यहोराहरु तोकीए बमोजिम फछ्र्यौट हुनुपर्दछ । | |
| ८७ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ को उपनियम ३ मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेश्की म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फर्छ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई बेरुजू नमानिने उल्लेख छ । कार्यालयबाट प्राप्त विवरण अनुसार २०७७।७८ को आर्थिक वर्षको अन्तसम्ममा म्याद बाँकी रहेको देहाय अनुसार पेश्की बाँकी रहेको रहेको देखिन्छ । उक्त बाँकी पेश्की रकम तोकीए बमोजिम फछ्र्यौट हुनुपर्दछ । रु | ८,६१४,५३० |

| सि नं | मिति | भौचर | वापत | पेश्की लिनेको नाम | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ०४/०१/२०७७ | १ | केन्द्र तथा वडा कार्यालय भवन निर्माण | तरुण कन्स्ट्रक्सन | १९६९००० | ० | १९६९००० |
| २ | ०४/०१/२०७७ | १ | केन्द्र तथा वडा कार्यालय भवन निर्माण | मनकामना विल्डर्स | ४५०००० | ० | ४५०००० |
| ३ | ०४/०१/२०७७ | १ | केन्द्र तथा वडा कार्यालय भवन निर्माण | रत्न कुमारी एण्ड सन्स | ७७५००० | ० | ७७५००० |
| ४ | ०४/०१/२०७७ | १ | केन्द्र तथा वडा कार्यालय भवन निर्माण | रत्न कुमारी एण्ड सन्स बिल्डर्स | ६७५००० | ० | ६७५००० |
| ५ | ०७/२४/२०७७ | १९ | ६ वटा स्वास्थ्य संस्था भवन निर्माण | गुरुकुल विल्डर्स एण्ड सप्लायर्स | १३०३००० | ० | १३०३००० |
| ६ | ०९/१५/२०७७ | ४३ | हाँडीखोला पुल निर्माण | भैरव । नारायणम । ज्ञानेश जे. भी. | २२५०००० | ० | २२५०००० |
| ७ | ११/१०/२०७७ | ८६ | रुपाचुरी सडक स्तरिकरण | जय भैरव निर्माण सेवा | ८६३६२९ | ० | ८६३६२९ |
| ८ | ११/१३/२०७७ | ९० | द्वाङ्ग्रा खोला पुल निर्माण | हिराचन–बानिया जे.भी. | २७३७५०० | ० | २७३७५०० |
| ९ | ११/१३/२०७७ | ९० | मसिने खोला पुल निर्माण | हिराचन–बानिया जे.भी. | २७७९००० | ० | २७७९००० |
| १० | ११/१३/२०७७ | ९० | च्यापल पुल निर्माण | हिराचन–बानिया जे.भी. | २६४६००० | ० | २६४६००० |
| ११ | ११/१३/२०७७ | ९० | ठाडो खोला पुल निर्माण | हिराचन–बानिया जे.भी. | ३६७३००० | ० | ३६७३००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | १२/०५/२०७७ | ११५ | हाँडीखोला पुल निर्माण | भैरव । नारायणम । ज्ञानेश जे. भी. | २२५०००० | ० | २२५०००० |
| १३ | १२/३०/२०७७ | १६८ | द्वाङ्ग्रा खोला पुल निर्माण | हिराचन–बानिया जे.भी. | २७३७५०० | ० | २७३७५०० |
| १४ | १२/३०/२०७७ | १६८ | च्यापल पुल निर्माण | हिराचन–बानिया जे.भी. | २३४१२४७ | ० | २३४१२४७ |
| १५ | ०३/२३/२०७८ | ४१३ | ठाडो खोला पुल निर्माण | हिराचन–बानिया जे.भी. | ० | ३६७३००० | ३६७३००० |
| १६ | ०३/२४/२०७८ | ४१९ | मसिने खोला पुल निर्माण | हिराचन–बानिया जे.भी. | ० | २७७९००० | २७७९००० |
| १ | ०४/०१/२०७७ | १ | गत बिगत आ.ब. को पेश्की | एन.अ ा ंइ.सी. एसीया बैक | ३६५७२०० | ० | ३६५७२०० |
| २ | ०४/०१/२०७७ | १ | गत वर्षका भुक्तानी दिनु पर्ने क्रमागत योजनाहरु | नेपाल विधुत प्राधिकरण | ११३५७८५ | ० | ११३५७८५ |
| ३ | ०४/०१/२०७७ | १ | ट्न्सफर्मर लगायत अन्य विधुतिय पुर्वाधार वनकरिया र डोलबारी टोल | नेपाल विधुत प्राधिकरण | ५९९७९० | ० | ५९९७९० |
| ४ | ०४/०१/२०७७ | १ | तारपोल लगायत विधुतिकरण कार्यक्रम | नेपाल विधुत प्राधिकरण | १०००००० | ० | १०००००० |
| ५ | ०४/०१/२०७७ | १ | बिधुत विस्तार डण्डीवारी रातोमाटे चिसापानी झुल्यान शिखरबास बसन्तपुर तारपोल टान्सफरमर योजना | नेपाल विधुत प्राधिकरण | १५९९६२६ | ० | १५९९६२६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | ०४/०१/२०७७ | १ | विपत व्यवस्थापन कोष स्थापना | नेपाल विधुत प्राधिकरण | १५४०५० | ० | १५४०५० |
| ७ | ०४/०१/२०७७ | १ | उपाध्यक्ष वालिका सुरक्षा कार्यक्रम | नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लि. हेटौडा | ५०००००० | ० | ५०००००० |
| ८ | ०४/०१/२०७७ | १ | गत बिगत आ.ब. को पेश्की | सिटिजन्स बैक | ३२३३६०० | ० | ३२३३६०० |
| ९ | ०४/०१/२०७७ | २०७ | सामाजिक सुरक्षा भत्ता | एन. आई. सि. एसिया बैंक लि. | ६६९१००० | ० | ६६९१००० |
| १० | ०३/०४/२०७८ | २७९ | एम्बुलेन्स खरिद | अग्री इन्कर्पोरेटेड प्रा.लि.काठमाण्डौ-३पानीपोखरी | ० | २१६२५३० | २१६२५३० |
| १ | ०४/०१/२०७७ | १ | गत बिगत आ.ब. को पेश्की | अ ादित्य बहादूर तामाङ | ९९,००० | ० | ९९,००० |
| २ | ०४/०१/२०७७ | १ | गत बिगत आ.ब. को पेश्की | ऋिषिराम के.सी | १,५०० | ० | १,५०० |
| ३ | ०४/०१/२०७७ | १ | आमा सुरक्षा कार्यक्रम | कृष्ण कुमार यादब | ५०,००० | ० | ५०,००० |
| ४ | ०४/०१/२०७७ | १ | गत बिगत आ.ब. को पेश्की | गोकुल प्रसाद शर्मा | ३०,००० | ० | ३०,००० |
| ५ | ०४/०१/२०७७ | १ | गत बिगत आ.ब. को पेश्की | ज्ञानेन्द्र ढकाल | १,४०० | ० | १,४०० |
| ६ | ०४/०१/२०७७ | १ | परिवार नियोजन सुरक्षित मातृत्व FCHV सेवा दिवस मनाउने | टिकाराम अधिकारी | ३०,००० | ० | ३०,००० |


https://nams.oag.gov.np

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ७ | ०४/०१/२०७७ | १ | महिला स्वास्थ्य स्वयम सेविका सहयोग कार्यक्रम | टिकाराम अधिकारी | ४०००००० | ० | ४०००००० | | |
| | | | ८ | ०४/०१/२०७७ | १ | वार्षिक समिक्षा वैठक | टिकाराम अधिकारी | २८,००० | ० | २८,००० | | |
| | | | ९ | ०४/०१/२०७७ | १ | गत बिगत आ.ब. को पेश्की | धन कुमारी मुक्तान | ३१५००० | ० | ३१५००० | | |
| | | | १० | ०४/०१/२०७७ | १ | गत बिगत आ.ब. को पेश्की | नबिन पौडेल | ९४,८५० | ० | ९४,८५० | | |
| | | | ११ | ०४/०१/२०७७ | १ | गत बिगत आ.ब. को पेश्की | पदम बहादुर भेटवाल | ९०,००० | ० | ९०,००० | | |
| | | | १२ | ०४/०१/२०७७ | १ | आमा सुरक्षा कार्यक्रम | प्रेक्षा गौतम | १५०००० | ० | १५०००० | | |
| | | | १३ | ०४/०१/२०७७ | १ | जिरोहोम डेलिभरी | प्रेक्षा गौतम | ५०,००० | ० | ५०,००० | | |
| | | | १४ | ०४/०१/२०७७ | १ | विभिन्न खोपहरु लगाए वापत भ्याक्सिनेटरलाई पारिश्रमिक | बरुण कुमार ठाकुर | ८८,००० | ० | ८८,००० | | |
| | | | १५ | ०४/०१/२०७७ | १ | गत बिगत आ.ब. को पेश्की | बलराम प्रजा | २०,००० | ० | २०,००० | | |
| | | | १६ | ०४/०१/२०७७ | १ | गत बिगत आ.ब. को पेश्की | बिदुर पाठक | ४५,००० | ० | ४५,००० | | |
| | | | १७ | ०४/०१/२०७७ | १ | गत बिगत आ.ब. को पेश्की | भुवन कुमार जौशी | ६०,००० | ० | ६०,००० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८ | ०४/०१/२०७७ | १ | गत बिगत आ.ब. को पेश्की | राम प्रसाद रिजाल | ५०,००० | ० | ५०,००० |
| १९ | ०४/०१/२०७७ | १ | कार्यक्रम खर्च | विदुर पाठक | ३००००० | ० | ३००००० |
| २० | ०४/०१/२०७७ | १ | राजश्व व्यवस्थापन तथा कर शिविर | विदुर पाठक | २०,००० | ० | २०,००० |
| २१ | ०४/०१/२०७७ | १ | वपंजिकरण अभियान तथा सेवा सुदृढीकरण अभियान | विदुर पाठक | ३३,००० | ० | ३३,००० |
| २२ | ०४/०१/२०७७ | १ | गत बिगत आ.ब. को पेश्की | शकर श्रेष्ठ | ३५,००० | ० | ३५,००० |
| २३ | ०४/०१/२०७७ | १ | गत बिगत आ.ब. को पेश्की | सरस्वती परियार | ६५,००० | ० | ६५,००० |
| २४ | ०४/०१/२०७७ | १ | गत बिगत आ.ब. को पेश्की | सरिता लम्साल | ५०,००० | ० | ५०,००० |
| २५ | ०४/०१/२०७७ | १ | गत बिगत आ.ब. को पेश्की | हरी गोपाल रिमाल | ३०,००० | ० | ३०,००० |
| २६ | ०८/१२/२०७७ | १५० | सार्वजनिक जग्गाको लगत संकलन लगत संकलन तथा संरक्षण र जग्गा नापी समेत | राजेन्द्रप्रसाद चौलागाई | १००००० | ० | १००००० |
| २७ | १०/२७/२०७७ | २९४ | सेवा शुल्क | बच्चुराम राई | ५,००० | ० | ५,००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २८ | ११/१८/२०७७ | ३४६ | सार्वजनिक उपयोगिताको सेवा खर्च | ओशिन नगरकोटी | १००००० | ० | १००००० |
| २९ | १२/२६/२०७७ | ४०३ | तरकारी फलफुल र खाद्यवाली विउ वितरण | उज्वल राना मगर | ६,९०० | ० | ६,९०० |
| ३० | ०१/०३/२०७८ | ४१७ | क्योकुसिन कराँते प्रशिक्षण तथा प्रशिक्षक व्यवस्थापन | नविन सुबेदी | १२०००० | ० | १२०००० |
| जम्मा | | | | | ४८४८८५७७ | ८६१४५३० | ५७१०३१०७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८८ | | | **शिक्षक अभिलेख**<br>शिक्षा नियमाबली, २०५९ को परीच्छेद ३ नियम १६ मा सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्याबधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले नियमाबलीमा व्यवस्था भएबमोजिमको शिक्षकको विद्यालयगत दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका शिक्षक सम्बन्धी बिबरण आदीको अभिलेख राखेको पाईएन । तसर्थ नियमाबलीको परिपालना गरि शिक्षक सम्बन्धी अभिलेखको उचित व्यबस्थापनमा ध्यान जानुपर्ने देखिन्छ । | | |
| ८९ | | | **श्रेस्ता पेश नभएको**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमायली २०७७ को नियम ३९ मा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिका पुजिगत तर्फ गोभौ १७ मिति २०७७।०७।०६ बाट पुजिगत भैपरी शीर्षकबाट ठाडोखोला झुल्यान बस्ती बचाउ उपभोक्ता समिति मनहरी २ लाई तटबन्ध/रिटेनिङ्ग वाल/ नालानिर्माण कार्य भनी रु.१० लाख खर्च लेखेको छ । तर लेखापरीक्षणको क्रममा उक्त कार्यको लागत अनुमान, सम्झौता, कार्य भएको पुष्टी हुने नापी किताब, कार्यसम्पन्न प्रतिवेदन तथा उपभोक्ता समितिले पेश गरेको विल भरपाई लागायतका कागजात पेश हुन सकेन । लेखापरीक्षणको क्रममा २०७७।११।२८ को कार्यपालिकाको निर्यण नं ५ मा सक्कल फाईल सहितको श्रेस्ता पालिका उपप्रमुख श्री मनीला विष्टको जिम्मामा रहेकोले उक्त फाईल फिर्ता माग गर्ने निर्णय भएको छ । तर लेखापरीक्षणको क्रममा उपाध्यक्षले उक्त फाईल आफूसग नरहेको बताउनु भएको छ । खर्चको सम्झौता, बिलभरपाई लगायतका कागजात पेश नहुदाँ यस शिर्षकमा भएको खर्च यथार्थ परक हो होईन परिक्षण गर्न सकिएन। यसर्थ यस कार्यक्रमको योजना छनौट, योजना स्विकृति , योजना कार्यान्वयन र योजनाको प्रभावकारीता लगायतका सबै बिषयहरुको छानबिन गरि छानबिनको प्रतिबेदन र श्रेस्ता पेश गर्नु पर्दछ । रु | | १,०००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ९० | | | **बजेट अवण्डा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्नेमा व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष भैपरी आउने विविधमा चालुतर्फ रु.५० लाख र पुजिगततर्फ रु.५० लाख गरी रु.१ करोड अवण्डा राखेको देखिन्छ । उक्त अवण्डा रकम विभिन्न मितिमा कार्यपालिकाबाट निर्णय गरी खर्च गरेको देखिन्छ । तसर्थ पालिका बजेट अवण्डा राखि खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ९१ | | | **रकमान्तर**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७९ मा रकमान्तर सम्बन्धी व्यवस्था रहेको छ । पालिकाको मिति २०७७।०३।२५ को गाउँसाभाबाट देहाय अनुसार बजेट तथा कार्यक्रम पारित गरेकोमा कार्यपालिकाले पटक पटक निर्यण गरी १० वटा कार्यक्रमबाट रु २ करोड ३५ लाख ५० हजार विनियोजित रकम घटाई ६५ योजनामा रु १५ करोड ०७ लाख ७० हजार वजेट थप गरेको छ।<br>यसरी रकमान्तर तथा योजना संशोधन गर्दा खर्च घटाएको भन्दा रु १२ करोड ७२ लाख २० हजारले थप खर्च बढाएको छ । संशोधित कार्यक्रम मध्ये गोगनपानी भ्यू टावर रु २० लाख तथा देवकोटा भ्यू टावर निर्माणमा रु ८ लाख जस्ता अनुत्पादक कार्यमा विनियोजन गरि खर्च गरेको छ । रकमान्तरबाट थप गरिएका योजनाहरुको सामाजिक लाभ लागत बिश्लेण गरिएको छैन ।<br>गाँउ सभाबाट थप भएका योजना तथा कार्यक्रमहरुको सम्बन्धमा योजनागत तथा कार्यक्रमगत विस्तृत विवरण नखुलाई एकमुष्ट समर्थन गरिएको छ । जनताको मागमा आधारित योजनाहरु गाँउ सभाबाट शुरुमानै अनुमोदन गराई कार्यान्वयन गर्नु पर्दछ । साथै ससाना योजनामा वजेटको छरौट नगरि पालिका स्तरिय रणनीतिक महत्वका योजनाहरुलाई प्राथमिकता दिई बजेट बिनियोजन गर्नु पर्दछ । | |
| ९२ | | | **क्षेत्रगत बजेट र खर्च**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| पूर्वाधार विकास क्षेत्र | ४२३४९१००० | २५५५६१४५५ | ४२.६६ |
| सामाजिक क्षेत्र | ३३७६४७९९९ | २३६२८६९२१ | ३९.४५ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ६७९५२४२१ | ५४२६९५५१ | ९.०६ |
| आर्थिक विकास | ५१३०९२७० | ३१५५७६४० | ५.२७ |
| सुशासान तथा अन्तरसम्बन्धीत क्षेत्र | ४३३००००० | २१३२७०५१ | ३.५६ |
| जम्मा | ९२३७००६९० | ५९९००२६१८ | १००.०० |

उपर्युक्त विवरण अनुसार पालिकाको सभाबाट विनियोजन बजेटमध्ये कुल खर्चको तुलनामा सबैभन्दा बढी पुर्वाधार विकास क्षेत्रमा ४२.६६ प्रतिशत र सबैभन्दा कम सुशासान तथा अन्तरसम्बन्धीत क्षेत्रमा ३.५६ प्रतिशत खर्च रहेको छ ।अतः पालिकाको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

९३

**अनुगमन**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार विद्यालयलाई निकासा भएको रकम सोही प्रयोजनमा खर्च भए नभएको यकिन गर्न पालिकाबाट अनुगमन गर्नुपर्ने व्यवस्था छ । विद्यालयको शैक्षिक सुधार कार्यक्रम अन्तरगत पालिकाले यस वर्ष देहायअनुसारका विद्यालयलाई निम्नानुसार रकम अनुदान निकासा दिएको छ । विद्यालयले उक्त अनुदान रकमबाट सामाग्री खरिद गरी सोको विल सहितको कागजात पालिकामा पेश गरेको देखिन्छ । विद्यालयले खरिद गरी विल पेश भए अनुसारका सामानहरु विद्यालयमा प्राप्त भई जिन्सी दाखिला भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन भएको देखिएन । तसर्थ कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए बमोजिम पालिकाबाट अनुगमन हुनुपर्दछ ।

| भौ नं | विद्यालय | वापत | रकम |
|---|---|---|---|
| ९७ | भोजसिद्ध माध्यामिक विद्यालय | आई सी टी ल्याव | ६५०००० |
| १४९ | वाल जिवन ज्योती माध्यामिक विद्यालय | पुस्तकालय व्यवस्थापन | ६५०००० |
| १५० | प्राजा आधारभुत विद्यालय | पुस्तकालय व्यवस्थापन | ६५०००० |
| १६४ | राष्ट्रीय माध्यामिक विद्यालय | कम्प्युटर तथा आईसीटी ल्याब | १८८९८१२ |
| | जम्मा | | ३८३९८१२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९४ | | | **दिवा खाजा**<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरवाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं.२.७.११.१ अनुसार विद्यालयको प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बाल बालिकाहरुका प्रति विद्यार्थी दैनिक रु १५ का दरले दिवा खाजाका उपलब्ध गराउने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष ३२ विद्यालयलाई दिवा खाजा वापत विद्यालयले उपलब्ध गराएको तथ्यांकको आधारमा ६ पटकमा रु.५१४२४३० उपलब्ध गराएको छ । विद्यालयले उपलब्ध गराएको तथा माग गरेको तथ्यांक अनुसार नै खाजा वितरण भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ । | | |
| ९५ | | | **पाठ्यपुस्तक अनुदान**<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरवाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं.२.४.६.१. मा सार्वजनिक बिद्यालयका बिद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान सम्बन्धि व्यवस्था छ । सो अनुरुप प्रत्येक स्थानीय तहले ईमिस मा प्रबिष्ट तथ्यांकलाइ सम्बन्धित विद्यालयबाट कक्षागत बिद्यार्थीहरुको यथार्थ तथ्यांकसँग सत्यापन गराइ सत्यापित बिबरणका अधारमा आवश्यक कक्षागत तथा बिषयगत पाठ्यपुस्तकको संख्या यकिन गरि निकासा दिनुपर्ने व्यबस्था गरेको छ । यो वर्ष पालिका भित्रका ३२ विद्यालयमा पाठ्यपुस्तक अनुदान वापत गोभौ १० वाट ७५ प्रतिशतले हुने रकम रु.३५८३२१३।०० निकासा दिएको छ । त्यसैगरी विद्यालयले पुस्तक खरिद गरेको विल पेश गरे अनुसार नपुग रकम निकासा भनी गोभौ १४६ बाट रु.१३००९३८।०० थप निकासा दिएको छ । विद्यालयले विल अनुसार खरिद भएको पाठ्यपुस्तक विरतण गरेको भरपाई पेश नभएकोले ईमिस तथा विलको आधारमा निकासा दिएकोमा अनुगमन हुनुपर्दछ । | | |
| ९६ | | | **अनुगमन तथा भ्रमण** | | |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यलयले दैनिक भ्रमण खर्च दिनुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ ।भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीले भ्रमण गरि कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमण को उपलव्धी सहितको प्रतिवेदन पेश गर्नुपर्दछ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार यस वर्ष विभिन्न कार्यक्रम तथा कन्टेनजिन्सी बाहेक अनुगमन तथा भ्रमणमा रु.१४९९४०४।०० खर्च भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्ननानुसार रहेका छनः<br>• अधिकांश भ्रमणको उद्वेश्य र स्पष्ट प्रयोजन नदेखिएको अवस्थामा उक्त भ्रमण कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने आधार नदेखिएको ।<br>• वडा कार्यालय संचाल खर्च भुक्तानीमा अधिकांश रकम वडा सचिवहरुको भ्रमणतर्फ खर्च भएको विल समावेश भएको ।<br>• पालिका तथा वडाका कर्मचारीहरु अधिकांश समय स्पष्ट कार्यदिश वेगर हेटौडा तथा काठमाडौ काजमा गएको भनी भ्रमण खर्च भुक्तानी लिएको ।<br>• पालिका तथा सम्बन्धित वडा भित्रै अनुगमन गरेको जनाई सो वापत दैनिक भ्रमण खर्च तथा अनुगमन खर्च भुक्तानी हुने गरेको ।<br>• पदाधिकारी तथा कर्मचारीको भ्रमण अवधि, गाँउपालिका तथा वडा समितिसँग सम्बन्धित बैठक, योजना अनुगमन तथा कार्यालयमा भएको उपस्थिति बीच समाञ्जस्यता नदेखिएको ।<br>• गाँउपालिका अध्यक्ष तथा अन्य पदाधिकारीको तोकिए भन्दा बढी समयावधीको भ्रमण गर्दा नियमानुसार कार्यपालिकाबाट स्वीकृती तथा अनुमोदन गर्ने नगरेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश गरेकोमा कार्यालयको कामको लागि मात्र उल्लेख गरी विस्तृत विवरण नखुलाएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>अतः पालिकाले भ्रमण अभिखेख खाता व्यवस्थित गर्ने, वास्तवीक आवश्यकता तथा स्पष्ट कार्यदिश सहितको भ्रमाण खर्चमात्र भुक्तानी हुने गरी तथा स्पष्ट प्रयोजन, उद्वेश्य र आधार बेगरको भ्रमण तथा अनुगमन खर्च नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ९७ | | | **महंगी भत्ता**<br>नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४।१।२९ को निर्णय अनुसार सवै निकायमा कार्यरत स्वकृत दरबन्दी भित्र रहेका करार कर्मचारीहरुको सेवा सुविधामा एकरुपता कायम गर्न साविक सामान्य प्रशासन मन्त्रालयको प सं कानुन १८। ०७३।७४ च नं २१७ मिति २०७४।१।२५ को परिपत्रमा महंगी भत्ता पाउने उल्लेख गरेको देखिदैन । पालिकाले करारतर्फ राखेका कर्मचारी मध्ये देहाय अनुसारका कर्मचारीहरुलाई महंगी भत्ता वापत मासिक रु २०००।०० दरले भुक्तानी गरेको देखियो । परिपत्र अनुसार करारसेवालाई भुक्तानी दिन मिल्ने नदेखिएको महंगी भत्ता असूल हुनुपर्दछ । रु | २७३,९४६.८६ |

| सि नं | कर्मचारीको नाम | रकम | कर कट्टी | बढी भुक्तानी |
|---|---|---|---|---|
| १ | नविन मोक्तान | २०००० | २०० | १९८०० |
| २ | उज्जवल राना मगर | २०००० | २०० | १९८०० |
| ३ | प्रमोद कुमार ढोडरी | २०००० | २०० | १९८०० |
| ४ | विकास उप्रेती | २०००० | २०० | १९८०० |
| ५ | राजू लामा | २०००० | २०० | १९८०० |
| ६ | विजय जिम्बा | २०००० | २०० | १९८०० |
| ७ | सरस्वती राई | २०००० | २०० | १९८०० |
| ८ | झरना पुडासैनी | २०००० | २०० | १९८०० |
| ९ | सरीता सापकोटा | २०००० | २०० | १९८०० |
| १० | रेखा सापकोटा | १०००० | १०० | ९९०० |
| ११ | गोपिराम बल | १३८६२ | १३९ | १३७२३ |
| १२ | सम्झना दंगाल | ६१३३ | ६१ | ६०७२ |
| १३ | विष्णु प्रसाद अधिकारी | ७१३३ | ७१ | ७०६२ |
| १४ | जितेन्द्र चौधरी | १०००० | १०० | ९९०० |
| १५ | ललितकुमार साह | ९५८६ | ९६ | ९४९० |
| १६ | विर बहादुर पाठक | १०००० | १०० | ९९०० |

| | | | | |
|---|---|---|---|---|
| १७ | टोप बहादुर मल्ल | १०००० | १०० | ९९०० |
| १८ | मुना मोक्तान | १०००० | १०० | ९९०० |
| १९ | सकल बहादुर जिम्बा | १०००० | १०० | ९९०० |
| | जम्मा | २७६७१४ | २७६७ | २७३९४७ |

| | | | | |
|---|---|---|---|---|
| ९८ | | | **करार कर्मचारी**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले यस वर्ष कर्मचारीहरु करारमा राखी कारारसेवा शुल्कतर्फ रु. ४४ लाख ८२ हजार खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । सो बिपरीत पालिकाले कृषि, पशु, स्वास्थ्य लगायतका विभिन्न पदमा करारतर्फ कर्मचारी राखि कार्कग्रमतर्फबाट तलब भुक्तानी दिएको छ । तसर्थ प्रदेश लोकसेवा आयोगमा रिक्त दरबन्दिको माग पठाई योग्यता प्रणालीको आधारमा कर्मचारी नियुक्ती गरिनु पर्दछ । | |
| ९९ | | | **ढुवानीमा बढि दर**<br>भ्रमण खर्च नियमावली २०६४ अनुसार भम्रण गर्दा किफायति हुने गरी गर्नुपर्ने उल्लेख छ । पालिकाको वार्षिक कार्यक्रम अन्तरगत ए आई को लागि तरल नाईट्रोजन खरिद गर्ने कार्य अन्तरगत गोभौ ३२६ बाट विष्णुप्रसाद अधिकारीलाई रु.१४६०० भुक्तानी भएको छ । निजले उक्त तरल नाईट्रोजन परवानीपुरबाट खरिद गरी ढुवानी गरेकोमा ढुवानी वापत रु.६०००।०० खर्च भएको भनी भुक्तानी लिएको देखिन्छ । तर परवानी पुरबाटै तरल नाईट्रोजन खरिद गरी ढुवानी गरे वापत वरुण कुमार ठाकुरले गोभो २४ बाट २ पटकको लागि रु.२००००।००, गोभौ २४० बाट एक पटकको लागि रु.१००००।०० र गोभौ २६८ बाट एक पटकको परवानिपुरको रु.१००००।०० र पोखराको रु.२००००।०० भुक्तानी लिएको छ । जसअनुसार बरुण कुमार ठाकुरले सोही स्थानबाट सोही परिमाणमा सोही समाग्री ढुवानी गरे बापत विष्णुप्रसाद अधिकारीको भन्दा रु.४०००।०० बढी ढुवानी वापत रकम खर्च गरेको भनी भुक्तानी लिएको देखिन्छ । जसअनुसार निजले रु.२४०००।०० बढी रकम ढुवानीवापत भुक्तानी लिएको देखिन्छ । तसर्थ एकै स्थानबाट ढुवानी गर्दा बढी खर्च गरेको भनी भुक्तानि लिएको रकम निजबाट असूल हुनुपर्दछ । रु | २४,००० |
| १०० | | | **क्याम्पसलाई अनुदान** | १,०००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार माध्यमिक तहसम्मको शिक्षामात्र पालिकाको क्षेत्रभित्र पर्ने देखिन्छ । पालिकाले गोभौ ३७ मिति २०७७।०६।२१ बाट मनहरी बहुमुखी क्याम्पसलाई क्याम्पस संचालन समितिको मिति २०७७।०६।१८ को निर्णय अनुसार क्याम्पस प्रमुख सहित ८ जनाको लागि तलब भत्ताको लागि बजेट माग भई आए अनुसार पालिकाले रु.१००००० अनुदान दिएको छ । पालिकाको क्षेत्राधिकार बाहिरको संरचनाको लागि तलब भत्ता वापतको रकम अनुदान दिन मिल्ने कानुनी व्यवस्था समेत रहेको देखिदैन् । साथै उक्त क्याम्पसले पालिकाबाट प्राप्त अनुदान रकम तलब भत्तामा खर्च लेखि ८ जना शीक्षकको भरपाई मात्र पेश गरेकोले पालिकाबाट अनुदान दिएको रकम क्याम्पसको एकीकृत आय व्याय विवरणमा समावेश नहुन सक्ने समेत देखिन्छ । साथै शिक्षकलाई तलब भत्ता भुक्तानी गरिएको भनीएको भरपाईमा रु.८१५३५।०० पारिश्रमिक कर कट्टी गरिएको भनीएतापनी उक्त रकम दाखिला भएको भौचर पालिकामा पेश भएको छैन् । तसर्थ कट्टी भएको पारिश्रमिक कर दाखिला गरेको प्रमाण पेश हुनुपर्ने र पालिकाले कानुनमा व्यवस्था नभएको तथा क्षेत्राधिकार बाहिरको निकायलाई तलब भत्तामा निकासा दिएको नियमित नदेखिएको रु | |
| १०१ | | | **कर समायोजन**<br>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (एकाइसौ संशोधन) को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको स्वामित्व भएको संघसस्थाले ठेक्का वा करार सम्झौता अन्तर्गत वस्तु तथा सेवाको आपूर्ती गर्दा सम्बन्धित ठेकदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशतले (२०७८ जेष्ठ १५ पछीको भुक्तानीमा ३० प्रतिशत ) हुन आउने रकम कट्टा गरी निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रकम मात्र भूक्तानी दिने उल्लेख छ । पालिकाले देहायअनुसारको भुक्तानी मू.अ.कर रकम कट्टी गरेको पाईएन । त्यसैले सम्बन्धित फर्मलाई पालिकाबाट भूक्तानी भएको मु.अ. कर रकम समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | ६४४,२४० |

| भौ नं | कार्य | सप्लायर्स।फर्म | कर विजक मिति | मूअ कर रकम | ३०।५० % ले हुने रकम |
|---|---|---|---|---|---|
| ५२ | विपद व्यवस्थापन शिर्षकबाट ६ प्रकारको ६४०० मिटर पाईप खरिद | नारायणी माईक्रो पाईप उद्योग प्रालि | २९७७। ०६।२२ | ५६४२० | २८२१० |
| ३९४ | विपद व्यवस्थापन शिर्षकबाट २६ गेजको ६१ बण्डल जस्ता खरिद | तारकेश्वर हार्डवेयर एण्ड सप्लायर्स | २०७७। १०।१७ | ५७४५२ | २८७२६ |
| ५५ | विपद व्यवस्थापन शिर्षकबाट २६ गेजको ६१ बण्डल जस्ता खरिद | पुनम सप्लायर्स | २०७७। ०५।२० | ५७४१४ | २८७०७ |
| ३१५ | विपद व्यवस्थापन शिर्षकबाट तार जाली खरिद | एच एण्ड एस सपेलायर्स | २०७७। १०।०६ | ५७०९४ | २८५४७ |
| ३१० | कार्यालय सामान खरिद | जेनिसा सप्लायर्स | २०७७। १०।०३ | ५३२५४ | २६६२७ |
| ३११ | आईसोलेशनको अगाडी दैनीक ३ पटक पानी छर्ने कार्य | शिवशक्ती ईन्जिनियरिङ्ग वर्क्स | २०७७। १०।३० | ४९९२० | २४९६० |
| ४७३ | विद्युतीय सामाग्री खरिद | ईलेक्ट्रिकल एण्ड चन सप्लायर्स | २०७८। ०३।१२ | ४८८६७ | २४४३४ |
| ४६६ | वडा नं ८ खानेपानी | नेपाल तराई निर्माण तथा डिप ट्युवेल प्रालि | २०७८। ०३।२७ | १९०४०५ | ९५२०२ |
| ४११ | सिसिटीभि जडान | टक्लाईट ग्रप्स ट्रेड कन्सर्न | २०७८। ०३।२७ | ५७२४३ | २८६२२ |
| ४०६ | ठेक्का नं ५ को खरिद | गोदावरी पलाष्टो क्राफ्ट | २०७७। | १९२०७० | ९६०३५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ईन्टस्ट्रीज | १२।१२ | | |
| ४१० | तिन भंगाले पुलको डिपिआर | सेभ दि प्लानेट प्रालि | २०७८।०३।११ | ११३१०० | ५६५५० |
| ३६४ | वडा नं ५ सिखरबास रिसोर्ट डिपिआर | आरआर ए ईन्जिनियरीङ्ग | २०७८।०३।२० | ५७००४ | २८५०२ |
| २५ | पालिका गुरुयोजना तयार | डक्टाईल डिजाईन एण्ड कन्ट्रक्सन | २०७७।०७।२६ | ८६१२५ | ४३०६३ |
| २४ | पुलको प्राविधिक प्रास्तव तथा आर्थिक प्रस्ताव मुल्यांकन | चिरायु कन्सल्टेन्सी | २०७७।०७।२७ | ५६५५० | २८२७५ |
| १६ | विद्यालयको लागि कम्प्युटर प्रिन्टर खरिद | रेल्टो ईन्टरनेशनल | २०७८।०३।२३ | २१०२६३ | ६३०७८ |
| ८ | पाईप खरिद | एसियसन पोलिपाईप ईन्डस्ट्रिज | २०७८।०३।२३ | १४९०१० | ४४७०३ |
| | जम्मा | | | १४९२१९१ | ६४४२४० |

| | | | | |
|---|---|---|---|---|
| १०२ | | | **भुक्तानी दिनबाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा चालु आर्थिक वर्षको बजेटले नखामेमा सोको विस्तृत विवरण खुलाई भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गर्नुपर्ने व्यवस्था छ । पालिकाले गोभौ २३३ मिति २०७७।१०।१ बाट आर्थिक वर्ष २०७६।७७ को २०७६ पौष देखि २०७७ आषाढसम्मको बातावरण शुल्क संकलनकर्ताको पारिश्रमिक भनी रु.४४५२०० खर्च लेखांकन गरेको छ । तर उक्त रकम भुक्तानी दिन बाँकी रहेको भनी आर्थिक वर्षको अन्तमा प्रमाणित रेको तथा सभाबाट उक्त शिर्षकमा रकम विनियोजन भएको देखिएन । तसर्थ भुक्तानी दिन बाँकी विवरण वेगर खर्च लेखांकन गरेको नियमित नदेखिएको रु | ४४५,२०० |
| १०३ | | | **सट्टा शिक्षक** | १८७,९५० |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार माध्यामिक तहसम्मको शिक्षा स्थानीय तहको कार्य क्षेत्रमा रहेको देखिन्छ । जस्मा पालिकाले श्रोत शिक्षकको सट्टामा अर्को शिक्षक व्यवस्थापन गरी खर्च लेखांकन गर्न मिल्ने देखिदैन । तर गोभौ ११२ मिति २०७७।०७।२६ बाट महेन्द्र ज्योती उमाविलाई सट्टा शिक्षकको तलब भत्ता वापत रु.१८७९५० निकासा दिएको छ । श्रेस्तामा संलग्न कागजात परीक्षण गर्दा उक्त विद्यालयमा कार्यारत शिक्षक श्री गोविन्द प्रसाद चौलागाई भिमफेदी गाउँपालिकामा काज सरुवा भएको देखिन्छ । शिक्षा ऐन तथा नियमावलीमा शिक्षक काजमा खटाउने व्यवस्था र पालिकाबाहिर कार्यरत शिक्षकको दरबन्दी पालिकाभित्र कायम गरी सोको सट्टामा सट्टा शिक्षक राख्न पाउने देखिदैन । तसर्थ पालिकाले कानुनमा व्यवस्था नभएको अभ्यास गरी पालिकालाई थप व्ययभार पारेको नियमित देखिएन ।रु. | |
| १०४ | | | **शिर्षक फरक पारी खर्च**<br>आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३५(२) क वमोजिम खर्च गर्दा सम्वन्धित खर्च शिर्षकवाट गर्नुपर्ने व्यवस्था छ । एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ मा विनियोजित वजेट सम्वन्धित खर्च शिर्षकमा गर्नुपर्ने उल्लेख छ। पालिकाले ढुंगा, गिट्टी बालुवा उत्खनन तथा विक्री व्यवस्थापन शिर्षकमा विनियोजित रकम मध्येबाट सवारी साधन भाडामा गोभौ १६८ मिति २०७७।०८।३० बाट रु.८२५००।०० र गोभौ २११ मिति २०७७।०९।२३ बाट रु.६०५००।०० गरी रु.१४३०००।०० खर्च लेखांकान गरेको छ । तसर्थ पालिकाको सभाबाट विनियोजन भएको शिर्षक भन्दा फरक शिर्षकमा खर्च भएको नियमित नदेखिएको रु | १४३,००० |
| १०५ | | | **सरुवा भ्रमाण**<br>भ्रमण खर्च नियमावली २०६४ को नियम ९ मा कुनै कर्मचारी एक जिल्लाबाट अर्को जिल्लामा सरुवा भई गएको अवस्थामा मात्र सरुवा भ्रमाण खर्च पाउने व्यवस्था गरेको छ । जसअनुसार जिल्ला भित्रको एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा भएको अवस्थामा सरुवा भ्रमाण भत्ता भुक्तानी लिन पाउने देखिदैन् । गोभौ २५ मिति २०७७।०६।०६ बाट दिपक मिश्रले पालिकाबाट संघीय जलाधार श्रोत व्यवस्थापन केन्द्र, कुलेखानी मकवानपुर सरुवा भई गएकोमा ५ जना परिवारका सदस्यहरु सहितको सरुवा भ्रमाण खर्च रु.१७००० भुक्तानी लिएको देखिन्छ । साथै निजको रमाना समेत श्रेस्तामा संलग्न रहेको देखिएन । तसर्थ जिल्ला भित्रको एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा भई जाँदाको भ्रमण खर्च भुक्तानी लिन मिल्ने नदेखिएकोले उक्त रकम सम्बन्धित पदाधिकारीबाट असूल हुनुपर्दछ । रु<br>**क्रम** / **कर्मचारीको नाम** / **असुली रकम**<br>१०५.१ / दिपक मिश्र / १७,००० | १७,००० |
| १०६ | | | **अधुरा योजना** | |

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण कार्य शुरुवात भई सम्पन्न हुन नसकेका अधुरा योजनाहरुको अभिलेख राखेको छैन । पालिकाले यस वर्ष लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गरेको देहाय अनुसार केही योजनाहरु निर्माण सम्पन्न नभई अधुरो देखिएको र आर्थिक वर्ष २०७८।७९ मा समेत उक्त योजनामा बजेट विनियोजन भई लेखापरीक्षण अवधिसम्म कार्य भएको देखिदैन । तसर्थ पालिकाले अधुरा योजाहरुको अभिलेख व्यवस्थित गरी निर्माण कार्य सम्पन्न गर्नु पर्दछ । साथै खाध्यान्य, शिक्षा, स्वास्थ्य , रोजगारी जस्ता जनताका आधारभूत आवश्यकताहरुनै पूरा नभएको अवश्थामा भ्यूटावर निर्माणमा रकम खर्च गर्नु उचित देखिएन । उच्च पहाडि भूभाग आफैमा भ्यूटावरको रुपमा रहेको र पर्यटकिय गतिबिधीबाट पालिकाको आय आर्जन र जनताको जिवनस्तर बृद्धिहुने आधार लेखापरीक्षणमा पेश नभएकोले यस किसिमको अनुत्पादक कार्यमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । आयोजनाको शुरुवात गरी अधुरो राख्ने पदाधिकारिलाई जिम्मेवार बनाई यथाशिघ्र सम्पन्न गर्नु गराउनु पर्दछ ।

| गो.भौ. | उपभोक्ता समितिको नाम | कार्य भएको | लागत अनुमान | कुल अध्याविक कार्य | पालिकाले खर्च लेखेको रकम |
|---|---|---|---|---|---|
| ४६० | देउकोट भ्युटावर निर्माण | फाउण्डेसन लेभलको मात्र कार्य भएको | ३४२६१४९ | ९६९६४५ | ८४९०३९ |
| ४५६ | गोगनपानी भ्युटावर निर्माण | ८ वटा पिल्लरको कार्य मात्र भएको | २३००००१ | १०२१९५८ | ८८८६५८ |
| ४५३ | मनहरी रुपाचुरी ग्रामिण सडक | सडक स्तरीकरण | २४५४१७३ | ८९०६८३ | ७४०५४७ |

१०७ **प्रधानमन्त्री रोजगार कार्यक्रम** १,८२१,४९१

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका (संशोधन समेत) तथा काममा आधारित पारिश्रमिक सम्बन्धी निर्देशिकाको बुँदा नं. ६(1) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित रकमबाट प्रति दिन रु.५१७ को दरले श्रमिकको ज्यालामा मात्र खर्च गर्नुपर्ने उल्लेख छ । जस अनुसार सामाग्री खरिद तथा अन्य रकम प्रधानमन्त्री रोजगार कार्यक्रमबाट वेहोर्ने मिल्ने देखिदैंन । साथै सामाग्री खरिदको रकम पालिकाले साझेदारीमा बेहोर्नुपर्ने देखिन्छ । तर पालिकाले देहाय अनुसार योजनामा पालिकातर्फको साझेदारी नगरी प्रधानमन्त्री रोजगार कार्यक्रमबाट खर्च गरेको छ । जसअनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमबाट खर्च लेखांकन गर्न नमिल्ने रकम पालिका श्रोतबाट खर्च लेखि संघीय संचित कोष दाखिला हुनुपर्दछ ।रु.

| गो.भौ. | उपभोक्ता समितिको नाम | कार्य परिमाण अनुसार कुल ज्यामी संख्या | खर्च लेख्न मिल्ने रकम | कार्यक्रमबाट खर्च लेखेको रकम | बढी खर्च लखेको रकम |
|---|---|---|---|---|---|
| ११७ | वडा नं ९ ज्यामिरे | ८६३ | ४४६१७१ | ५९५५८४ | १४९४१३ |
| ११७ | वडा नं ९ रजैया | ४२२ | २१८१७४ | ४२६५२५ | २०८३५१ |
| ११७ | वडा नं ४ खुर्सानीवारी देखि गोगोत्री जाने सडक सफाई | १५८१ | ८१७३७७ | १०९९६५९ | २८२२८२ |
| ११७ | बसन्तपुर डिल्लीपुर एण्ड शिखरपुर बाटो | ३४६ | १७८८८२ | ४८९०८२ | ३१०२०० |
| ११७ | टाँडी दमार बस्ती बचाउ | ४५३ | २३४२०१ | ६६८८३९ | ४३४६३८ |
| १५७ | वडा नं ७ सामुदायिक वनमा अग्नी रेखा निर्माण | ७१७ | ३७०६८९ | ४९९९३९ | १२९२५० |
| १५७ | वडा नं ७ सामुदायिक वनमा अग्नी रेखा निर्माण | ७१९ | ३७१७२३ | ५५५२५९ | १८३५३६ |
| १५७ | सुनाचुरी सामुदायिक वनमा अग्नी रेखा निर्माण | ७१९ | ३७१७२३ | ४९५५४४ | १२३८२१ |
| | जम्मा | ५८२० | ३००८९४० | ४८३०४३१ | १८२१४९१ |

साथै अग्नी रेखानिर्माण सम्बन्धि कार्यको लागी डिभिजन वन कार्यालयतर्फ बजेट तथा कार्यक्रम हुने भएकोले पालिको उपरोक्त अनुसार सामुदायिक वनमा अग्नी रेखा नियन्त्रण कार्यमा डिभिजन वन कार्यलयबाट भुक्तानी लिए नलिएको तथा कार्यक्रम दोहोरो परे नपरेको सम्बन्धमा पालिमाबाट यकिन समेत हुनुपर्दछ ।

| | | | | | |
|---|---|---|---|---|---|
| १०८ | | | **बढी पेश्की** | | |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई लागत अनुमानको बढीमा एक तिहाई रकम मात्र पेश्की उपलब्ध गराउन सक्ने व्यवस्था छ । पालिकाले मकरी भुन्द्रङ्ग झोलुङ्गे पुल निर्माण कार्यको लागि रु.२५०५२४४.९६ को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गरेकोमाम आर्थिक वर्ष २०७६।७७ मा रु.७२१९९८।०० पेश्की उपल्ब्ध गराएको छ । त्यसैगरी पालिकाले सोही कार्यको लागि गोभौ ३ मिति २०७८।०८।१८ बाट पुनः रु.७२१९९८।०० पेश्की उपलब्ध गराएको छ । जसअनुसार रु.२५०५२४४.९६ लागत अनुमान भएको योजनामा दुई पटक गरी उपभोक्ता समितिलाई रु.१४४३९९६।०० पेश्की उपलब्ध गराएको छ । जसबाट पालिकाले सार्वजनिक खरिद नियमावलीको पलाना गरेको देखिएन । गोभौ ५ मिति २०७८।०२।०९ बाट पेश्की फछ्र्यौट भएको पालिकाको भनाई रहेको छ । तसर्थ पालिकाले नियमावलीमा भएको व्यवस्था अनुसार मात्र पेश्की दिनुपर्दछ । | |
| १०९ | | | **ट्याककोटमा बढी**<br>नेपाल सरकार भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय सडक विभागबाट वि.स २०७३(संशोधन २०७५ समेत) मा जारी भएको standard specification for road and bridge works को बुदाँ नं.१३०२ मा सडक निर्माणमा प्रयोग हुने prime coat tack coat को परिमाण निकाल्ने तरिका सम्बन्धि विधि तोकीएको छ । उक्त निर्देशिकाको बुदाँ नं.१३०२ को scope and definination अनुसार a tack coat means a thin layers of bituminous binder applied to a bituminous surface तथा टेबल नं.१३.१० मा Bituminous surface/Granular surface मा Rate of Spray ०.४-०.६ के.जी. प्रतिवर्गमिटर उल्लेख गरिएको छ । जसको अधिकतम लिँदा समेत ०.६ के.जी प्रति वर्ग मिटर मात्र हुन आउँछ । पालिकाले ठेक्का नं.९। २०७६।७७, दादरा डिल्लीपुर बसन्तपुर सडक स्तर उन्नती कार्य मा tack coat को परिमाण प्रति वर्ग मिटर १ लिटरका दरले मूल्यांकन गरी ४७१४ लिटरको प्रति लिटर रु.१०० का दरले एच वी मेघा कन्ट्रक्सनलाई भुक्तानी दिएको छ । स्वीकृत नर्म्समा भन्दा प्रति वर्ग मिटर ०.४ लिटर बढीका दरले उक्त योजनामा १८८५.६० लिटर बढी परिमाण खपत भएको देखाई प्रति लिटर रु.१०० का दरले रु.१८८५६० बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम असूल हुनुपर्दछ । रु | १८८,५६० |
| ११० | | | **पाईप जडान**<br>स्थानीय पुर्वाधार साझेदारी कार्यक्रम संचालन निर्देशिका २०७६ को बुदा नं ८ मा यस कार्यक्रमबाट सामाग्री खरिद गर्न नपाईने उल्लेख छ ।डोठे सुकौरा खानेपानी तथा सरसफाई उपभोक्ता समितिको मिति २०७८।०२।१५ को निर्णयबाट पालिकालाई विनियोजित बजेटबाट पाईप खरिद गरीदिनुहु अनुरोध भए अनुसार पालिकाले सिलबन्दी दरभाउ पत्रबाट रु.१२९५२४४.४२ को पाईप खरिद गरेको छ । उक्त खरिद रकम मध्ये स्थानीय पुर्वाधार साझेदारी कार्यक्रमतर्फ गोभौ ८ मिति २०७८।०३।२८ बाट रु.९९३०१९ र पालिका पुजिगतको गोभौ ४६७ मिति २०७८।०३।२८ बाट रु.३०२२२५।०० गरी रु.१२९५२४४.४२ एसियन पोलिपाईप ईन्डस्ट्रिज प्रालिलाई भुक्तानी दिएको छ । पालिकाले ११ प्रकारका ७१५१ मिटर पाईप खरिद गरेकोमा उक्त पाईप लेईङ्ग तथा जडान भएको देखिने नापी किताब समेत लेखापरीक्षणको क्रममा पेश हुन सकेन । साथै पालिकाबाट खरिद गरी पाईपहरु पाम्समा दाखिला नभएको र उक्त पाईपहरु जडान समेत नभएकोले खरिद गरी उपभोक्ता समितिलाई बुझाई खर्च लेखेको नियमित देखिएन । त्यसैगरी कार्यविधिमा उल्लेख भएको खरिद कार्य मात्र हुने कार्यमा बजेट विनियोजन तथा खर्च गर्न नपाईने व्यवस्थाको समेत पालना भएको देखिएन । तसर्थ | १,२९५,२४४ |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रमबाट खरिद गर्ने कार्यमा नियन्त्रण गरि पालिकाबाट उपभोक्ता समितिलाई उपलब्ध गराईएका उक्त ११ प्रकारका ७१५१ मिटर पाई जडान भएको प्रमाण पेश हुनुपर्दछ । रु | |
| १११ | | | **शिर्षक फरक तथा सब कन्ट्रयाक**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ को २ (क) मा खर्चको अधिकार प्राप्त अधिकारीले स्वीकृत बार्षिक तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको यकिन गरेर मात्र खर्च गर्नु पर्ने कुरा उल्लेख छ । पालिकालाई प्रदेश हस्तान्तरिततर्फ जोगिताल सुनाचुरी सडक पक्की पुल निर्माणका लागि रु.२० लाख बजेट प्राप्त भएको छ । उपभोक्ता समितिले बजेटबाट नदी नियन्त्रण तथा ड्याम निर्माण कार्य गरी गोभौ ९ मिति २०७८।०३।२६ बाट रु.१९ लाख ४० हजार भुक्तानि लिएको देखिन्छ । पुल निर्माणको लागि प्राप्त बजेटबाट नदी नियन्त्रण सम्बन्धी कार्य गरी भुक्तानी दिएको कानुन सम्मत देखिएन । साथै उक्त ड्याम तथा तटबन्ध निर्माण कार्यको लागि उपभोक्ता समितिले ओझा कन्ट्रक्सन एण्ड सप्लायर्स चितवनबाट बाट २७५ थान ग्याविन खरिद गरी ढुवानी गरेको देखिन्छ । त्यसैगरी उपभोक्ता समितिले चितवनको सोही सप्लार्यबाट ५५० घनमिटर ढुंगा पनि खरिद तथा ढुवानी गरेको कर विजक समावेश गरेको छ । जसबाट उपभोक्ता समितिले पाएको कार्य निर्माण व्यवसायिबाट गराएको होईन भन्न सकिने अवस्था रहेन । उपभोक्ता समितिलाई लागत अनुमानकै दरमा भुक्तानी हुने र उपभोक्ता समितिले आफुले पाएको कार्य निर्माण व्यवसायिबाट गराउदा थप व्ययभार पर्न सक्ने देखिएकोले पालिकाले यस सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ । तसर्थ उपभोक्ता समितिलाई दिएकोकार्य उपभोक्ता समितिले निर्माण व्यवसायिबाट गराएको तथा विनियोजित शिर्षक भन्दा फरक शिर्षकमा कार्य गरेकोले अनियमित देखिएको रु | २,०००,००० |
| ११२ | | | **जिन्सी अभिलेख**<br>२०७६।१।२४ मा खरिद गरिएको रु ६७८००।०० मूल्यको एचपि ल्यापटप सिलिका जिन्सि निरिक्षण प्रतिबेदनमा देखिएन । बिगत ५ बर्षमा खरिद भएका ल्यापटप, कम्प्यूटर , मोबाईल फोन लगायतका सामग्रीहरु सार्बजनिक सम्पत्ती व्यवस्थापन प्रणाली ( PAMS) मा प्रबिष्ठि भए नभएको छानबिन गरी जिन्सी निरिक्षण प्रतिबेदनमा समेत नदेखिएको ल्यापटप लगायतको अन्य सम्पत्तीहरुको खरिद मूल्य भण्डार शाखाको जिम्मेवारी लिने पदाधिकारीबाट असूल गर्नु पर्ने देखियो । पालिकाले तत्कालिन जिन्सी शाखा प्रमुख श्री अनिल चौलागाईलाई जिम्मेवार बनाई उक्त रकम असूल गरिने प्रतिक्रिया दिएको छ । रु | ६७,८०० |
| ११३ | | | **न्यायिक समिति** | |
| ११३.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विबाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ७ र यो बर्ष थप भएको २१ गरी कुल २८ विवाद दर्ता भएको कानुनी सहजकर्ताबाट बिबरण प्राप्त भएको छ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उक्त बिबाद मध्ये १३ वटा बिबाद मिलापत्र भएको , ८ वटा डिसमिस भएको , १ वटा रेफर गरेको र ७ वटा पुनः पछिल्लो बर्षलाई जिम्मेवारी सारेको देखिन्छ । तर अघिल्लो बर्षको लेखापरीक्षण प्रतिबेदनमा ४८ बिबाद यस बर्षलाई जिम्मेवारी सारेको उल्लेख भएकोमा ७ वटामात्र अघिल्लो बर्षको जिम्मेवारी देखाएको छ । बाँकी ४१ बिबादको न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ । | | |
| ११३.२ | ७२२ | २०७८-३-३० | सातौ गाँउसभाको निर्णय अनुसार न्यायिक बिबाद निरुपण तथा अनुगमन वापतको खर्च रु १ लाख १० हजार ६०० लेखांकन भएको छ । प्रदेश कानुन र भ्रमण खर्च नियमावली अनुसारको स्थान र दुरीको आधारमा मात्र अनुगमन खर्च भुक्तानी गर्नु पर्दछ । | | |
| ११४ | | | **जिन्सी निरिक्षण**<br>आर्थिक कार्यविधी नियमावली, २०६४ को परिच्छेद ६ नियम ४६ देखि ५६ सम्म सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षण, सम्पत्तीको निरीक्षण लगायत बिभिन्न व्यवस्थाहरु गरेको छ । स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १३ मा स्थानिय तहको सम्पत्ती संरक्षण सम्वन्धी व्यवस्था गरेको छ । साविकका २ वटा गा बि स मिलेर बनेको यस गाउपालिकामा साबिकका स्थानिय निकायबाट १।१ वटा ल्यापटप बाहेक अन्य जिन्सी सम्पत्ती, पेश्की बाकी र बेरुजु बाकी सम्वन्धी अभिलेख साविकका स्थानिय निकाय तथा बिषयगत शाखाहरुबाट यस स्थानिय तहमा नआएको व्यहोरा लेखापरीक्षणमा जानाकारी प्राप्त भयो । जिन्सी खाता समेत शाखा प्रमुख र कार्यालय प्रमुखबाट आ व को अन्त्यमा प्रमाणित भएको देखिएन । कार्यालयले जिन्सी निरीक्षण गरेको जनाएता पनि एक सदस्यि टोलीबाट गरिएको हुदा बिश्वसनियताको आधार कमजोर रहेको देखियो । तसर्थ आन्तरिक नियन्तण कमजोर हुनगएकोले सम्पत्तीको सदुपयोग सम्वन्धमा यकिन हुन सकेन । यस सम्वन्धमा सम्वन्धित पक्षले यथाशिघ्र ध्यान दिइ सम्पत्तीको यथार्थ अवस्था यकिन गर्नुपर्ने देखियो । | | |
| ११५ | 2, 42, 27,28,38 | | **क्वारेन्टिन व्यवस्थापन**<br>कोभिड १९ रोकथाम तथा व्यवस्थापनमा सि अ हे ब श्री रामचन्द्र दाहालले रु ५६९९४५।००, ज्योतिराज लुईटेलले रु ११५३६४७।०० सोधभर्ना लिई खर्च गरेको देखिन्छ । क्वारेन्टीन व्यवस्थापनमा भएको खर्च कर्मचारी मार्फत नगरी सम्बन्धित आपूर्तकलाईनै यथार्थ खर्चको आधारमा बिल भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्दछ । | | |
| ११६ | | | **बरबुझारथ नभएको**<br>आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७६ को नियम १०३ को उपनियम ४ मा बरबुझारथ गर्न बाँकी जिन्सी मालसामान बराबरको रकम असूल उपर गरिने व्यवस्था छ । यस पालिकाको तत्कालिन प्रमुख प्रशासकिय अधिकृत श्री देशराज चौलागाईले रु २९२५०।०० | | २९,२५० |

| | | | | |
|---|---|---|---|---|
| | | | मूल्यको स्यामसुङ नोट बुक अन्यत्र सरुवा भई जादा समेत नबुझाई रमना लिएकोले खरिद मूल्य बराबरको रकम निजबाट असूल गर्नुपर्दछ ।रु | |
| ११७ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने तथा अन्तीम लेखापरीक्षण हुन पुर्व आन्तरिक लेखापरीक्षणबाट देखिएको व्यहोराहरु असूल फर्छ्यौट गराउनुपर्ने उल्लेख छ । पालिका यस वर्षको खर्च तथा आम्दानीका कारोबार र कोषहरुको आन्तरिक लेखापरीक्षण बाट देखिएका व्यहोराहरु कार्यान्वयन गरेको देखिएन् । आन्तरिक लेखापरीक्षणबाट देखिएका सैदान्तीक व्यहोराहरुलाई तोकीए बमोजिम फर्छ्यौट गर्नुपर्ने तथा असूल गर्नु पर्ने भनि उल्लेख भएको रु २६५५६७।०० असूल गर्नु पर्दछ ।रु | २६५,५६७ |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ११७.१ | गोभौ ९१ प्रमुख प्रशासकीए अधिकृत देवराज चौलागाईलाई ईन्टरनेट सेवावात भुक्तानी भएको रकम | १८,३९७ |
| ११७.२ | गोभौ २५३ मा एस एम एस मिडियाले २५ प्रतिशत छुटमा विज्ञापन छपाई गर्ने गरेकोमा २० प्रतिशत मात्र छुट लिई बढी भुक्तानी दिएको रकम | १४,३३० |
| ११७.३ | गोभौ ५३७ मा एडभर टाईजिङ्ग एण्ड सप्लायर्सले २५ प्रतिशत छुटमा विज्ञापन छपाई गर्ने गरेकोमा २० प्रतिशत मात्र छुट लिई बढी भुक्तानी दिएको रकम | १६,८७२ |
| ११७.४ | गोभौ ५७२ प्रभाव पब्लिकेशनलाई मेसिनरी सामाग्रि खरिदको सुचना प्रकाशनमा दोहोरो भुक्तानी भएको रकम | ८३,३४३.७५ |
| ११७.५ | गोभौ ५७२ प्रभाव पब्लिकेशनले २५ प्रतिशत छुटमा विज्ञापन छपाई गर्ने गरेकोमा २० प्रतिशत मात्र छुट लिई बढी भुक्तानी दिएको रकम | ५६,१८९.२५ |
| ११७.६ | बातारण तथा प्राकृतीक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनैको ऐन २०७७ समय फरक पारी दुई पटक प्रकाशन गरेको भनी हवरव भुक्तानी भएको रकम | २२,०३५ |
| ११७.७ | गोभौ १४४ नमुना तरकारी पाकेट विकास कार्यक्रममा पालिकाले रु ४३९८७५ मा भुक्तानी दिनुपर्नेमा रु४५००० भुक्तानी दिएकोले बढी भुक्तानी | १०,१२५ |
| ११७.८ | व्यवसायिक कृषि फर्म रमौली मनहरी ६ लाई ८५ प्रतिशतले हुने रकम रु ७८२००० भुक्तानी हुनुपर्नेमा रु ८००००० भुक्तानी दिएकोले बढी भुक्तानी | १८,००० |
| ११७.९ | गोभौ २४ चिरायु कन्सल्टेन्सिलाई समयमा कार्य नगरेकोले पूर्वनिर्धारित क्षतिपुर्ती रकम | १७,४६१ |
| ११७.१० | एस एन ट्रेड सप्लायर्सलाई आई ७ ल्यावटप खरिद गर्दा रु ११४००० मात्र मुल्य रहेकोमा रु १२१८०० भुक्तानी गरेकोले बढी भक्तानी | ८,८१४ |

| | | | | |
|---|---|---|---|---|
| ११८ | | | **आर्थिक सहायता** | |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले कार्यपालिकाबाट निर्णय गरि विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.११८८३५४४।०० आर्थिक सहायता वितरण गरेको पाइयो । तर आर्थिक सहायता वितरण गरेको लाभग्राहीको नामनामेसि सहितको विरण अभिलेख व्यवस्थित गरि राखेको नदेखिएकोले पटक पटक एकै व्यक्ती लाभान्वित हुन सक्ने देखिन्छ । साथै आर्थिक सहायता सम्बन्धी कार्यविधि समेत व्यवस्थति गरेको देखिएन । तसर्थ कार्यविधि व्यवस्थित गर्ने, लाभग्राही अभिलेख व्यवस्थित गरी दोहोरो साहायता नपाउने व्यवस्था मिलाई यस प्रकारको खर्चमा खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ११९ | | | अनुगमन तथा संपरीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भएको बेरुजुको स्थिति निम्नानुसार रहेको छ । | |

| आर्थिक वर्ष | बेरुजूको दफा नं | फछ्र्यौटको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | |
|---|---|---|---|---|---|
| | | | असुली | प्रमाण | पेश्की |
| २०७४।७५ | २८ | ऋषिराम केसीबाट मुअ कर रकम असूल गरी दाखिला गरेको भौचर पेश | ८१६० | ० | ० |
| २०७४।७५ | ४३.३ | ऋषिराम केसीबाट वडा संचालन पेश्की रकम असूल गरी दाखिला गरेको भौचर पेश | १५०० | ० | ० |
| २०७५।७६ | ८० ख | राजेन्द्र प्रसाद चौलागाई बाट ढुंगागिटीको अनुगमन वापतको रकम असूल | ७१४०० | १२६०० | ० |
| २०७६।७७ | १०७.५१ | राजेन्द्र प्रसाद चौलागाई बाट अनुगमन भत्ता रकम असूल | २९७५० | ० | ० |
| २०७५।७६ | ८० क | विशेकषेन ढकालबाट ढुंगागिटीको अनुगमन वापतको रकम असूल | ५१००० | ० | ० |
| २०७५।७६ | ८० क | देवराज चौलागाईबाट ढुंगागिटीको अनुगमन वापतको रकम असूल | ५१००० | ० | ० |
| २०७६।७७ | १०७.५१ | देवराज चौलागाईबाट मुल्यांकन समितिको भत्ता रकम असूल | २९७५० | ० | ० |
| २०७६।७७ | ९१ | देवराज चौलागाईबाट ईन्टरनेट सुविधाको रकम असूल | २६०४३ | ० | ० |
| २०७६।७७ | ८६ | देवराज चौलागाईबाट प्रशिक्षण भत्ता रकम असूल | ३१०० | ० | ० |


https://nams.oag.gov.np

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७५।७६ | ४९ | उपप्रमुख मनीला विष्ट बाट संचार भत्ता असूल | १७००० | ० | ० | |
| | | | २०७६।७७ | ८२ | उपप्रमुख मनीला विष्ट बाट दोहोरो भ्रमण भत्ता असूल | ६३७५ | ० | ० | |
| | | | २०७६।७७ | ८६ | उपप्रमुख मनीला विष्ट बाट दर भन्दा बढी रकम असूल | १४९०० | ० | ० | |
| | | | २०७६।७७ | १०७.५१ | डील्लीराम रेग्मीबाट मुल्यांकन समिति भत्ता रकम असूल | ५९५० | ० | ० | |
| | | | २०७६।७७ | १०७.५१ | संगिता अधिकारीबाट मुल्यांकन समिति भत्ता रकम असूल | २९७५० | ० | ० | |
| | | | २०७६।७७ | १०७.५१ | टुकुराज चौधरीबाट मुल्यांकन समिति भत्ता रकम असूल | ५९५० | ० | ० | |
| | | | २०७६।७७ | १०७.५१ | हरिचन्द्र सापकोटाबाट मुल्यांकन समिति भत्ता रकम असूल | २५५० | ० | ० | |
| | | | २०७६।७७ | १०७.५१ | अशोक ढुंगानाबाट भैसीलाई ईआईए गरेको भत्ता असूल | २७०० | ० | ० | |
| | | | २०७६।७७ | १०७.९ | नवीन मोक्तानबाट अनलाईन घटना दर्ता तालिम भत्ता असूल | ४४०० | ० | ० | |
| | | | २०७६।७७ | १०७.१० | राजिब बानियाँबाट दुना टपरी प्रशिक्षणको रकम असूल | ४४०० | ० | ० | |
| | | | २०७६।७७ | १०७.५ | शान्ती अधिकारीबाट टिसर्ट वितरणको भरपाई पेश | ० | ५०८५० | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७६।७७ | १०७.६ | अपांङ्ग सरोकार समितिको बैठक भत्ता उपस्थिति नभएको ८ जानको कर बाहेक रु ६८०० हुनुपर्नेमा रु ५०८५० भएकोले रु ४३७५० को प्रमाण पेश | ० | ४३७५० | ० |
| २०७६।७७ | १०७.७ | वडा नं ८ र ७ मा रु १५००० का दरले फुटबल सामाग्री वितरण गरेकोमा रु ३०००० मात्र हुनेपर्नेमा रु ५०८५० भएकोले रु २०८५० को प्रमाण पेश | ० | २०८५० | ० |
| २०७६।७७ | ८४ | राजेन्द्र चौलागाई बाट संविधान दिवसको खर्चको बचत रकम दाखिला तथा रकम वितरण भरपाई पेश | ४५०० | ११५०० | ० |
| २०७४।७५ | ४४.६ | नवीन पौडेको सामाजिक सूरक्षा पेश्की रकम असूल | ९२००० | ० | ० |
| २०७४।७५ | ४४.४ | नवीन पौडेको सामाजिक सूरक्षा पेश्की रकम असूल | २८५० | ० | ० |
| २०७६।७७ | १०७.१७ | बालिका विमा कार्यक्रम पेश्की गोभौ १४ मिति २०७८।०६।१४ बाट फछ्यौंट भएको | ० | ० | ५००००० |
| २०७६।७७ | १०७.३८ | दफा नं ७३ र १०७.३८ सँग दोहोरो परेको प्रमाण | ० | ३५६०० | ० |
| २०७६।७७ | ९८ | अवलोकन भ्रमणको यातायात खर्च रकम बुझाएको भरपाई भौनं ५ मिति २०७६।११। ३० पेश | ० | ५५१०० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७६।७७ | ९३ | एड पोईन्ट प्रालिलाई बढी भुक्तानी रकम असूल | ५९३३ | ० | ० |
| २०७६।७७ | | सुरेश रायको पारीश्रमिकगणना गरी नपुग कर असूल | २६२५२ | १८०७८ | ० |
| २०७६।७७ | | डा दिपेन्द्र पौडेलको पारीश्रमिक कर गणना गर्दा असूल गर्ने नपर्ने प्रमाण पेश | ० | २३७७३ | ० |
| २०७६।७७ | | वडा नं ५ तटबन्ध समितिको कर रकम असूल | ६४१५ | ० | ० |
| २०७५।७६ | ४७ | पदाधिकारी बैठक भत्ता रकम सुविधा भुक्तानी गर्दा कट्टी गरी भौचर नं ११ मिति २०७९।०१।०८ मा दाखिला गरेको भौचर पेश | ४९७००० | ० | ० |
| २०७४।७५ | ४४ | गुण एस आर ज्याला जय भैरवको पेश्की गोभौ ६ मिति २०७५।०६।२५ र गोभौ २४ मिति २०७५।०९।१७ बाट फछ्र्यौट गरेको भौचर पेश | ० | | २९४००० |
| २०७४।७५ | ४४ | जय भैरव एस आर ज्वाला जेभीको पेश्की रकम गोभौ २२६ मिति २०७६।०२।३१ र गोभौ १८ मिति २०७५।०९।१७ बाट फर्छयौट गरेको भौचर पेश | ० | ० | ७४९५०० |
| २०७४।७५ | ४४ | मेरिना कन्ट्रक्सनको पेश्की रकम गोभौ ३९१ मिति २०७७।०३।३१ र गोभौ २६९ मिति २०७६।०३।०९ बाट फछ्र्यौट गरेको भौचर पेश | ० | ० | १८००००० |
| २०७४।७५ | ४४ | सेन्चुरी बैक लिमिटेडको सामाजिक सूरक्षा | ० | ० | ३२९०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पेश्की गोभौ ३२५ मिति २०७६।११।२० बाट फर्छ्यौट गरेको भौचर पेश | | | |
| २०७४।७५ | ४४ | मुक्तीनाथ विकास बैक लिमेटेडको सामाजिक सूरक्षा पेश्की गोभौ ३३५ मिति २०७६।११।३० बाट फर्छ्यौट गरेको भौचर पेश | ० | ० | ६४९८८०० |
| २०७५।७६ | ८८ | शान्ती अधिकारीको पेश्की गोभौ ९४ मिति २०७७।०७।२१ बाट फर्छ्यौट गरेको भौचर पेश | ० | ० | ४५३०० |
| २०७५।७६ | ८८ | सिटिजन बैक लिमेटेडको सामाजिक सूरक्षा पेश्की गोभौ ५५५ मिति २०७७।३।२३ बाट फर्छ्यौट गरेको भौचर पेश | ० | ० | ७२४६००० |
| २०७५।७६ | ८८ | सिटिजन बैक लिमेटेडको सामाजिक सूरक्षा पेश्की गोभौ ५२० मिति २०७७।३।१९ बाट फर्छ्यौट गरेको भौचर पेश | ० | ० | ३७०४००० |
| २०७५।७६ | ८८ | प्रेक्षा गौतमको पेश्की गोभौ ५७ मिति २०७६।०१।१४ बाट फर्छ्यौट गरेको भौचर पेश | ० | ० | ५०००० |
| २०७५।७६ | ८८ | यशोधा दुलाल पेश्की गोभौ १३ मिति २०७६।०८।१३ बाट फर्छ्यौट गरेको भौचर पेश | ० | ० | ४५००० |
| २०७६।७७ | १२ | सिटिजन बैक लिमेटेडको सामाजिक सूरक्षा पेश्की गोभौ २०८ मिति २०७७।९।२२ र २०७ मिति २०७७।०९।०१ बाट बाट फर्छ्यौट गरेको भौचर पेश | ० | ० | १२६५५८०० |
| | | | | | ३०६४२०० |
| | | | | | १२४६७२०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा | १०००६२८ | २७२१०१ | ५२४०९८०० | |